# अध्याय – एक

# परिचय

यस अध्याय एकमा दलितहरुको वारेमा सामान्य परिचय दिनुका साथै दलितहरुको समस्या के हो भन्ने वारे जानकारी गराइएको छ । हर्दिनेटा गा.बि.स.का दलित महिलाको शैक्षिक अवस्थाको वारेमा अध्ययन गर्नुको उद्धेश्य के हो ? यस क्षेत्रलाई किन छनौट गरिएको हो र यो अध्ययनको के महत्व रहन्छ भन्ने विषयलाई यस अध्यायमा बर्णन गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमी

परम्परागत रुपमा दलित भन्नाले कथाकथित माथिल्लो जातिका समुदायवाट दवाइएका, पछाडी पारिएका वा अछुत भनिने जातिलाई बुझिन्छ । तर वि.सं. १९१० मा जारी भएको मुलुकी ऐन अनुसार नेपाली समाजलाई तागाधारी, पानी चल्ने छोइछिटो हाल्नु नपर्ने, पानी नचल्ने छोइछिटो हाल्नु पर्ने सहित जातिय विभाजन गरेको पाइन्छ । प्राय : जसो शोषणमा पर्ने दलितहरुले अधिकांश समाजको गरीब र अतिविपन्न वर्गको प्रतिनिधित्व गर्दछन् । दलित समुदायका सदस्यहरु सुनियोजित रुपमा सामाजिक राजनैतिक,धार्मिक र आर्थिक अधिकार वाट वञ्चित गरिएका छन् । उनीहरु अपमान जनक मानवीय व्यवहार एवं आधारभूत मानव अधिकारहरुको उल्लङ्घनको समेत शिकार भएका छन् । सुनियोजित दुर्व्यवहारका अलावा दलितहरुलाई राज्यबाट समेत संस्थागत विभेद सँग जुध्न बाध्य पारिएको छ । नीतिगत विभेदको अहिले सम्म संबोधन नगरिएको अवस्था एकातिर छ भने अर्कोतिर सामान्यतया सामाजिक तथा व्यक्तिगत उदासिनता सद्भावको अभाव र उल्लंघन वा भेदभावबाट सृजित हुने परिणाम र दलित समुदायका सवालहरुमा देखिने बुझाइको कमिका साथै नियतवस पनि भेदभाव हुने गरेको पाइन्छ । कतिपय स्थानमा अहिले सम्म पनि दलितलाई शिक्षा प्राप्त गर्ने,धाराको पानी प्रयोग गर्ने जस्ता सार्वजनिक श्रोतहरुमा निषेध अथवा जग्गाको स्वामित्व ग्रहणमा समेत वञ्चित गरिएको छ । दलित समुदायलाई आर्थिक कठिनाइका कारणले उच्च जातिका परिवारहरु तथा जमिन्दारहरुको कम ज्यालामा काम गर्न र कतिपय अवस्थामा निःशुल्क श्रम गर्न बाध्य पार्ने गरेको पाइयो । (Budhathoki, 2066)

नेपालमा लिच्छवी काल (ई.२०० देखि ८७९) मा चार वर्ण र अठार जातको रुपमा वर्णव्यबस्था  चलेको र छुवाछुत प्रथा शुरुभएको देखिन्छ । मध्यकाल (इ.८७९ देखि १७६८) मा ती दुबै प्रथा झन झाँगीदै आए । त्यसै अबधिमा कर्णालि प्रदेशका मतवाली खसहरुमा

पनि वर्ण व्यबस्थाको चलन वढ्यो । पूर्वी तराइको कर्णाट वंशी राज्य (ई.१०९७ देखि १३२५) मा जातपात छुवाछुत पराकाष्ठामा पुग्यो । त्यहाँ जातपात निर्धारण गर्न राज्यले छुट्टै पञ्जिकाधिकारीको अड्डा समेत स्थापित गरेको थियो । त्यसमा पूर्वी तराईको साँस्कृतिक प्रभाव वढ्नाले र कर्णाट राज्यको पतन पछि त्यहाँको राज खलकका साथै पुरोहितहरु र विभीन्न जातका मानिसहरु वाग्मती उपत्यकामा आएर वस्नाले त्यो प्रथा झन - झन बढ्दैगयो । फलस्वरुप जयस्थिती मल्ल (इ. १३६० देखि ९५)को समयमा उपत्यकामा जातपात र छुवाछुत पराकाष्ठामा पुग्यो । जयस्थिती मल्लले पंडितहरुको सभावाट चार मूल वर्ण र साठी भन्दा बढी व्यवसायमा आधारित  जातहरुको व्यवस्था गर्न लगाए । पछि त्यस्तै व्यवस्था राम शाह (ई.१६०५ देखि ३६) ले गोर्खा राज्यमा पनि कायम गरे । त्यस पछि शाह काल र राणा कालमा त्यसलाई झन वढाउदै लगियो । अहिले नेपालमा चार वर्ण छत्तीस जात भन्ने चलन व्यापक छ र सिङ्गै देशमा कामी, दमाई, सार्की, गाइने, वादी, पोडे, चमार, धोवी, पासवान, तत्मा, डूम, आदि २२-२३ समूदायका गरी करीव बिसौं लाख मानिसहरु अहिले पनि अछुत प्रथाको नाममा चरम अपमान र उत्पीडनमा परेका छन् । ( प्रश्रित,२०५८)

नेपालमा सर्वप्रथम गोपालहरु र त्यसपछि महिषपाल तथा किराँतीहरुको प्रवेश  भएको र उनीहरुले लामो समयसम्म नेपालमा शासन गरेको पाइन्छ । किराँत शासन कालमा नेपालको राजनैतिक विप्लवका कारण अन्य मुलुकहरुबाट धेरै आगन्तुकहरु प्रवेश गरेको देखिन्छ । यसै क्रममा गौतम बुद्धकै जीवन कालमा कपिलवस्तुका शाक्यहरु त्यहाँबाट भागेर तिनीहरु मध्येको एक समूह काठमाडौ उपत्यकामा आइपुगेको थियो । त्यस्तै गरेर भारतमा मगधहरुको शक्तिवृद्धि पश्चात् लिच्छवी, कोलिया, मल्ल तथा अन्य समूहका मानिसहरुले नेपाल प्रवेश गर्नुका साथै नेपालको उत्तरी भू-भागमा भएका राजनीतिक विप्लवको कारणले पनि नेपालको पहाडी भू-भागहरुमा धेरै नवआगन्तुक मानिसहरुको प्रवेश भएको पाइन्छ ( वैद्य, मानन्धर ) । नेपालमा सर्व प्रथम मंगोल मूलका मानिसहरुको प्रवेश भएको मानिन्छ तर एउटा अनुमान अनुसार नेपालमा आर्यहरुको प्रवेश ईशापूर्व द्वितिय शताव्दीदेखी भएको मानिएको छ । (शर्मा, २०३९)

नेपालको हिन्दू सामाजिक संरचनामा समग्र दलित बासिन्दाहरुको सामाजिक हैसियत सबै भन्दा न्यून छ । देशको १३ प्रतिशत (यसमा एक मत छैन) जनसंख्याको प्रतिनिधित्व गर्ने यी दलितहरु हिन्दु हुन र यी हिन्दु दलितहरु हिन्दू धर्म अन्तरगतकै उच्च जातका

हिन्दूहरुवाट धर्म स्वयंले नै दिएका विश्वासहरुका आधारमा हेर्पिन्छन् । यद्यपी २०२० को नयाँ मुलुकी ऐनको उदय पश्चात जातीय प्रथालाई औपचारिक रुपमा हटाइएको भएतापनि देशका दलितहरुलाई अझै पनि अछुत को रुपमा व्यवहार गरिन्छ । देशका विभिन्न भागमा वसोबास गर्ने उच्च जातका हिन्दूहरु अझै पनि दलितहरुले दिएको पानी र खाना स्वीकार्दैनन् । दलितहरु बास्तवमा अरुले सोचे झै एकरुपीय समूह होइनन् । यी समुहको भाषा संस्कृति र धर्ममा विभिन्नता पाइन्छ । दलित आयोगले दलितहरुलाई क्षेत्रगत आधारमा २ वटा विशाल समुहमा विभाजन गरेको छ ।

१) पहाडीय दलितहरु :- कामी, सार्की, दमाई, गाइने, वादी ।

२) तराई दलितहरु :-बातर, चमार, धोवी, डुम, दुसाध, हल्खोर, खत्वे, मुसहर,पत्थरकट्टा र तत्मा (नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, २००६)

सार्की जातिले हिन्दू धर्म अपनाएपनि हिन्दू जातिका अन्य तागाधारीहरुले यिनीहरुलाई हिन्दू धर्मका अनुसार व्यवहार गर्दैनन् किनभने यिनीहरुले समाजमा तल्लो स्तरको व्यवहार गर्दछन् र मरेका गाई बाच्छा,पाडा इत्यादि खाने गर्दछन् । सामाजिक आर्थिक तथा आर्थिक असमानताको कालो धब्बाले यी जातिलाई पुरै ढाकेको पाइन्छ । तल्ला र उपल्ला जातिहरुको वीचमा असमानताका खाडलहरु सिर्जना भएका छन् । सार्बजनिक ठाउँका मठ मन्दिर,पधेरो,पौवा आदिमा तल्ला जातिको प्रबेसमा निषेध गरिएको छ । जातीय स्तरीकरणको रसीभित्र बाँधिएका तल्ला जातिहरु उपल्ला जातिबाट अति शोषिएका छन् । एकातिर उनीहरु उपल्ला जातिहरुको घरमा प्रबेश पाउदैनन् भने अर्कोतिर दिन भरि साहूको लागी हाडमासु खियाएर काम गर्दा पनि एक पेट राम्ररी खानपाएका छैनन् । (Caplan,1972)

शताव्दीऔं सम्म संस्कृत शिक्षाबाट एउटा समुदायलाई वञ्चित गरेर दोस्रो नागरिकको सृजना गरियो । शिक्षामा अधिकार नपाएको एउटा वर्ग जसलाई श्रममा चाहे जसरी प्रयोग गर्दै आइयो भने अर्को वर्ग जसले त्यो ज्ञान र शिक्षामाथी एकाधिकार बनाएका छन् । त्यहींबाट दलितहरुलाई वर्गीय रुपमा पाखा लगाउने कामको थालनी भयो । (घिमिरे, २०६४)

शिक्षा मानव समाजको आधार शिला हो । समाजको प्रगति, उत्थान तथा अभिवृद्धि आदि कुरा शिक्षाद्वारा नै सम्भव हुन्छन् । अत : शिक्षा पछिको ढाँचा समाजको उद्धेश्य अनुरुप हुनु नितान्त आवश्यक छ । प्रत्येक समाजको आफ्नै आकाँक्षा, आवश्यकता, आर्थिक-सामाजिक तथा साँस्कृतिक स्थितिहरु हुन्छन् । अतः सामाजिक प्रगतिका लागि समाज

सुहाउँदा प्रयोगहरुमा समाजलाई शिक्षित नागरिकको ठूलो आवश्यकता पर्दछ । (हाडा, २०४८)

सामन्तवादी हिन्दू सामाजिक संरचना भित्र आधारभूत पेशा, व्यवसाय, सिप तथा कला क्षेत्रमा संलग्न रहदै आएका कारण चरम जातिय विभेद र अमानवीय छुवाछुतको उत्पिडत भोग्दै आएको समुदाय नै दलित हो । भारतीय उप-महाद्विपमा आर्यहरुले चलाएको वर्ण व्यवस्था कालक्रममा 'वर्णाश्रम धर्म' (हिन्दु धर्म) बन्न पुग्यो । यसअर्थ प्रारम्भमा वर्ण व्यवस्था अंगीकार आर्य भित्र विविध जातिच्यूत गरिएका आधारभूत तहका जनता मात्रै दलित थिए । तर हिन्दु धर्मको विस्तार तथा हिन्दू आर्य राजा महाराजाको शासनमा दव्रिड र मंगोल नस्ल लगायतका जनताहरु माथि पनि वर्ण व्यवस्था र छुवाछुतको चलन लादीयो । वर्ण व्यवस्था भित्रको 'शुद्र' वर्णबाट हटाएर अजात तथा अछुत बनाइएको समुह नै दलित हो । त्यसैले अछुतलाई वर्ण व्यवस्था भित्रै समेट्न कसै कसैले ' अति शुद्र' वा 'पञ्चम वर्ण' पनि भन्ने गरेको पाइन्छ । तर त्यस्तो पञ्चम वर्णको उल्लेख शास्त्रमा भेटिदैन । (विश्वकर्मा, २०६३:९५)

## १.२ समस्याको कथन

दलित महिलालाई अगाडि बढाउनका लागि, शिक्षित बनाउनका लागि, आर्थिक रुपले सबल बनाउनका लागि, सरकार, राजनैतिक दल, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न प्रयासहरु गरिरहेका भए पनि यसबाट सोंचे जति फाइदा नहुनुले विभिन्न विकास योजनामा दलित महिलाको संलग्नता नहुनुलाई मान्न सकिन्छ ।

नेपालका दलित र उत्पीडित जातिहरुमा सार्की पनि एक जाति हो । तर दुःख लाग्दो कुरा सार्की जातिको सबै पक्षहरुलाई लिएर प्रशस्त पुस्तकहरु प्रकाशित भएको पाइदैन । यस जातिको बारेमा केही पूर्व प्रकाशित भएका, पुस्तक, पत्रपत्रिका शोधपत्र आदिको अध्ययन र विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

डोर बहादुर विष्टले कामी, सार्की जातिको उत्पत्ति र विकासबारे लेख्न कन्जुस्याई गरेका छन् । हामी बाहुन क्षेत्रीको शीर्षकमा, 'ज्यादै नै सानो जनसंख्या हुनाले पातलो गरी झण्डै उत्ती नै छरिएर बसेको जात चाहीं कामी, दमाई र सार्की नै होला । 'लेखेर पनि सार्की' जात सम्म भनेर उल्लेख पनि गरेका छैनन् ।

रातदिन कठिन शारीरिक परिश्रम गरे तापनि खान लाउन समेत नपुग्ने अवस्था भएको कारणले सार्की महिलाहरु निराश एवं विचलित भैरहेका छन् भने अर्को तर्फ देशमा मुलुकी

ऐन लागु भएको ४३ वर्ष र प्रजातन्त्र पुर्न वहालीका साथै गणतन्त्र आएको ४ वर्ष वितिसक्दा पनि सार्की महिलाले निम्न स्तरको नागरिक सरहको व्यवहार भोग्नु परेको छ । अर्थात छुवाछुतको भावनालाई स्वीकार गर्न परिरहेको छ । यति मात्र नभई सार्वजनिक स्थलहरुमा माथिल्ला जातिका व्यक्तिहरुलाई भेट्दा उनीहरुसँग छोइन्छ की भनी टाढाबाट हिड्नुपर्ने अवस्था अझै पनि पूर्ण रुपमा समाप्त हुन भने सकेको छैन ।

सार्की महिलाहरु प्रथमत : साक्षरतावाटनै वञ्चित छन् भने अर्को तीर उनीहरु घर धन्दामै सिमित हुनुपर्ने वाध्यताका कारणले सामाजिक तथा अन्य काममा सहभागी हुनफुर्सदनै पाउँदैनन् । त्यसैले सार्की महिलाहरु सार्की पूरुष भन्दापनि धेरै तल परेका छन् । राजनैतिक रुपमा पनि सार्की महिलाले राम्रो स्थान पाउन सकेका छैनन् । यसरी समाजको हरेक पक्ष जस्तो सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक र स्वास्थ्यका क्षेत्रमा सार्की महिलाहरु किन अपहेलित वा पछाडि परेका छन् ? भन्ने समस्याको अध्ययन गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरु

अध्ययन क्षेत्र गुल्मी जिल्ला, हर्दिनेटा गा.वि.स. वडा नं. १,२ र ३ मा बसोबास गर्ने सार्की महिलालाई लिइएको छ । यिनीहरुले आफ्नो जीवनको सम्पूर्ण समय कठोर शारीरिक परिश्रम गरेर विताए पनि उनीहरुको सामाजिक एवं आर्थिक विकास हुन सकिरहेको छैन । यसै कुरालाई ध्यानमा राखी सार्की महिलाहरुको सामाजिक एवं आर्थिक स्थिति सम्वन्धी अध्ययन अनुसन्धान हुन जरुरी छ । यस अध्ययनका मुख्य उद्देश्य यस प्रकार छन् ।

क) अध्ययन क्षेत्रका सार्की महिलाको शैक्षिक स्थिति पत्ता लगाउने ।

ख) आर्थिक तथा सामाजिक कारणले सार्की महिलाको शैक्षिक स्थितिमा पारेको प्रभाव बारे अध्ययन गर्ने ।

ग) सार्की जातिको महिलाको शिक्षामा आएको परिवर्तन वारे विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपाल सानो देश भए पनि बहुभाषी,बहुजाति र बहुधर्म-संस्कृतिको स्थल हो । नेपालको जातीय इतिहासमा सार्की जाति पनि एक महत्वपूर्ण जातिको रुपमा रहेको छ । समाजमा अछुत मानिने यी जातिहरु उच्च जाति कहलिएका तागाधारीहरुको आसपासमा बसोबास गर्दै आएका छन् तापनि सामाजिक,आर्थिक,शैक्षिक र स्वास्थ्यको स्थितिमा यिनीहरु उत्पीडित अवस्थामा छन् ।

सार्की जातिका महिलाको  समाजमा उच्च जाति भनिने ब्राम्ह्ण, क्षेत्रीले आफ्ना घर भित्र अछुत भनि पस्न दिदैनन् । सार्की महिलाहरुको आफ्नो स्वामित्वमा प्रशस्त कृषि गर्ने जमीन नहुँदा मौसमी श्रमिक भएर बाँच्न पर्ने बाध्यता छ जसको कारण भविष्य त्यति उज्वल होला भन्न सकिन्न । यस अध्ययनबाट सार्की जातिका महिलाहरुको आर्थिक,सामाजिक तथा शैक्षिक स्थितिको जानकारी भएको छ । यस जातिको महिलाको आर्थिक, सामाजिक तथा शैक्षिक अध्ययन एवं अनुसन्धान गर्नुको पछाडि निम्न लिखित महत्व रहेको छ ।

क) यस अध्ययनले गुल्मी जिल्ला हर्दिनेटा गा.वि.स मा बसोबास गर्ने सार्की महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक र स्वास्थ्यको अवस्थाबारे अध्ययन सामाग्रीको रुपमा रहनेछ ।

ख) स्वदेशी तथा विदेशी समाजशास्त्री एवं मानवशास्त्रीहरुलाई नेपालका एक महत्वपूर्ण जातिका रुपमा सार्की पनि छन् भन्ने कुराको बोध गराई यस जातिको महत्व दर्शाउन सकिन्छ ।

ग) यस अध्ययनले वर्तमान अवस्थामा पनि सार्की जातिका महिलाहरु कुन अवस्थामा छन् भन्ने जानकारी दिनेछ ।

दलितहरुको सामान्य परिचय, समस्याको कथन, अध्ययनका उद्धेश्यहरु र अध्ययनको महत्वलाई यस अध्यायमा समावेस गरीयो । दलित तथा दलित महिलाको बारेमा बिस्तृत रुपमा बर्णन अध्याय दुईको सन्दर्भ साहित्यको अध्ययनमा गरिने छ ।

# अध्याय - दुई

## सैद्धान्तिक ढाँचा र सन्दर्भ साहित्यको अध्ययन

यस अध्याय दुईमा अध्ययनको सैद्धान्तिक ढाँचा,साहित्यको पुनरावलोकन र अध्ययनको अबधारणागत खाका प्रस्तुत गरिएको छ ।

### २.१ अध्ययनको सैद्धान्तिक ढाँचा

नेपालमा जनसंख्याको आधा भाग ओगटेका महिलाहरुको विभिन्न अवस्थाको वारेमा अध्ययन र अनुसन्धा गर्दा वास्तवमै यिनीहरुको अवस्था निकै दयनीय भएको पाइन्छ । यसमा पनि दलित महिलाहरुको अवस्थालाई हेर्दा यिनीहरुको अवस्था हरेक पक्षमा दयनिय रहेको छ । एक त महिला भएको कारण उनीहरु आर्थिक,सामाजिक,शैक्षिक र राजनैतिक जस्ता पक्षमा सम्मिलित हुन पाएका छैनन् भने दोस्रो दलित महिला भएकै कारण यी विभिन्न पक्ष वाट बहिस्कृत भएका छन् त्यसैले दलित महिलाले दोहोरो मार खेपिरहनु परेको छ । यसै सन्दर्भमा (विश्वकर्मा २०६३) भन्नु हुन्छ : नेपालका दलित महिला तीन प्रकारबाट विभेदीत छन् । पहिलो दलित भएका कारणले, त्यसपछि दलित महिला भएका कारणले, अनि महिला भएका कारणले । जसरी आम दलितहरु छुवाछुतको व्यवहारबाट पिडित छन् । त्यसरी नै दलित महिलाहरु पनि स्वत : पिडित हुने नै भए । दलित भित्र पनि महिला भएका र नेपाली समाज पितृसत्तात्मक भएका कारणले उनीहरु पिडित छन् । जसरी मुल धारका महिला अन्य आर्थिक,सामाजिक र राजनैतिक हिसाबले पिडित छन् । त्यसैगरी दलित महिला भन्न हुने भए । यसरी नेपालका दलित महिलाले तीन तीरबाट उत्पीडन खप्नु पर्दा उनीहरुको स्थिति के होला जो कोहीले अनुमान लगाउन सक्छ । दलित पुरुष दलित भएकै कारणले पिडित हुनु परेको छ भने दलित महिला लैङ्गिक कारणले भन्न पीडित हुनु परेको छ । यी तीन प्रकारका वृहत उत्पीडनबाटै उब्जिएका धेरै समस्याहरु नेपाली दलित महिलाले भोग्नु परेको छ र त्यसलाई सामाजिक, आर्थिक र राजनीतिक समस्याहरुको सेरोफेरो मै हेर्नु पर्ने हुन्छ ।

आजभन्दा साढे तीन दशक पहिले २०२० मा बनेको मुलुकी ऐनले जातिभेद र छुवाछुतलाई कानुनतः निषेध गरेको थियो । २०४६ साल पछि बनेको संविधानले जातीय भेदभाव र छुवाछुतलाई पूर्ण निषेध गरेको छ । त्यस सम्बन्धि अपराध गर्नेहरुलाई दण्ड-जरिवानाको पनि कानूनी व्यवस्था गरेको छ । तर समाजमा अझैपनि हजारौं वर्षदेखिको जातिभेद र छुवाछुतको कुसंस्कार रहीरहेको छ । देशमा मुलुकी ऐन लागु भएको ४३ वर्ष र

प्रजातन्त्र पुर्नवहालीका साथै गणतन्त्र आएको ४ वर्ष वितीसक्दा पनि दलित महिलाहरु अझै सम्म सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक क्षेत्रमा बहिस्करणको शिकार भईरहेका छन् । यसलाई (सापकोटा ,अक्टुवर २००० पृ.७६) वाट प्रस्ट पार्न सकिन्छ :स्व.श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव सरकारवाट बि.सं. २०२० सालमा नेपालीहरुलाई नयाँ मुलुकी ऐन दिंदा जातिय भेदभाव, छुवाछुतको अन्त्य गरीबक्सेको छ । यहाँ कानुनी रुपमा छुवाछुत र उच नीचको भेदभाव गर्न पाईंदैन । नेपाल अधिराज्यको संबिधान २०४७ को भाग ३ धारा ११ मा उललेखित समानताको हकमा कुनै पनि व्यक्तिलाई जाति पातिको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्बजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराको प्रयोग गर्नुवाट वञ्चित गरिने छैन । यस्तो कार्य कानुन वमोजिम डण्डनिय हुने छ । त्यसैगरी मुलुकी ऐन अदलको महलको १० ‘क’ नं.मा कसैले कसैलाई जाति पातिको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्बजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोगबाट वञ्चित गरेमा १ बर्ष सम्म कैद वा रु. ३,०००।- सम्म जरीवाना वा दुबै सजाय हुन सक्ने छ । यस्तो संवैधानिक तथा कानुनी व्यवस्था हुँदा हुँदै पनि किन यहाँ बराबर छुवाछुत, उचनीच र ठुलो सानो, दलित उत्पीडित र जनजातिका कुरा उठीरहने गर्दछन् ।

हाम्रो समाजमा रहेको जातपात र छुवाछुतको अवस्थाका कारण उत्पीडन, दमन, शोषण र अन्यायमा परेका दलित वा दलित महिलाहरुको अवस्था माथि उठ्न सकेको छैन । जनसंख्याको ठूलो हिस्सा ओगट्ने दलित वा दलित महिलाहरु सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक पक्षबाट बञ्चित रहेका छन् । दलित भएकै कारणबाट राज्यको स्रोत र साधनहरुमा पहुँच कम रहदै आएको र राज्यको नीति निर्माण तथा निर्णायक तहमा समेत अत्यन्त न्यून सहभागिता रहेको छ । यो सन्दर्भलाई (अर्न्तराष्ट्रिय श्रमसंगठन, १९८२) ले प्रस्टयाउँदछ : जनसंख्याको आधा भाग ओगटेको अर्थात आधा आकाश ढाकेको महिला वर्गको विकासको लागि नेपाल सरकारका साथै विभिन्न गैर सरकारी संस्थाहरु लागि परिरहदा पनि यो राष्ट्रको एउटा मुख्य समस्याको रुपमा रही आएको छ । २०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्याको ५०.०४ प्रतिशत महिला रहेको भएतापनि यिनिहरु सामाजिक, आर्थिक, राजनैतिक दृष्टिकोणले पछाडि परिरहेको छन् । नेपाली महिलाहरु घर देखि बाहिर जस्तो शिक्षा, स्वास्थ्य, जागिर जस्ता क्षेत्रमा कम पहुँच र कम

सूचना र सेवाहरु प्राप्त गर्ने हुँदा सामाजिक र आर्थिक रुपमा महिला र पुरुषमा विभेद देखिएको पाइन्छ ।

दलितले नीम्न स्तरको नागरिक सरहको व्यवहार भोग्नु परेको छ अर्थात छुवाछुतको भावनालाई स्वीकार गर्न परिरहेको छ । यति मात्र नभई सार्वजनिक स्थलहरुमा माथिल्ला जातिका व्यक्तिहरुलाई भेट्दा उनीहरुसँग छोइन्छ की भनी टाढाबाट हिड्नुपर्ने अवस्था अझै पनि पूर्ण रुपमा समाप्त हुन सकेको छैन । यसलाई (विश्वकर्मा, २०६४) ले यसरी व्यक्त गर्नु भएको छ : दलित महिलाहरु सदिऔंदेखि पितृसत्तात्मक सामाजिक संरचना र जातिय छुवाछुतबाट पिडित छन् । नेपालमा सामाजिक मुल्य र मान्यता अनुसार महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा राखिएको छ । त्यसकारण दैनिक जीवनमा दलित महिलाहरुले धेरै प्रकारका विभेद र शोषणमा बाँचिरहेका छन् । उनीहरुलाई शोषीत पिडीत भई बाँच्न विवश पारिएको छ । पहीलो त उनीहरु महिला भएकै कारण,दोश्रो जातका आधारमा,तेस्रो कमजोर आर्थिक अवस्थाका कारण पछाडी परेका छन् । फलस्वरुप उनीहरु भूमी अधिकारबाट समेत बञ्चित भएर राज्यको निर्णय प्रक्रिया तथा साधन, स्रोतमा पहुँच नहुनु, लैङ्गिक विभेद, घरेलु हिंसा, बलात्कार, चेलिवेटी बेचविखन र यौन शोषणको शिकार हुन बाध्य छन् । दलित समुदायमा रहेका केही महिला र बालबालिकाहरु देह व्यापार तथा बँधुवा मजदुरका रुपमा काम गर्न बाध्य छन् ।

दलित महिलाहरु सदिऔंदेखि पितृसत्तात्मक सामाजिक संरचना र जातिय छुवाछुतबाट पिडित छन् । त्यसकारण दैनिक जीवनमा यहाँका महिलाहरु धेरै प्रकारका विभेद र शोषणमा बाँचिरहेका छन् । पहिलो त उनीहरु महिला भएकै कारण ; दोश्रो, जातका आधारमा तथा तेश्रो कमजोर आर्थिक अवस्थाका कारण यहाँका सार्की महिला पछाडि परेका छन् । यस सन्दर्भमा (विश्वकर्मा , २०६२) भन्नु हुन्छ : आज समाजमा दलित महिलाहरुको स्थिति सबै भन्दा नाजुक रहेको छ । उनीहरु शोषण र चर्को दमन सहन बाध्य बनेका छन् । एकातिर दलित भएको कारण सांस्कृतिक रुपमा विभेदमा पर्नु, अर्को तर्फ महिला हुनुका कारण विभेदमा पर्नु र झन दलित महिला भएको कारण विभेदमा पर्नुले उनीहरुले त्रीपक्षीय शोषण सहनु परेको छ ।

दलित महिलाहरु सामाजिक रुपमा बहिष्कृत हुनुको कारण यहाँका अधिकांश महिलाहरु जातीय भेदभाव र छुवाछुतबाट आक्रान्त छन् । मन्दिर, कुवा, धारा, सार्वजनिक स्थान र यहाँसम्मकी सरकारी विद्यालयहरुमा पनि उनीहरुलाई ढुक्कसित प्रवेश गर्न दिइँदैन र दिदाँ

पनि अनेक भेदभाव गरिन्छ । उनीहरुले माथिल्लो जातकहाँ आगँनमै बसेर खानुपर्दछ, आफै भाँडा माझ्नुपर्दछ र भाँडाहरु सुकेपछि मात्र भित्र लगिन्छ । यस गाउँमा रहेको रुढीवादी परम्पराहरुले गर्दा सभा-समारोह, मेला, जात्रा, नाचगान, आदि सबै जसो ठाउँमा अहिले पनि दलित र दलित महिलाहरु खुल्ला र सामुहिक रुपमा सहभागी हुन पाउँदैनन् । उनीहरुले सार्वजनिक होटलमा समेत खाना खाएपछि आफै भाँडा माझ्नुपर्छ । समग्रमा भन्दा सामाजिक क्षेत्रमा उनीहरु अहिले पनि उपेक्षित र अपहेलित छन् । यसै सन्दर्भमा (गुरुङ्ग, २०६५) भन्नु हुन्छ : स्थानीय विविधता र राज्यको सिद्धान्तले नेपालमा उल्लेखनीय रुपमा सामाजिक असमानता ल्याउने काम गरेको छ । एक प्रकारले स्थानीय विविधताको कारणले गर्दा साँस्कृतिक विभिन्नताले सम्पन्न पनि छ । यद्यपी ग्रामिण भेगका मानिसहरु अन्य ठाउँका भन्दा असुविधाबाट बढी बञ्चित छन् । अर्कातिर सामाजिक बहिष्करणको आधार राज्यद्वारा सम्बन्धित जातिय विभेद भएको छ । दुई कारक तत्वहरु, भुगोल र राज्य व्यवस्थाका कारणले अनेक प्रकारका विभेदहरु उब्जिरहेका छन् । त्यसो हुँदा, एक जना झाँक्री प्रथा मान्ने मानिस वा बुद्ध धर्माबलम्बीले बेंसी वा शहरमा बस्ने हिन्दुको तुलनामा दुई गुणा धेरै विभेद खेपिरहेको हुन्छ । यहाँ चर्चा गरिएका सामाजिक वहिष्करणका कारक राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रहरु एक आपसमा सम्बन्धित छन् । राज्यको सिद्धान्त नै यस्तो औजार हो, जसले राजनीतिमा उच्च जातिको एकाधिकारमा टेवा पुऱ्याइरहेको छ । यस्तो व्यवस्थाले तल्लो जात र आदिवासी जनजातिलाई आर्थिक क्षेत्रवाट सीमान्तीकरण गर्दछ । ती मध्ये अधिकांश गरीब हुने भएकाले शिक्षामा पनि उनीहरुको पहुँचमा कम हुन्छ र गरीवीको दुष्चक्रमा फसिरहेका हुन्छन् ।

दलित समुदायका धेरै जसो महिलाहरुले सार्वजनिक सेवामा प्रवेश पाएका छैनन् । गाउँघरमै कृषि, मजदुरी, ज्यामी काम, दाउरा काट्ने, खर काट्ने जस्ता न्युन आय हुने काम गरी आफ्नो दैनिक जीवन गुजारा गरीरहेका छन् । उनीहरुलाई सिमित दायरा भित्र राखिएको छ । खेतबारी कम भएको कारणलेगर्दा र परम्परागत कृषि प्रणालि भएको कारणले गर्दा यहाँका सार्की समुदायलाई आफ्नो खेतबारीको अन्नले खान पुग्दैन त्यसैले उनीहरु ज्याला मजदुरीमा हिड्नु पर्ने हुन्छ । यसरी पुरुष सरह समान काम गरेपनि ज्याला चाहिँ असमान रहेको छ । त्यसैले पनि यहाँका सार्की महिलाहरु आर्थिक रुपमा कमजोर छन् । लैङ्गिक असमानताको कारणले शिक्षामा राम्रो पहुँच छैन । उनीहरु लैङ्गिक असमानताले गर्दा पनि वहिष्कृत भएका छन् । यस सन्दर्भमा (Rawal ,2008) भन्नु हुन्छ : यो कुरामा शंका

मान्न सकिदैन कि दलितहरुको सांस्कृति र भाषिक अधिकारलाई राज्यले व्यवस्था गरेको छ । यद्यपी बहिष्करणलाई सतहीकरण गरिनु हुदैन अथवा यसलाई महिला र पुरुष जस्तै लैङ्गिक बनाइनु हुदैन । समावेशीकरण र बहिष्करणलाई जन्मजात आएको भनेर बुझ्नु हुदैन । यो समावेशीकरण र बहिष्करणलाई छलफल गरीनु पर्दा यस्ता मान्यता र भिन्नतालाई जाति र जनजातिमा जकडिएर राखेको छ । जसलाई समावेशीकरण र बहिष्करणमा परिभाषित गरिएको छ । नेपालमा भएका सामाजिक भेदभाव सम्वन्धि प्रर्याप्त लेखहरुले पनि यसमा ध्यान दिएको पाइदैन । समाज जाति र जनजाति सम्वन्धि धारणामा रहेर लेख रचना बनाइएका छन् । त्यसलाई थोरै मात्रामा ध्यान दिएको छ । त्यस्ता लेख रचनाले झन यस्तो खालका तर्कहरु दिएका छन की बाहुन र क्षेत्री चाही समावेशीवर्गमा पर्दछन् भनेर तर्क दिएका छन् । एउटा यस्तो वर्ग छ की जसलाई वहिष्कृत गर्न सकिएको छ भने अर्को तर्फ हेर्दा त्यसलाई अन्त्यष्करण  गर्न सकिएको छैन ।

दलित महिलाहरुको शैक्षिक स्थिति पछाडि पर्नुमा पारिवारिक कार्यको वोझ, सानो उमेरमै विवाह गरिदिनु जस्ता कारणहरु पनि रहेका छन् । जनचेतनाको कमिले गर्दा धेरै सन्तान जन्माउने र ती सन्तानहरुको पालन-पोषण गर्नु पर्ने वाध्यताका कारण पनि यहाँका सार्की महिलाहरुको शिक्षा तथा स्वास्थ्यमा प्रतिकुल असर परेको छ । यसै सन्दर्भमा (सिंजापति, २०६२) भन्नु हुन्छ : शिक्षाले मान्छे भित्र रहेको ज्ञान चक्षुलाई खोली चेतनशिल बनाउने मात्र होइन यसले मान्छे भित्र रहेको हरेक संभावनाको ढोकालाई खोलीदिन्छ । मान्छे भित्र लुकेर बसेको विचार, सिप र भावनालाई मूर्त रुप दिन ठूलो मद्दत गर्दछ । हजारौं वर्ष देखी शिक्षा जस्तो आधारभूत आवश्यकता देखि पूर्ण रुपमा चर्चित दलित समुदायको शैक्षिक स्तर नै कहाली लाग्दो छ । दलित पूरुषहरु समेत अशिक्षित भएको बेलामा दलित महिलाहरुको शैक्षिक स्थिति सुधार नहुनुमा राज्य यन्त्र नै दोषी छ । सेभ.द. चिल्ड्रेन, यु.एस.ले केही वर्ष अगाडी गरेको सर्वेक्षण अनुसार दलितहरुको साक्षरता प्रतिशत केवल १०.६ प्रतिशत थियो । एक्सन एड र टिम कन्सल्टले केही जिल्लामा गरेको सर्वेक्षण अनुसार दलितहरुको साक्षरता प्रतिशत बढेर करिब १८ प्रतिशत पुगेको देखिएको छ । त्यस्तै महिलाहरुको शैक्षिक स्थिति पछाडी पर्नुमा उनीहरुको आर्थिक स्थिति, कुपोषणको कारणले स्वास्थ्यको प्रतिकुलता, पारिवारिक कार्यको बोझ, सानो उमेरमानै विवाह आदी दलित महिलाहरुको साक्षरता प्रतिशत वृद्धि नहुनुका प्रमुख कारणहरु हुन ।

दलित महिलाहरु प्रथमत : साक्षरता वाटनै बञ्चित छन् भने अर्को तिर उनीहरु घर धन्दामै सीमित हुनुपर्ने वाध्यताका कारणले सामाजिक तथा अन्य काममा सहभागी हुनफुर्सदनै पाउँदैनन् । त्यसैले सार्की महिलाहरु सार्की पूरुष भन्दापनि धेरै तल परेका छन् । राजनैतिक रुपमा पनि सार्की महिलाले राम्रो स्थान पाउन सकेका छैनन् । यसै सन्दर्भमा ( ताम्राकार, २०६३) भन्नु हुन्छ : पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिला वर्गको स्थिति मानव अधिकारको दृष्टिकोणले अत्यन्तै चिन्ता जनक छ । उनीहरु आत्म निर्णयको अधिकारबाट त बञ्चित छन् नै अर्कातिर राज्यको शासन पद्धतिमा भौतिक प्रतिनिधित्वबाट समेत परबस्न विवश छन् । उनीहरुलाई केवल पारिवारिक घेरा र चुलोचौकोमा मात्र सिमित राखिएको छ । देशको सम्पूर्ण जनसंख्याको करिब आधा भन्दा बढी जनसंख्या ओगट्ने महिलाको सार्वजनिक अङ्गमा प्रतिनिधित्व हेर्दा नगन्य मात्र देखिन्छ । त्यसमा पनि दलित महिलाको स्थिति तर्फ हेर्दा उनीहरुको स्थिति झन शोंचनीय छ । दलित महिलाको सामाजिक, आर्थिक तथा शैक्षिक स्थिति अत्यन्त दयनिय छ । राज्यको सम्पूर्ण जनसंख्याको एक महत्वपूर्ण भाग ओगट्ने दलित महिलाको नाजुक सामाजिक, आर्थिक तथा राजनीतिक स्थितिले वर्तमान युगको माग असल शासनको मर्यादा माथि प्रत्यक्ष असर पारेको कुरामा दुई मत छैन ।

उपरोक्त तथ्यवाट प्रस्ट हुन्छकी दलित महिलाहरु समाजमा बहिस्कृत भएर तेश्रो दर्जाको नागरिक सरह बाँच्न वाध्य भएका छन् ।

## २.२ सन्दर्भ साहित्यको अध्ययन

### २.२.१ विश्व परिवेशमा महिलावादी आन्दोलन

विश्व परिवेशमा महिलावादी दृष्टिकोण सदैवरहदै आएको पाइन्छ । एक दृष्टिकोणवाट हेर्दा जहाँ महिलाहरुलाई तल्लो दर्जामा राखिन्छ, तिनीहरु सदैव र जहाँरहेपनि तल्लो दर्जाको रुपमा लिइएका छन् । तापनि उनीहरुले केहि न केहि रुपमा विरोध गरेको पाइन्छ । पश्चिमी मुलुकहरुमा औपचारिक रुपमा महिलावादको प्रादुर्भाव विरोधका रचनाहरु छापिए पछि भएको पाइन्छ । केही अपवादहरु बाहेक, महिलावादि लेखहरु सर्वप्रथम १६३० देखि छापिएका थिए र छापिनेक्रम १५० वर्ष सम्म जारि रह्यो जुन जोडदार नभएपनि लगातार गएिको विद्रोह थियो । सन् १७८० देखि झन्डै दुई सताब्धि पछि आइपुग्दा महिलावादी लेखहरु जोडदार रुपमा,सामुहिक रुपमा प्रस्तुत भइरहेका छन् । यस सम्वन्धि लेखहरु रचना गर्ने सहभागीहरु र समालोचनाको दायरा पनि फराकिलो हुँदै आइरहेको छ । अमेरीका यसमा

सदैव अग्रसर रहँदै आएको छ । त्यहाँका महिलावादी लेखहरुलाई The writing of women of color को संज्ञा दिइदैआएको छ । सन् १७८० र १७९० को वीचमा जतिवेला अमेरीका र फ्रान्स स्वतन्त्रता सङ्ग्रामहरु सम्वन्धि चर्कोविवादको साथ साथै दासत्व प्रथाको अन्त्यको निम्ती,मध्यम वर्गको अधिकारको लागि, राजनैतिक अधिकारको लागि र स्वतन्त्रताका लागि ढोकाहरु घचघच्याइएका थिए । त्यसैवेला महिलावादी आन्दोलनले पनि चरमसिमा लियो । ( Ritzer ,2000 p.217 )

संयुक्त राष्ट्रसंघको तत्वाबधानमा सर्वप्रथम महिलाहरुको एक कमिसन १९४६ मा गठन भयो । जसले UN को आर्थिक र सामाजिक परिषद संग सम्वन्धित भएर काम गऱ्यो । त्यो कमिसनको भूमिका विशेषगरी महिलाहरुले सामाजिक,आर्थिक,साँस्कृतिक र शैक्षिक अवस्था लाई सुधार्न दस्तावेजहरु वनाउने र कार्यान्वय गर्ने थियो । त्यसैगरी सन् १९५० मा UN ले विभिन्न राष्ट्रका सरकारलाई विभिन्न भेदभाव (जातिय,लैङ्गिक,भाषीक र धार्मिक) रोक्न अपिल गरेको थियो । सन् १९६०मा आएर महिला आन्दोलन उत्तरी अमेरीका र पश्चिम युरोप हुँदै शुरुभयो । जसले महिलाको प्रजनन् अधिकार,महिला हिंसा ,लैङ्गिक विभेद र यौन हिंसा जस्ता मुलभूत पक्षलाई समेटेको थियो । यसैगरि UN ले १९७० देखि १९८५ सम्म महिला सताव्धी घोषणा गऱ्यो । जुन महिला सम्वन्धि विभिन्न संघ संस्था खोलि महिला विभेदको पक्षमा वकालत गर्न कोशेढुङ्गा सावित भयो । (Ghimire,2005)

विशेषगरी १९७२ मा Mary Wollstone को पुस्तक "A vindication of the Right of women" को प्रकाशन भएपछि विभिन्न समस्याहरुको पहिचान गर्न सकियो । विशेषगरी युरोपमा आएको औद्योगिक क्रान्ति पछि समाजका हरेक पक्षहरुमा व्यापक परिवर्तन आयो । त्यसै क्रममा महिला आन्दोलनले पनि अमेरिका र युरोपमा विस्तारित हुने मौका पायो । महिलाहरु आफ्नो अधिकारको बारेमा चिन्तन गर्न लागे यसबाट महिला अधिकारको चर्चा चल्यो । महिलाको सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक जस्ता क्षेत्रमा पहुँच नपुगेका कारणले पुरुषमा आश्रीत हुन परेको कुरा उनीहरुले बुझ्े त्यही चेतनाका कारणले महिलाहरु १९ औं शताव्दीमा दासत्व विरुद्धमा आन्दोलन सञ्चालन गरे यही शिलशिलामा भएको आन्दोलनलाई Womens suffarage movement भनिन्छ । यस पछि महिलाहरुको विभिन्न हक र अधिकारका लागि विभिन्न पुस्तकहरु प्रकाशित भए । जसमा १९५३ मा Simone de Behaviour को "The Second sex" , **B**etty Friedan को "The Feminine Mystique" रहेकाछन् । यस पछि महिलाको संगठन बनाउनु पर्ने

महसुस गरेर सन् १९६६ मा National organization for women नामक संस्था **B**etty Friedan को अध्यक्षतामा Washingtion DC मा स्थापना भयो । ( चौलागाई,श्रेष्ठ,सापकोटा, २०६६)

यी विभिन्न संस्थाहरुले महिलाका आफ्ना सम्पूर्ण हक अधिकारको बारेमा आन्दोलन गर्दै आए । खास गरेर सामाजिक कार्यको प्रकृति, पारिवारिक जीवन, निर्णय अधिकार, राजनीतिक, धर्म र शिक्षा आदीमा व्यापक परिवर्तन आएको छ । तरपनि लिङ्गको आधारमा कतिपय डरलाग्दा असमानताहरु कायमै छन् । सन् १९७० को अन्त्य सम्मको महिला आन्दोलनलाई नारीवादी आन्दोलनको पहिलो र दोस्रो धार गरी वर्णन गरीएको पाइन्छ । पहिलो धारले ज्यालामा समान हुनु पर्दछ, मताधिकारमा समान हुनुपर्दछ भन्नेजस्ता सार्वजनिक सवालको चर्चा गरेको छ भने दोस्रो धारले महिला पूरुष समानताका साथै महिला स्वायत्ततामा जोड दिएको पाइन्छ । १९८० को दशक पछि तेश्रो धारको उदय भएको पाइन्छ । मूलतः यस धारले विस्तृत रुपमा नारी पूरुष दुवैको दृष्टिकोणबाट बिबिध प्रभुत्व,अधिनता,असमानता जस्ता पक्षमा कुरा उठाएको पाइन्छ । (चौलागाई,श्रेष्ठ,सापकोटा, २०६६)

विश्वको महिला आन्दोलनको प्रभाव नेपाली समाजमा पनि पऱ्यो । जसले गर्दा विभिन्न नीति र कार्यक्रमहरु NGO र INGO को स्थापना गरी कार्यान्वयनका पाइलाहरु चालिदै गए । (Ghimire, 2005)

## २.२ .२ नेपालको सन्दर्भमा महिलावादी आन्दोलन

नेपालको सन्दर्भमा महिला आन्दोलनलाई हेर्दा नालापानीको युद्ध १८१४ को Civil rights movement देखिनै महिलाहरु पूरुष सँगसँगै अगाडि वढेको पाइन्छ । यस महिला आन्दोलनलाई १९५१ को प्रजातान्त्रिक आन्दोलन (जसले १०४ बर्षलामो जहानिया राणा शाषनको अन्त्य गरेको थियो) ले पनि असर गरेको पाइन्छ । किनकी राजनीतिक परिवर्तन को परिवारबाट आएका महिलाहरुले १९५१ देखिनै छुट्टै कमिटि गठन गरेका थिए जसमा पहिले आदर्श महिला समाजको गठन भयो । यस पछि १९५८ मा नेपाल महिलासंगठन उस्तै उद्धेश्य लिएर स्थापना भयो । यसले महिला हक हितकालागि र मताधिकार प्राप्त गर्नकोलागि  दवाव दियो । यी दवाबका कारणले गर्दा नै बि.सं.१९७७ मा चन्द्र संसेरको पालामा सती प्रथाको अन्त्यभयो । (South Asian women's network , 2010 )

राणा शासनको विरोध गर्ने क्रममा भोजपुर मजुवा बेंसीकी योगमाया न्यौपानेले आध्यात्मिक धारावाट राणा शाहिको बिरोध गर्दै महिलाहरुको हितको निम्ति कल्याणकारी सामाजिक सुधार होस्,राणाशाही अत्याचारको अन्त्य होस्, पूरोहितवादको अमानवीय चलनको खारेजी गरियोस जस्ता २६८ वटा मागहरु अघि सार्दै राणाशाहीको विरोध गरिन् । योगमायाले सत्यधर्म भिक्षा को नाममा तत्कालिन सरकारलाई २६८ वटा माग सहितको विन्ति पत्र चढाए पनि बेवास्ता गरियो । उनका मागहरु समाज सुधार र सामाजिक न्यायको पक्षमा ,महिला र विधुवाको अधिकारको पक्षमा,सामाजिक विसंगति विकृतिका रुपमा रहेका प्रचलन एवं अन्धविश्वास,घूसखोरीको विरुद्धमा,वनजङ्गल र चरनको सुरक्षाका सम्वन्धमा,जातपात र छुवाछूत,सानाठूला माना पाथिको र चर्को व्याज आदिको नियन्त्रणका सम्वन्धमा केन्द्रित थिए । यी मागहरुको कार्यान्वयन पक्षको कुनै सङ्केत नपाएपछि वि.सं.१९९५ मङ्सिरको पूर्णिमाको दिन मजुवामा ठूलो यज्ञको तयारी गरियो । उक्त यज्ञमा योगमाया र उनका २६८ अनुयायीहरुले अग्नी प्रवेश गरी प्राण त्याग्ने निर्णय गरे । तर सरकारले उक्त यज्ञ रोक्ने आदेश दिए । आदेशमा भनिएको थियो भक्ति भनाउदिलाई पाटिमा राखि कैद परेको भनि सुनाइदिनु र अरुलाई धनकुटा जेलमा थुन्नु । यसरी नेपालको महिला आन्दोलनमा पहिलो जेल पर्ने महिला योगमाया न्यौपाने हुन् । (तुम्बाहाङ्फे ,२०५९)

सत्य धर्म भिक्षाको वदलामा जेलनेल भोग्नु परेपछि योगमायाले झनै अन्याय अत्याचार बढेको महसुस गरी धर्म रक्षा नहुने देख्न थालिन । जुन राज्यमा धर्म र न्याय पाइँदैन र आफूले केही गर्न सकिदैन भने पनि सरकारलाई चेताउनु पर्छ,आफू पछिका सन्ततिले धर्म र न्याय पाउँछन् भन्ने योगमायालाई लाग्यो । त्यसैले उनी र उनका अनुयायिहरुले बि.सं.१९९८ साल असार ३१ गते शनिवार विहान उज्यालो नहुँदै हरिसयनि एकादशीका दिन अरुण नदीको उर्लदो भेलमा हाम फाली देह त्याग गरेका थिए । (तुम्बाहाङ्फे ,२०५९)

नेपालको महिला आन्दोलनलाई विशेषगरी तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

क) दलविहिन पञ्चायती व्यवस्था पूर्व ( सन् १९६०) सम्म

नेपालको महिला आन्दोलनको संस्थागत विकास गर्ने प्रयास स्वरुप २००४ सालमा काठमाडौंमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको गठन भयो । यसको प्रमुख लक्ष्य सामाजिक र राजनीतिक रुपमा महिलामा चेतना ल्याउनु थियो । त्यसपछि २००४ सालमा काठमाडौंमा रेवन्तकुमारी र मंगलादेवी दुवैको संयुक्त रुपमा नेपाल महिला संघको गठन भयो । यी दुवैका संगठनले राणा शासन विरुद्ध दवाव दिने वाल विवाह र

महिलामा भएका अशिक्षाका विरुद्ध दवाब दिने कार्य गरे । यसको साथै नेपाल महिला संघले मताधिकार प्राप्त गर्न सफल भयो । यस पछि विभिन्न संगठनहरु खुले जसले महिलाको चेतनाको विकास गराउन, साना घरेलु उद्योगको स्थापना गर्ने, वहुविवाहको विरोध गर्ने र वालविवाहको बारेमा चेतना जगाउने जस्ता कार्य गरे । (चौलागाई,श्रेष्ठ,सापकोटा ,२०६६)

ख) पञ्चायती व्यवस्थाकाल अवधि ( सन् १९६० देखि १९९०)

पञ्चायती व्यवस्थाको स्थापना भएपछि यस अघिका जतिपनि क्रियाशिल राजनीतिक संगठनलाई प्रतिबन्ध लगाइयो । कतिपय संगठन भूमीगत हुन पुगे र १९५२ मा पञ्चायतको विभिन्न जन वर्गीय संगठन बनाउने क्रममा महिलाको संगठनको रुपमा नेपाल महिला संगठनको गठन भयो । यसको प्रथम अध्यक्ष विमला मास्के थिइन । यस संगठनको प्रमुख लक्ष्य महिला सुरक्षा, महिला साक्षरता, आयआर्जन एवं कानूनी सल्लाह दिनु थियो । यसै संगठनको अध्यक्षतामा UN Conference of Asia and Pacific Region को सम्मेलन नेपालमा प्रथम पटक भयो र यसको भूमिका बढी प्रभावकारी बनेर गयो । सन् १९७५ मा UN महिला दसकको रुपमा मनाउने निर्णय गरेपछि नेपालमा पनि मनाइयो । त्यसपछि महिलाकोलागी विशेष कार्यक्रमहरु सञ्चालित हुन लागे । यस समयमा रानी ऐश्वर्या लक्ष्मी देवीशाहको प्रमुख अतिथ्यवाट नेपाली महिलाको कानुनी अवस्थामा केही सुधार पनि आए । १९७७ मा नारी सेवा समितिको गठन भएपछि महिलाहरुका सबै संगठनलाई एउटै छातामुनि राख्नेप्रयास गरियो । १९८२ मा पञ्चायत तथा स्थानिय विकास मन्त्रालयको मातहतमा महिला विकास शाखाहरुको स्थापना गरियो । सन् १९८७ मा महिला विकास शाखा श्रम तथा समाज कल्याण मन्त्रालय स्थापना गरियो ।(चौलागाई,श्रेष्ठ,सापकोटा ,२०६६)

ग) पञ्चायती व्यवस्था पछिको समय वर्तमानसम्म (१९९० पछि बर्तमान सम्म)

नेपालमा सम्पन्न ऐतीहासिक जन आन्दोलनको सफलता पछि बहुदलिय व्यवस्थाको स्थापना भयो र अन्तरिम सरकारको गठन भयो । त्यसपछिको नेपालमा खुल्ला वातावरण भइसकेपछि महिलाको हक हितकोलागि विभिन्न NGO र INGO हरु खोलिएका छन् भने अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुले ठूलो मात्रामा पैसाको खोला बगाएका भएतापनि यसबाट सिमित महिलाले फाइदा लिए भने आम नेपाली महिला शोषित पिडित देखिन्छन् । महिलाको स्थितिमा पनि खासै सुधार आउन सकेको छैन । नेपाली NGO हरुले केही मात्र

महिलालाई सशक्तिकरण गर्ने कार्यक्रमहरु ल्याए पनि सम्पूर्ण महिलालाई समेट्न सकेको छैन । (चौलागाई,श्रेष्ठ,सापकोटा ,२०६६)

### २.२.३ नेपालको सन्दर्भमा दलित महिला आन्दोलन

नेपालको इतिहासमा दलित महिलाहरु संगठित भएर दलित महिलाहरुलाई सचेत र जागृत तुल्याउने प्रयास खासै भएको पाइदैन । प्रथमत : २०१२ मा मिठाइ देवी विश्वकर्माले संगठनका माध्यमबाट दलित महिला आन्दोलनको शुरुवात गर्नु भएको हो । अवश्य यसले निरन्तरता पाउन नसकेतापनि दलित महिला आन्दोलनको शुरुवात भने यसैबाट भएको हो । महिला आन्दोलन दिनानुदिन विश्वव्यापी रुपमा अगाडी बढ्दै गइरहेको अवस्थामा नेपालमा पनि दलित महिलाका सवालहरु व्यापक रुपमा उठ्न थाले, दलित महिलाका अधिकारका कुरा उठ्न थाले । तर नेपालको महिला आन्दोलनले दलित महिलाका सवाल र सहभागितालाई स्थान दिन सकेन । परिणाम स्वरुप २०५१ सालमा दलित महिला संघको स्थापना गर्नु पर्ने अवस्था श्रृजना भयो । दलित महिलाका सवाललाई अगाडी बढाउन र उनीहरुको समग्र विकासकालागी बाध्यात्मक रुपमा दलित महिला संघको स्थापना गरिएको हो । यस संघले स्थापना काल देखि नै जातीय तथा लैङ्गिक विभेदमा परेका महिलाका सवालहरुलाई स्थानिय, राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तरमा उठाउने प्रयास गर्दै आइरहेको छ । विभिन्न जिल्लामा स्थानिय स्तरका दलित महिलाहरुलाई संगठीत गरी उनीहरुलाई सामाजिक र आर्थिक रुपमा स-शक्तिकरण गर्ने उनीहरुका नागरिक अधिकारका साथै राजनैतिक चेतनाको संवर्द्धन एवं संरक्षण गर्ने जस्ता कार्यहरु हुदै आएका छन् । यसका साथै अन्तर्राष्ट्रिय महिला आन्दोलनमा दलित महिलाका सवालहरुलाई उजागर गर्न सन् १९९५मा चीनको वेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनमा महिला उत्पिडन भित्र दलित महिला विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । अर्न्तराष्ट्रिय मञ्चमा जातीय सवाललाई उठाइएको सायद यो पहिलो अवसर हो । विश्वका विभिन्न राष्ट्रका झण्डै ५० हजार महिलाहरु सहभागी भएको उक्त सम्मेलनमा दलित महिलाका विषयमा कुरा राख्न पाउनु खुशीको कुरो थियो । त्यसैगरी सन् २००० मा बेइजिङ्ग + ५ अमेरिकाको न्युयोर्कमा सम्पन्न भयो । विश्वका धेरै देशका महिलाहरु सहभागी भएको सो सम्मेलनमा आवाज विहीन महिलाको आवाज विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । यसैगरी २००१ मा जातिय विभेद विरुद्धको विश्व सम्मेलन दक्षिण अफ्रिकामा सम्पन्न भएको थियो । सो सम्मेलनमा तेहरो विभेदमा दलित महिला विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । यी बाहेक

अर्न्तराष्ट्रिय क्षेत्रमा दलित तथा दलित महिलाका सवालहरुलाई निरन्तर रुपमा उठाउने काम हुदै आएको छ । नेपालमा पनि चाहे ती दलित आन्दोलनका कुरा हुन वा महिला आन्दोलनका सवालहरु हुन दलित महिला संघले दलित महिलाका सवाललाई कसरी सिङ्गो महिला आन्दोलनमा समावेश गर्न सकिन्छ भन्ने पहल निरन्तर रुपमा गर्दै आइरहेको छ । राजनैतिक, सामाजिक, आर्थिक लगायतका सम्पुर्ण क्षेत्रमा दलित महिलाको स्थान सु निश्चित गर्नकालागी राष्ट्रिय स्तरमा स्थापित दलित महिलाहरुको एक मात्र गैरसरकारी संस्था दलित महिला संघ प्रयासरत छ । दलित महिलाहरु हरेक क्षेत्रमा संङ्गठित हुदै आफ्नो हक अधिकारका लागि जागरुक भैरहेका छन् र उनीहरुले आफ्नो एउटा छुट्टै पहिचान बनाई सकेका छन् । (सोब,२०६३)

आखिर किन हुन्छ दलित बहिष्कार र विभेद ? यसका पछाडि के कस्ता कारण र प्रक्रिया जिम्मेवार छन् ? उँचनीचमय सामाजिक संरचनार त्यसअनुरुप साधनश्रोतको वितरण तथा पहुँचमा असमानतानै यस किसिमका बहिष्कार र विभेदकालागि जिम्मेवार छन् । यसलाई यसरी  पनि हेर्न सकिन्छ - साधन श्रोत तथा शक्तिको असमान वितरण प्रणालिले नै समाज उँचनीचमय बनेको छ । धर्म,संस्कृति,भाषा,आय,व्यवसाय,विचार,शिक्षा आदिका आधारमा समेत मानिसहरु विभिन्न तह वा स्तर - समूहमा बाँडिएका हुन्छन् । तह वा स्तर - समूहमा सहभागिताले मानिसलाई एउटा खास स्तर र वर्गीय परिचय दिलाउँछ । यस स्तर - परिचयमा यदि उच्चता बोधको आभास छ भने स्वभावत : त्यहाँ आफ्नो र अरुकोबीच पर्खाल खडा हुन्छ र भित्र र बाहिर अथवा हामी र अरुको बीचमा स्पष्ट सामाजिक दूरीको सिर्जना हुन्छ । स्तर - परिचयमा उच्चताबोधको आभासले गर्दा भित्रका घरानियाँहरु आत्मकेन्द्रित हुन्छन् । आफ्नो समूहमा अन्तरनीहित गुण तथा बिशेषताहरुको उच्च मूल्याङ्कन गर्दै त्यस्ता गुण नभएका वाहिरका मानिसलाई प्रदुषित र अछुत सम्झन थाल्दछन् उनीहरु(भेनान्जी, २००४) । यस्ता अछुत व्यवहारहरु  विभिन्न समाज र समय सन्दर्भमा विभिन्न तरिकाले प्रकट हुन्छन् । (पराजुली ,२०६३)

यसै रणनीतिअनुरुप नै घरानियाहरु आफुलाई जन्मजात तीक्ष्ण बुद्धिको र अरुलाई बोधो दिमागको भन्ने कुरा देखाउने प्रयास गरिरहन्छन् । यसै प्रयासको  परिणाम स्वरुप घरानियाँ केटाकेटीहरु स्कुलमा उच्च अङ्कका साथ पास हुन्छन् भने दलितहरुको हातमा असफलता मात्र हात लागेको हुन्छ । यो देखेर हामी साँच्चै घरानियाँ केटाकेटीलाई  तीक्ष्ण बुद्धिका तथा दलितहरुलाई बोधो दिमागका भन्ठान्छौं । तर वास्तवमा घरानियाँहरुकै

साँस्कृतिक सम्पत्ति अनुसार चल्ने हुनाले उनका केटाकेटीलाई स्कुल सधै सहयोगी बनिरहेको हुन्छ तर दलितहरुसँग घरानियाँहरुसँग जस्तो सांस्कृतिक संपत्ति नहुने हुनाले दलित केटाकेटीका लागि भने स्कुल कुनै सहयोगी भूमीका खेल्दैन,बरु असहयोग नै गर्छ । परिणामस्वरुप घरानियाँ केटाकेटी स्कुलमा सजिलै उच्च अंक हासिल गर्न सक्छन भने दलितहरु सधै पछाडि परिरहेका हुन्छन् । यसरी साधन,श्रोत तथा शक्तिमाथिको आफ्नो आधिपत्यलाई निरन्तर कायम राखिरहन घरानियाँहरुले अपनाइआएको एउटा उपायको रुपमा पनि लिन सकिन्छ - दलित बहिष्कार र विभेदलाई । (पराजुली ,२०६३)

दलित वर्ग भनेको हिन्दुहरु वीचकै शिल्पि या पेशागत जातहरु हुन् । दलित शब्दलाई परंपरागत रुपमा सवभन्दा तल्लो जात जनाउने र अपमानजनक अर्थ राख्ने शब्दको रुपमा प्रयोग गरिएको छ । जातिय विभेदले गर्दा उनीहरु सामाजिक रुपमा बहिष्कृत छन् , आर्थिक रुपमा बिपन्न छन् र राजनीतिक रुपमा सीमान्तकृत छन् । (Gurung ,2003)

सन् १९९१ को जनगणना अनुसार नेपालमा महिलाको औसत साक्षरता दर पुरुषको (५४.१) दाँजोमा धेरै कम (२४.७) रहेको छ । त्यसमा पनि दलित महिलाको साक्षरता दर औसत (२४.७) भन्दा तल छ । दलित महिलाहरुमध्ये पनि पहाडि दलित महिलाको तुलनामा मधेशी दलित महिलाहरु अत्यन्त तल छन् । उनीहरु यति तल छन् कि नेपाल अधिराज्यका सबै जातजातिहरुमा  साक्षरता दर सबै भन्दाकम भएको जात मधेशको मुसहर हो । त्यसमा पनि पुरुष मुसहरको साक्षरता दर ६.७% छ भने महिलाको साक्षरता दर १.७% छ । (भट्टचन ,२०६२)

महिला बनाउने शिक्षाले दुई धारमा चिन्तन  दिन्छ । सामाजिक लिङ्ग पहिलो धार हो । नारिवाद दोस्रो धार हो । पहिलो धारले समाजलाई दोस्याउछ । पितृसत्तात्मक सोंचलाई दोस्याउँछ । दास्रो धारले अनेकन दोषी पहिल्याउँछ  । उदार नारीवादी धारमा महिला र पुरुषलाई समशक्ति नमान्ने व्यक्ति, समुह र संरचना दोषी हो । मार्क्सवादी नारीवादमा अर्थ कुम्ल्याउने व्यक्ति र राज्य दोषी हो । महिलालाई शक्ति, सत्ता र शिक्षासँग छुट्याउनेहरु दोषी हुन । उग्र नारीवादी धारमा यौन चिन्तन र त्यसैकाबलमा नारीलाई दवाउने पुरुष दोषी हो । अल्पसंख्यक नारीवाद (अफ्रिकी महिला, एसियाली महिला, ल्याटिन अमेरिकी महिला,आदीवासी महिला, दलित महिला) मा जातिय चिन्तन दोषी हो । आर्थिक स्वरुप दोषी हो । सामाजिक लैङ्गिक चिन्तन दोषी हो । समलिङ्गी नारीवादमा विसमलिङ्गी यौन प्रणेता र प्रवक्ताहरु दोषी हुन । विनिर्माणवादी नारीवादमा आधुनिकताका चित्रकहरु दोषी हुन ।

कोष्ठिकरण गर्नेहरु दोषी हुन । औषतन चिन्तकहरु दोषी हुन । युनेस्को (सन् २००५)को सोंचमा सामाजिक लिङ्ग र फराकिलो पितृसत्तामक सोंचहरु दोषी हुन । पुरुषलाई नामर्द बन्न नदिने पितृसत्तामक सोंच । महिलाहरुलाई मर्द बन्न नदिने सामाजिक सोंच । समलिङ्गी र नारीवादीका शब्दमा महिलाको मर्दत्व नबुझ्नेहरुको सोंच । उनीहरुको मर्दत्वले खोज्ने यौन चाहना नचिन्नेहरुको सोंच दोषी हो । (कोइराला, २०६३)

महिलालाई आइमाई जात वा आइमाइको जात र पुरुषलाई पुरुष जात वा लोग्ने जात गरी बुझीने गरिएको र महिलालाई पुरुषको तुलनामा अशुद्ध मानिएको छ । सामाजिक लिङ्ग निर्माणको प्रक्रियामा सामाजिक र सांस्कृतिक पक्षको प्रभाव पर्दछ । विशेषगरी महिनावारी तथा बच्चा जन्माउदाको समयमा महिलालाई अशुद्धताको धारणाबाट हेरिने गर्दछ । जसले गर्दा महिलालाई पुरुषको भन्दा निम्न स्तरको वर्गका रुपमा स्तरीकृत गरिएको छ भने अर्कातिर तल्ला जातका महिलाहरुको तुलनात्मक रुपमा कम सामाजिक इज्जत भएको र अशुद्धताको स्थिति तल्लो जात भएकोले झन बढी छ । तल्ला जातका महिलाहरु उपल्ला जातका महिलाका तुलनामा जातिय आधारमा पनि अशुद्ध मानिन्छन् । तल्ला जात प्रति गरिने अछुतको व्यवहारले पनि तल्ला जातका महिलाहरु झन पछि परेको देखिन्छन् । तल्ला जातका महिला प्रतिका विभेद, असमानता, अशुद्धता स्तरीकरणलाई सामान्य लैङ्गिक आधारमा मात्र विश्लेषण गरेर पुग्दैन । यसलाई जातिय आधारमा रहेको सम्बन्धको विश्लेषण आवश्यक छ । यसका साथै समग्रमा महिलाहरुको सम्पत्ति माथिको कम पहुँच रहेकोले लैङ्गिक भूमिकामा यसले महिलाहरुलाई कमजोर पारेको छ । (Camaron ,1998)

महिलाहरुलाई शिक्षा आबस्यक छ शिक्षाबाट सबैकुरा उपलब्ध हुन्छ भनिएपनि शैक्षिक अबस्थामा अबरोध हुनाले अर्थात बहुसंख्यक बालिकाहरुले ,जो शिक्षा हाशिल जस्तो जीवनमा अतिआवश्यक अबसरवाट वञ्चित भएका हुन्छन् ; सामाजिक,आर्थिक र राजनीतिक परिपाटीमा उपलब्ध अबसर र अधिकारको उपयोग गर्न सक्दैनन् । आर्थिक कठिनाइका कारण छोरा र छोरीकै शिक्षामा कटौति गर्नु पर्ने हुँदा उनीहरु विद्यालयको पढाई छोड्न बाध्य हुन्छन । (सुबेदी,२०५९)

समाहित शिक्षा भन्नाले सबै किसिमका बाल बालीकालाई एउटै कक्षा कोठामा राखि उनीहरुको आवश्यकताको पहिचान गरी सोही वमोजिम गुणात्मक शिक्षा दिने एउटा पद्धती हो । नेपालको सन्दर्भमा शिक्षा प्रतिको पहुँच नपाएका केटा केटीहरु को हुन र उनीहरुलाई कसरी समाहित गर्ने भन्ने वारे २०६० साल फागुनमा शिक्षा विभागमा एउटा गोष्ठिको

आयोजना गरिएको थियो । उक्त गोष्ठिले १३( द्वन्द्व पीडित , घरेलु मजदुर , सडक वाल वालीका , बाल श्रमिक ,अपाङ्ग ,भौगोलिक रुपले पिछडिएका , टुहुरा , शरीर बेचबिखन गर्ने ,रोग ग्रस्त , दलित , महिला , जनजाति , गरीब ) किसिमका बाल बालीकालाई समाहित शिक्षाको माध्यमवाट शिक्षा प्रतिको पहुँच भित्र पुर्‍याउनु पर्ने आवश्यकता पहिचान गरेको थियो । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोश्रोमा समाहित शिक्षा परिक्षणका रुपमा शुरु गरिएता पनि “सबैका लागी शिक्षा ”(२००४) कार्यक्रमको शुरु देखिनै विद्यालय स्तरमा यो कार्यक्रम लागु गरिएको छ । हाल २२ जिल्लाका २१० वटा विद्यालयमा यो कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रममा शिक्षाको अवसरबाट वञ्चित सबै वाल बालीकालाई एउटै कक्षा कोठामा राखी उनीहरुको आवश्यकता अनुसारको गुणात्मक शिक्षा दिन सक्ने कक्षा कोठा र शिक्षाको व्यवस्था गरी शिक्षा सम्बन्धमा समान अवसर प्रदान गर्ने नीति रहेको छ । (सेरिड ,२०६३)

शिक्षा एउटा दियो हो, जसले अन्धकारलाई हटाई उज्यालो बनाउँछ । एक पुरुषको शिक्षा त्यही व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो जसले सम्पूर्ण परिवारलाई नै उज्यालो बनाउँछ । त्यसकारण महिलाहरुको लागी शिक्षा नितान्त आवश्यक हुन्छ । (Acharya,1997)

पैत्रिक सम्पतिमा समान अधिकार नहनु, महिलालाई सन्तान जन्माउने औजारको रुपमा हेरिनु, छोरी जन्मदा आमा छोरी दुबैलाई हेला गरिनु र स्याहार नगरिनु, छोरा भन्दाभन्दै धेरै सन्तान जन्माउन बाध्यपारिनु, दाइजो प्रथाका कारण हेला-होचो गरिनु, बालविवाह र बहु विवाह लादिनु जस्ता घरायसि बिभेद र शोषणमा दलित महिला पिल्सिरहेका छन । वर्गीय  उत्पीडनमा  पर्नुका साथै दलित समुदायकै पुरुषबाट शोषित छन् । दलित भित्रकै उपजातिय बिभेदवाट समेत आक्रान्त छन् । (किसान , २००६ मार्च)

शैक्षिक संस्थाहरुमा दलित महिला र पुरुषहरुले बेहोर्नु परेका जातीय विभेदहरुमा सञ्चालक समीतिमा नराख्ने, शिक्षण पेशामा निरुत्साहन गर्ने, भर्ना हुन निरुत्साहन गर्ने, कक्षामा प्रवेश गर्न निरुत्साहन गर्ने, रोजगारीमा निषेध, छात्रवृत्तिमा अपर्याप्तता, छात्रवृत्तिमा अनियमितता, विद्यालयको खेलकुदमा अनियमितता, विद्यालयको सांस्कृतिक कार्यक्रममा राम्रो अवसरबाट बञ्चित गर्ने, विद्यालयमा पौष्टिक आहार खुवाउँदा बच्चाहरुलाई संगै नराख्ने, विद्यालयमा पानीको भाँडा छुन नदिने जस्ता विभेदहरु छन् । जातीय विभेदका कारणले दलित पुरुषहरुकै शैक्षिक स्तर न्यून भएको अवस्थामा दलित महिलाको शैक्षिक

स्तर झनै न्युन हुनु नेपाल जस्तो जातीय र लैंङ्गिक विभेद भएको मुलुकमा कुनै आश्चर्यको कुरा भएन । (भट्टचन, २०६०)

दलित समुदाय पछ्याडीपर्नु भनेको समाजनै अपाङ्ग हुनु हो । शरीरको कुनै पनि अंग असक्त भए पछि त्यसलाई उपचार गर्ने तिर लाग्न परे जस्तै समाजका दलित र त्यसमा पनि दलित महिलाको उपचार तीर लाग्नु पर्दछ । अवसरबाट वञ्चित समुदायलाई राज्यले विशेष जिम्मेवारीका साथ हेर्दै विकास र सु-शासनको मुल धारमा ल्याउनु पर्दछ । सो अनुसार नीति  तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ । (चौधरी ,२०६२)

दशौ पञ्चवर्षीय योजनाले दलित सम्बन्धी स्पष्ट परिभाषा नदिएता पनि दलितहरुको अधिकारलाई सुनियोजित गर्न पहल गरेको छ । नेपाल सरकारले नेपाल दलित आयोगको स्थापना १९६३ मा गरिसकेको छ । जसले कानूनी मान्यता प्राप्त गरेको छ । यो योजनावद्ध विकासले दलितहरुको सामाजिक न्यायलाई वकालत गर्दै योजनावद्ध रणनीतिहरु सरकारी र गैरसरकारी संस्थाहरुको संयुक्त प्रयासबाट समुदायमा विभेदहरु पत्ता लगाई जातीय विभेदीकरणलाई अन्त्य गर्ने प्रतिवद्धता समेत जाहेर गरेको छ । (Folmar, 2007)

नेपालका अधिकांश दलितहरु जीउनका लागि संघर्षरत छन् र सरकारी सेवा वा आधारभूत सुविधाको अभावमा अत्यन्त गरिबीमा बाँचिरहेका छन् । सुविधाको अभाव जस्ता समस्याहरु आर्थिक तथा सामाजिक असमानताका परिणाम मान्न सकिन्छ । ऐतिहासिक तथा वर्तमान अवस्थाका कारण अधिकांश दलित समूदाय जग्गा विहिन र आयश्रोत विहिन अवस्थामा रहेका छन् । शिक्षामा पहुँचको अभाव र उनीहरुको परम्परागत उत्पादन बजार निरन्तर खस्कनुले पनि दलित समुदायका अधिकांश व्यक्तिहरु आर्थिक कठिनाइको सामना गरिरहेका छन् । कानूनत : नेपालमा जातिय विभेदका सबै स्वरुपहरु निर्मूल भइसकेको भनिएतापनि दलित समुदायका व्यक्तिहरु माथिल्लो जातका समुदायले थोपरेका मन्दिर प्रवेश वा सार्वजनिक सेवाहरुको प्रयोगमा लगाइएका प्रतिबन्धहरु पालना नगरेको बाहनामा भौतिक रुपमा निसाना बनाइदै आएका छन् । (Budhathoki, 2066)

भेदभाव तथा छुवाछुतका अभ्यासहरु नेपालमा गैह्र कानूनी छन् । तर मुलुकका धेरै भागमा हिन्दू जाति व्यवस्था भित्र सबै भन्दा तल्लो तहमा रहेका कथित दलितहरुलाई समाजका अन्य समूहहरुले जस्तो अधिकार तथा स्वतन्त्रताको उपभोग गर्न नसक्ने ‘अछुत’को रुपमा संझने तथा व्यवहार गर्ने गरिएको छ । यस्ता अभ्यासहरु गैह्र कानूनी भएपनि सांस्कृतिक तगाराहरु संरचनागत गरीबी र प्रहरी अन्य राज्य अधिकारीहरुले गरेको

अपर्याप्त कारवाहीले पिडीतलाई न्याय प्राप्त गर्नवाट वञ्चित गरेका छन् । यस बाहेक भेदभावको मुद्दालाई उपयुक्त तरिकाले संबोधन गर्न तथा जातियताको आधारमा भेदभाव गर्नेहरुलाई सजाय दिने उपयुक्त कानुनी संरचनाको अभाव पनि यस संबन्धमा प्रगती हासिल गर्न थप अबरोध बनेको छ । (खुलेर बोलौ.....विभेदलाई रोकौं, २०६७)

जातीयता स्वभावैले वंशगत हुन्छ । यो जन्मको आधारमा निर्धारण गरिएको अपरिवर्तनीय स्वभाव र सोंचमा  अडेको हुन्छ । जात तथा जातीयताले कठोर सामाजिक प्रचलन र प्रणालीलाई अंकित गर्दछ । सिंगो समाजलाई विभिन्न समुदायमा विभाजन गरी विवाह, वंश र पेशाको निर्धारण गर्दछ । जातीय प्रणालीलाई बसोवास खानपान कामकाजमा सिमाङ्कन तथा सुनिश्चितता वहिष्कार र तिरस्कार बढाउदै लैजान्छ । द्वन्द्व स्थितिको सृजना हुन्छ । जातीय विभाजनबाट कथित तल्लो जातमा पारिएका मानिसहरु शारीरिक रुपमा एउटै हुन्छन् । यहाँ कालो र गोरोको मात्र समस्या होइन । बरु चरम आर्थिक शोषण र गरिबीको कारण सामाजिक चेतना उठ्न सकेको हुदैन । यसैले सामाजिक स्तर वृद्धि गर्ने सवालमा पूर्ण रुपमा वाधा पुऱ्याएको हुन्छ । जातीय विभेद वा जातिवाद वंशगत रुपमा जन्मको आधारमा गरिने हुनाले यो विदेशी मुलका नागरिक प्रति पनि त्यत्तिकै केन्द्रित-लक्षित हुन्छ । (लाम्गादे, २०६१)

आइमाई र खासगरी केटीहरुका लागि स्कूली शिक्षा र अन्य प्रशिक्षण कार्यक्रम ; उनीहरुलाई फुर्सत भएको वेलामा पढाउने प्रयास गरिएमा मात्र सानै उमेर देखि खेतमा र घरमा काम गर्नु पर्ने र ज्यालादारी गरी खानु पर्ने गरीव केटी तथा महिलाहरुले पढ्न अथवा नयाँ कुरा सिक्न सक्नेछन् । (आचार्य ,२०४१ पृ.५२)

मानिसको उत्पत्तिबाट नै जात जाति बीच भेदभावको भावना भएको पाइदैन । त्यस बेलाको समाजमा मानिसहरुले आफ्नो गुण र योग्यताका आधारमा विभिन्न पेशागत कार्यहरु गर्दै आएका भएतापनि नत वर्ण व्यवस्था थियो नत कुनै जातिका कारणले मानिस मानिसका वीचमा उचनिचको व्यवस्था नै थियो । हिन्दु धर्म ग्रन्थका अनुसार  एउटै 'विश्वरुप' का अवनयबाट चारै वर्णहरुको उत्पत्ति भएको हो । पुरुषको मुखबाट सर्वपप्रथम ब्राह्मणको उत्पत्ति भयो । पाखुराबाट क्षेत्री निस्के, जाँघ बाट वैश्य र खुट्टाहरुबाट शुद्र जन्मे । (खत्री, २०४४)

यो समुदायलाई समाजमा सार्की चर्मकार मिझार भनेर चिनिन्छ । नेपालको पूर्वी भागमा केही कम संख्यामा पाइने यो समुदाय काठमाण्डौं उपत्यका र सुदूर पश्चिमाञ्चलको क्षेत्रमा निकै पाइन्छ । (प्रश्रित, २०५३)

एघारौं शताब्दी पछि मुसलवानहरुको आक्रमणबाट बच्नकालागी भारतका हिन्दुहरु नेपालको पहाडि भागमा प्रवेश गरे पश्चात खेति, व्यापार र उद्योगका निम्ति काठमाडौ उपत्यका भएको र त्यसै अनुरुप श्रम विभाजन पनि यहा नै सबै भन्दा बढी विकसित भएकोले सबभन्दा पहिले लिच्छविकालको आखिरमा वर्ण विभाजनको व्यवस्था नेपालमा पस्यो भने राज्य स्तरमा वर्ण व्यवस्थालाई व्यवस्थित गर्ने काम नेपालको मध्यकालमा जयस्थिति मल्लको पालामा काठमाडौं उपत्यकामा नै भएको देखिन्छ । भारतमा मुसलमान सँगको युद्धमा मार खाएर ज्यान जोगाउनको निम्ति नेपालको पश्चिमी पहाडी भागबाट हिन्दूहरु नेपाल भित्रिएको कारण जातिय भेदभाव नेपालको पूर्वी भागमा भन्दा पश्चिमी भागमा चरम सिमामा भेटिन्छ । नेपालका दलित जातिहरु मध्ये पहाडी मुलका दमाई, कामी, सार्की, गाइने र वादी तथा मधिसे मुलका मुसहर, चमार, खुत्वे, दुसाद, धोवी, कानु आदिलाई मानिन्छ । साथै काठमाण्डैं उपत्यकाको पोडे, च्यामे, कुसले, कसाई, हारहुरे आदि पनि दलित मुलका मानिस हुन । ( विश्वकर्मा, २०५७ )

राजा जयस्थिति मल्लले जातै पिच्छे अनेकौ नियम चलाए । जस्तै : पहिरनको विषयमा कसाई जातले वाहाँकाटेको लुगा लगाउन, पोडे जातले टोपी, लवेदा, जुत्ता सुनको गहना नलगाउन, कसाई, पोडे, चर्मकारले झिंगटीको छाना नबनाउनु, यस्ता घरमा नबस्नु, फेरी आफू भन्दा ठूला जातकालाई साना जातले आदर गर्नु भन्ने नियम चलाए ।(बुढाथोकी , २०३९)

सार्की जातिले सरकारी काम गरेतापनि उनीहरुलाई फरक पारिश्रमिक दिइन्छ र यिनीहरुको आर्थिक अवस्था पनि कमजोर हुनाले गर्दा सार्की अन्य जातिहरुमा आर्थिक रुपले आश्रित हुन्छन् । (Gaige, 1975)

सार्कीहरुको परम्परागत पेशा भनेको छालाको जुत्ता सिलाउनु हो तर उनीहरुले सिलाएका जुत्ताको बान्की नपरेको हुनाले गर्दा समाजमा युवा वर्गहरुको उक्त जुत्ता प्रति माग घटेको छ भने उद्योगबाट उत्पादित जुत्ताको माग बढेको पाइन्छ । (Blaikie ,Cameron , 1980)

उच्च हिन्दू जातिहरु ब्राम्हण, क्षेत्री, जैसी, ठकुरीका अतिरिक्त मगर, गुरुङ्ग अति अछुत वर्ग दमाई, कामी, सार्की बस्ने गाउँमा निम्न जातिहरु जटिल सामाजिक नियमका साङ्लाहरुले बाँधिन बाध्य भएका छन् भने उच्च जातिहरु धेरै स्वतन्त्र छन् । रातो रगत र तातो सास एउटै भए पनि सामाजिक नियमले गर्दा उच्च र निम्न जाति दुई फरक दिशामा रहेको पाइन्छ । शुरुमा एउटै शरीरबाट उत्पन्न भएका मानवहरु बीचमा जातीय छुवाछुतको प्रथाले विदाई पाउन सकेको छैन । तरपनि शारीरिक रुपमा अर्कालाई नछोई विभिन्न कार्यहरुको विनिमय भने हुने गर्दछ । (Caplan, 1972)

उत्प्रेरणाको अभावले गर्दा मानिसको व्यक्तिगत उत्तरदायित्वको आत्मानुभूति नगर्न सक्दछ । भाग्यवादी संस्कारको बलियो रेखाभित्र सीमित हुनाले मानिसहरुले आफू कुनै सीमामा नबाँधिइकन एक अर्कामा नजिक भएको अनुभव गर्दछन् । नेपालीहरुको हरेक क्रियाकलापमा भाग्यवाद केन्द्रविन्दु रहेकोले निर्णय स्वतन्त्र हुदैनन् । निर्णयको कुनै छनौट कुनै घटना पनि खुला हुदैनन् । मानिस जन्मेपछि गर्ने कार्य, हुने कार्यलाई भाग्यको खेलको रुपमा लिइन्छ । जातीय स्तरीकरण भएको हिन्दु समाजमा उच्च जातिमा जन्मे उच्च सम्मान र निम्न जातिमा जन्मे निम्न सम्मान पाइने कुरा सामान्य व्यवहारमा नै रहेको छ । यसरी सामाजिक सम्बन्ध स्थापित गर्न पनि जन्मदाखेरीको भाग्यलाई नियालिन्छ । आर्थिक विकासका विभिन्न पक्षमा पनि यस संस्कारले प्रभाव पार्दछ । कार्य विना नै सुख पाउनु पर्दछ भन्ने विश्वास हिन्दू धर्माबलम्बिहरुले लिएको पाइन्छ । हाम्रो समाजमा तल्ला जातका मानिस बढी परिश्रमी रहेको पाइन्छ । ब्राम्हणहरुले भन्दा तिव्र गतिमा तल्लो वर्गका मानिसहरुले आर्थिक विकास गरेका उदाहरणहरु पनि छन् । विश्व बजारमा पनि तल्ला वर्गले आफ्नो सो उपलब्ध गराएको पाइन्छ । (Bista, 1991)

हिन्दु धर्ममा जातिय वर्गीकरणका आधारमा विभिन्न कामहरु विभाजन गरिएको छ । मनुस्मृतीमा उच्च जातिले आर्थिक उत्पादन हुने कडा काम गर्न हुदैन भन्ने कुरालाई जोड दिएको छ । भागवत गीतामा मानिसले प्रतिफलको आशा नगरी काम गर्नु पर्दछ भन्ने कुरालाई उल्लेख गरिनुले मानिसले कामलाई जोड दिएनन् फलस्वरुप प्रगति हुन सकेन । समाज परम्परागत रुपमा अगाडि बढ्यो । (Bista, 1989)

सामाजिक, आर्थिक संरचनालाई वा हैसियतलाई जातीय प्रणालीले पनि प्रभाव पार्दछ । जातीय उचता र नीचता एवं शुद्धता र अशुद्धताका आधारमा सामाजिक तथा आर्थिक क्रियाकलाप गरिन्छ । फलस्वरुप सबै जातिको आर्थिक, सामाजिक एवं धार्मिक पक्षका

बीचमा रहेको अन्तरसम्बन्धलाई उपयुक्त ढंगले व्याख्या गर्नु पर्दछ । (Blaikie , Cameron and Seddon,1970 )


श्रमविभाजन तथा सम्पत्तिको वितरण उत्पादन प्रणालीमा सकारात्मक देखिएतापनि यसले मानिसको हैसियतलाई जोड दिने हुँदा असमान वितरण र शोषण हुने संभावना पनि थुप्रै भेट्न सकिन्छ । समाजमा फरक स्वार्थ रहेका नयाँ तथा पुराना विचारले समाजलाई परिवर्तन तर्फ उन्मुख बनाउँछ । तर समाजका उपल्ला वर्ग र राज्य विभिन्न सञ्जालहरु फ्याकेर निम्न वर्गलाई आफ्नो कावुमा राख्दै विभिन्न स्वार्थहरुमा आलिन हुन लिप्त रहन्छन् । तल्लो वर्ग पनि चेतनशिल बन्दै जाँदा संघर्षको मैदानमा उत्रन्छ । (Mikesell, 1988)

नेपालमा ऐतिहासिक तथा प्राचीन समय देखि नै वर्ण व्यवस्था थियो । लिच्छवीकालमा ब्राम्ह्ण, क्षेत्री, वैश्य, शुद्र रहेका थिए । समाजका विभिन्न कार्यहरु वर्ण व्यवस्थाका आधारमा गरिन्थ्यो । मल्लकालमा पनि वर्ण व्यवस्था अस्तित्वमा थियो । मल्लकालिन राजा जयस्थिति मल्लले त यसलाई अझ बलियो बनाउन महत्वपूर्ण भूमिका खेले । वर्ण तथा जातीय व्यवस्थालाई वर्गीकरण गरी विभिन्न नियम प्रचलनमा ल्याए । शाहकालिन राजाको ‘चार वर्ण छत्तिस जातको फूलबारी’ भन्ने उद्घारले त नेपाली समाजलाई अझ बढी एकताको मार्गमा लम्कायो । सबै नेपालीलाई बलियो बनायो । बास्तवमा वर्ण व्यवस्था विभिन्न मानिसहरुले अवलम्बन गर्दै आएको पेशा तथा वंशको आधारमा निर्माण भएको पाइन्छ । नेपालमा जे जस्ता कानून ऐन विगतमा बने ती सबैले वर्ण व्यवस्थालाई निरन्तरता दिए, संरक्षण गरे । मुलुकी ऐनमा पनि जातीय व्यवस्था स्तरीकृत रुपमा देखिएको छ । मुलुकी ऐनले जातीय शुद्धतालाई अगाडी सारेको छ । जातीय संरचनामा अशुद्धता आएमा विभिन्न सामाजिक संस्कारगत कार्य गर्नु पर्दछ । बौद्ध मार्गी, शिव मार्गी एवं हिन्दु मार्गीको बाहुल्यता रहेको नेपालमा विभिन्न सामाजिक सम्वन्ध तथा व्यवहार पनि जातिगत समूह भित्र बढी चल्दछन् । (Sharma, 1977)

उपरोक्त विद्वानहरुका सार्की जातिका विषयमा पूर्व प्रकाशित पुस्तकहरुबाट सार्की जातिको वियषमा थोरै मात्र जानकारी पाइएतापनि यसबाट मात्र यस जातिको सामाजिक आर्थिक, शैक्षिक पक्षमा विस्तृत ढंगले बुझ्न प्रर्याप्त हुदैन । आजको यो वैज्ञानिक युगमा कल्पना गर्नै नसकिने हाँस्यास्पद र लज्जास्पद जातपात र छुवाछुतको भेदभावले प्रश्रय पाइरहेको छ । यो २१ औं शताब्दीमा  पनि हाम्रो समाज रुढीवादीका पक्षपातीहरुको प्रत्यक्ष गोडमेल र स्याहार  सुसारमा जातीय प्रथा झाँगिइरहेको छ

# अध्ययनको अवधारणागत खाका

यस अध्ययनमा अध्ययन क्षेत्रका दलित महिलाहरुको सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक तथा स्वास्थ्य सम्बन्धि खाका तल प्रस्तुत गरिएको छ ।




हर्दिनेटा गा.वि.स.का दलित सार्की महिलाहरुको आर्थिक, सामाजिक र शैक्षिक पक्षहरुमा त्यस समाज भित्ररहेका प्रचलित रुढीवादी  भावना वा प्रचलनले गर्दा उनीहरुको आर्थिक, सामाजिक एवं शैक्षिक पक्षमा असर पारेको छ ।  जसको परिणाम स्वरुप त्यहाँका महिलाहरुको सामुदायिक क्रियाकलापमा कम सहभागिता, निर्णय प्रक्रियाको सहभागितामा शून्यता, आर्थिक अभाव, रोजगारीमा कम पहुँच, राजनैतिक सहभागिताको कमी, साँस्कृतिक सहभागितामा बन्देज भएको पाइन्छ । जसले गर्दा ती महिलाहरुको अवस्था अन्य महिलाको भन्दा निम्न देखिन्छ ।

यस अध्याय दुईमा विभिन्न विद्वानहरुको साहित्यको पुनरावलोकन ,अध्ययनको सैद्धान्तिक ढाँचा र अध्ययनको अबधारणागत खाका प्रस्तुत गरियो । अब अध्याय तीनमा शोधपत्र तयार गर्नकोलागि कुन–कुन विधि अपनाउने भन्नेवारे व्याख्या गरिने छ ।

# अध्याय - तीन

यस अध्यायमा शोधपत्र तयार गर्नकोलागि कुन–कुन विधि अपनाउने भन्नेवारे ब्याख्या गरिएको छ । अध्ययनको क्षेत्र छनौटको वारेमा प्रस्ट पारिनुकासाथै अनुसन्धान ढाँचा, अध्ययनको सिमाजस्ता विषयलाई समाबेस गरिएको छ ।

## अनुसन्धान पद्धति

यस अध्यायमा हर्दिनेटा गा.वि.स.का सार्की जातिका महिलाहरुको शैक्षिक अवस्था अध्ययन तथा अनुसन्धान गर्नकालागि प्रयोग गरिने अनुसन्धानका विधिहरुका बारेमा वर्णन गरिएको छ । यस अध्ययनका लागि निम्न अनुसन्धानका विधिहरुका माध्यमबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

दलित महिलाको शैक्षिक अवस्था अध्ययन गर्नकालागि अन्वेषणात्मक र वर्णनात्मक पद्धतिहरु अपनाइएको छ । कुनै पनि स्थान विशेषको निश्चित पक्षको अध्ययनका लागि निश्चित पद्धति अपनाउनु पर्ने भएकाले निम्न पद्धति लिइएको छ । सो सम्बन्धित क्षेत्रका सार्की महिलाहरुको बारेमा यो भन्दा अगाडी अध्ययन नगरिएकाले यो अध्ययन समग्रमा आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य, पेशा, परिवार, विवाह, भू-भाग लगायतका अन्य विविध पक्षहरुलाई समेट्न पर्ने भएकाले अनुसन्धानका विभिन्न पद्धतिलाई अंगिकार गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट

यस अध्ययनको क्षेत्र अर्न्तगत लुम्बिनी अञ्चल, गुल्मी जिल्ला, हर्दिनेटा गा.वि.स.को वडा नं. १,२ र ३ लाई लिइएको छ । यी वडाहरुमा ब्राम्ह्ण, क्षेत्री, नेवार, दमाई, मगर, कामी र सार्की जाति बसोबास गर्दछन् । यस अध्ययनमा सार्की जातिका महिलाहरुलाई मात्र समावेश गरिएको छ । यी वडामा रहेका सार्की महिलाहरुको शिक्षाको अवस्था के कस्तो छ त्यो कुरा जान्ने उत्सुकता हुनाका साथै ती जातिका महिलाहरुको दैनिक जीवन के कसरी गुज्रीरहेको छ भन्ने वारे अध्ययन गर्नकोलागि यो क्षेत्रको छनौट गरिएको हो । शोधकर्ता पनि यसै गा.वि.स. वडा नं. २ को बासिन्दा भएको र आफ्नै ठाउँको सार्की महिलाहरुको अध्ययन गरी सो अध्ययनबाट वास्तविकता पत्ता लगाउन उत्सुक भएकोले यो सर्वेक्षण गरिएको हो । यस गा.वि.स.लाई नै अध्ययन क्षेत्र छनौट गर्नुका कारण निम्नानुसार छन् ।

क) यस गा.वि.स.मा बसोबास गरिरहेका सार्की महिलाको बारेमा अहिले सम्म कुनै अध्ययन अनुसन्धान नहुनु ।

ख) यस गा.वि.स.मा पर्ने दलित जातिहरु दमाई, कामी, सार्कीहरु मध्ये सर्वाधिक संख्या सार्कीहरु कै हुनु ।

ग)यस गा.वि.स.का सार्की महिलाहरुको शिक्षाको अवस्थासँग शोधकर्ता विशेष परिचित हुनु ।

## ३.३ गणना विधि

अध्ययनका लागी हर्दिनेटा गा.वि.स अन्तरगत बसोबास गर्दै आएका सार्की जातिका महिलालाई लिइएको छ । यस गा.वि.स.को वडा नं. १, २ र ३ लाई अध्ययन क्षेत्र बनाइएको छ । यी वडामा सार्की जातिको घर धुरी जम्मा ५० रहेको छ । तसर्थ अध्ययन क्षेत्रको घरधुरी सिमित देखिएकोले सम्पूर्ण सार्की महिलाको घरधुरी तथा जनसंख्यालाई छनौटको रुपमा लिइएको छ । जसले गर्दा अध्ययन गर्दा अन्तरवार्ता लिने क्रममा भेदभाव तथा पक्षपात भएको छैन । सार्की जातिको महिलाको सम्पूर्ण जनसंख्यालाई छनौट गरिएको हुनाले यो बढी विश्वसनीय हुने आशा गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र श्रोत

यस अध्ययनमा तथ्याङ्कको प्रकृति गुणात्मक र मात्रात्मक रहेको छ भने तथ्याङ्कहरु प्राथमिक तथा द्वितिय स्रोतबाट संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनका निम्ति मुख्य गरेर प्रश्नावली, अन्तरवार्ता, व्यक्तिगत अध्ययन र अवलोकन पद्धति अपनाइएको छ । द्वितिय तथ्याङ्क संकलन गर्न अन्य पूर्व प्रकाशित पुस्तक पत्रपत्रिका आदिको सहायता लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान गर्दा तथ्याङ्कको बढी आवश्यकता पर्दछ । तथ्याङ्क बिना अध्ययन कर्ताले सफलता हात पार्न सक्दैन । तसर्थ अध्ययनको उत्कृष्ट परिणामको लागि त्यस अध्ययनमा अपनाइएको तथ्याङ्क संकलन विधिमा निर्भर गर्दछ । साथै आवश्यकता अनुसार ठिक तथ्याङ्कहरु संकलन गर्नका लागी सही तथ्याङ्क विधिको छनौट अति आवश्यक पर्दछ । तसर्थ यस विषयको अध्ययनका लागि आवश्यकता अनुसार सम्वन्धीत क्षेत्रमा बसोबास गरी त्यहाँका वासिन्दाहरुसँग आत्मियता तथा विश्वासपूर्ण वातावरणमा सम्बन्ध कायम राखि अध्ययनलाई अगाडी बढाउने प्रयास गरिएको छ । यस अध्ययनमा प्रश्नावली, अन्तरवार्ता, व्यक्तिगत अध्ययन, अवलोकन जस्ता विधि प्रयोगमा ल्याइएको छ ।

### ३.५.१ प्रश्नावली

यस प्रकारको तथ्याङ्क संकलन विधिबाट तथ्याङ्क संकलन गर्ने काम गरिएको छ । यस विधिको प्रयोग मुख्य गरेर जनसंख्याको विवरण, शिक्षा, सामाजिक तथा आर्थिक तथ्यहरु जान्न बुझ्नका लागि प्रयोग गरिएको छ । दलित महिलाको शैक्षिक अवस्था बुझ्ने उद्देश्य लिई खुल्ला र बस्तुगत प्रश्न गरि ४९ वटा प्रश्नको एउटा प्रश्नावली तयार गरिएको थियो र त्यसैको आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ अन्तरवार्ता

यस अध्ययन विधिमा अन्तरवार्ताको महत्वलाई दृष्टिगत गरि यस जातिका महिलाको सामाजिक,आर्थिक र शैक्षिक अवस्थासँग सम्वन्धित तथ्याङ्कहरु संकलन गर्न यो पद्धति अपनाइएको छ । शिक्षा क्षेत्रमा सार्की जातिका महिलाको स्थिति २० बर्ष पहिले र अहिलेमा कस्तो परिवर्तन आएको छ भन्ने कुरा बुझ्न आमासँग अन्तरवार्ता लिइएको छ । जसमा २ जना आमा र २ जना छोरी छानिएको छ । जसमा २ जना आमाहरु कम पढेका वा निरक्षर लाई लिइएको छ । यसरि छान्दा संपूर्ण आमाहरु मध्ये प्रश्नावलिको जवाफ लिंदा अलिवढि उत्सुक भएकाहरुको नाम संकलन गरी त्यसमध्येवाट गोला प्रथा गराई दुई जना आमालाई छानिएको छ । छोरीलाई छान्दा कक्षा १० मा पढ्ने सार्की छात्रा हरुको नाम टिपि गोलाप्रथा गराई १ जना र कक्षा ११ मा पढ्ने सार्की छात्रा को नाम टिपी गोला प्रथा गराई १ जना गरी जम्मा २ जनालाई छानिएको छ । आमालाई तपाईले नपढ्नुको कारण के हो ? नपढेर पछुतो लागेको छ की छैन ? पढेको भए के हुन्थे जस्तो लाग्छ ? तपाइले नपढे पनि छोरीलाई पढाउनु पर्छ जस्तो लाग्छ की लाग्दैन ? तपाइको विचारमा पहिले र अहिलेमा छोरीलाई पढाउनु पर्छ भन्ने धारणामा परिवर्तन आए जस्तो लाग्छ कि लाग्दैन ? भन्ने जस्ता प्रश्न गरी अर्न्तवार्ता लिइएको छ  भने छोरीलाई अर्न्तवार्ता लिदा दलित भएर स्कूलमा शिक्षक शिक्षिकाले गर्ने व्यवहार कस्तो छ ? छोरी भएकाले घरमा पढ्नमा कुनै कठिनाई भएको छ  कि छैन ? घरकाले तपाइलाई पढ्न पर्छ भनेर हौसला बढाउनु हुन्छ कि हुदैन ? तपाईले पढेर भविष्यमा के हुने इच्छा छ ? दलित महिलाको शिक्षामा पहिले र अहिलेको तुलना गर्दा कस्तो परिवर्तन आए जस्तो लाग्छ ? भन्ने जस्ता प्रश्न गरी अन्तरवार्ता लिइएको छ । यसको साथ साथै यो अनुसन्धानलाई अझ बढी विश्वसनिय बनाउनको लागि त्यस गाउँको श्री मैन डाँडा उच्च मा.वि.का शिक्षक कृष्ण प्रसाद शर्मा (नाम परिवर्तन गरिएको) सँग अर्न्तवार्ता लिइएको छ । यो अन्तरवार्ता स्कूल सञ्चालन भइरहेको समयमा स्कूलमा गई लिइएको हुँदा स्कूल पुग्दाको समयमा खालिपिरियड पर्नुको साथै यस अध्ययन

लाई अलि वढि उत्सुकताका साथ हेरेको हुनाले शिक्षक कृष्ण प्रसाद शर्मा सँग अन्तरवार्ता लिइएको हो । यसमा विशेषगरी अध्ययन क्षेत्रका सार्की महिलाहरु के कति साक्षर छन् । आय मुलक रोजगारीमा महिलाको कत्तिको संलग्नता छ । विद्यालयमा सार्की जातिका छात्र र छात्राहरु वीच कसको वढी संलग्नता छ भन्ने जस्ता विषयलाई केन्द्रित गरी अन्तरवार्ता लिइएको छ ।

### ३.५.३. व्यक्तिगत अध्ययन

व्यक्तिगत अध्ययन विधि पनि एउटा महत्वपूर्ण अध्ययन तथा अनुसन्धानको माध्यम हो । जसले व्यक्तिको जीवनशैलीको ज्ञान हुनुका साथ साथै अन्यको सामाजिक तथा आर्थिक स्थिति जान्नकालागी सहयोग गर्दछ । यस विधिमा हर्दिनेटा गा.वि.स. वडा नं. १,२ र ३ मा अवस्थित सार्की महिलाहरु मध्ये ३ जना सार्की महिलाहरुको बारेमा विस्तृत अध्ययन गरिएको छ । यी ३ महिला मध्ये २ जना महिला निरक्षर र १ जना ३ कक्षा उत्तीर्ण गरेको महिलालाई लिइएको छ ।

### ३.५.४. अवलोकन

अध्ययनकर्ताले आफूलाई चाहिने आवश्यक तथ्याङ्कहरु व्यक्ति स्वयं नै अध्ययन क्षेत्रमा गई आफ्नै कानले सुनेर, देखेर, महसुस गरेर तथ्याङ्क संकलन गर्ने विधिलाई सहभागी अवलोकन भनिन्छ । यसै सहभागी अवलोकन विधिबाट हर्दिनेटा गा.वि.स.मा बसोबास गर्ने सार्की समुदायको सामाजिक अवस्था, पोशाक र खानपानको बारेमा तथ्याङ्क संकलन गर्नको लागि यस विधिलाई प्रयोगमा ल्याइएको छ । यस प्रकारको तथ्याङ्क संकलन विधिबाट बढी भरपर्दो, सही, औचित्यपूर्ण सत्यतथ्यको ज्ञान प्राप्त गर्न सकिने विश्वास गरिएको छ । किनभने अध्ययन कर्ताले आफूले देखेका, सुनेका तथा अनुभव गरेका कुराहरुको आधारमा तथ्याङ्क संकलन गर्दछ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त तथ्याङ्कहरुको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्ने गर्दछ । तसर्थ हर्दिनेटा गा.वि.स.मा बसोबास गर्ने सार्की महिलाको शैक्षिक, सामाजिक, आर्थिक आदि विभिन्न पक्षको अध्ययनको लागि संकलित तथ्यहरुको प्रकृति अनुसार वर्गीकरण गरी विश्लेषण गरिएको छ । तथ्यहरुको प्रकृति हेरेर गुणात्मक तथ्यहरुलाई आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण र वर्णन गरिएको छ भने संख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले तालिकीकरण, स्तम्भ चित्र र बृत्त

चित्रद्वारा  स्पष्टपारिएको छ । आवश्यक अनुसार तथ्याङ्कहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

यस अध्ययनको लागि हर्दिनेटा गा.वि.स. वडा नं. १,२ र ३ मा बसोबास गर्ने सार्की जातिका महिलाहरुको कूल ५० घरघुरीलाई अध्ययन गरिएको छ । शोधकर्ताबाट यिनै १,२ र ३ नं. वडाका घरधुरीहरुलाई मात्र केन्द्रित गरेर त्यहाँ बसोबास गर्ने सार्की महिलाहरुको शिक्षाको अवस्थाको अध्ययन गरिएको छ । यी तीन वडाहरुमा सिमित जनसंख्या भएकोले सम्पूर्ण घरधुरीहरुलाई नमुना छनौटको रुपमा लिई अध्ययन गरिएको छ । निश्चित उद्देश्य प्राप्ति गर्नकोलागि यो अध्ययन गरिएकोले यसले नेपाल भरका सार्की महिलाहरुको सम्पूर्ण पक्षको प्रतिनिधित्व गर्न सक्दैन ।

# अध्याय – चार

यस अध्याय चारमा अध्ययन क्षेत्रको भैगोलिक परिचय,अध्ययन क्षेत्रमा बस्ने विभिन्न जात जातिकोबारेमा जानकारि दिनुका साथै जनसंख्याको बारेमा पनि जानकारि गराइएको छ । यस क्षेत्रका उब्जाउ हुने अन्न बालीहरुको बारेमा, फलफूलहरुको बारे र पशुपालनको वारेमा पनि जानकारि गराइएको छ ।

## अध्ययन क्षेत्रको भौगोलिक परिचय

### ४.१ गुल्मी जिल्ला

गुल्मी जिल्ला २७५५' उत्तर देखि २८२७' उत्तरी अक्षांश र ८३१०' पूर्वदेखी ८३३५' पूर्वी देशान्तरको बीचमा रहेको छ । गुल्मी जिल्ला रुरु, रेसुङ्गा र श्रृङ्गा जस्ता तपोभूमिले सु-सज्जित छ । बडीगाड वा रुद्रावती नदी र काली गण्डकी परिचित यो जिल्ला बुद्धको जन्मस्थल लुम्बिनीबाट उत्तरमा पर्दछ । वि.सं. २००९ सालमा पाल्पा र बाग्लुङको प्रशासनबाट छुट्याएर एउटा छुट्टै जिल्लाको रुप दिनु भन्दा पहिले गुल्मी, अर्घा, खाँची, इस्मा, मुसिकोट र धुर्कोट राज्यहरु पर्दथे भने गुल्मी राज्यको मुख्य गौडो पाल्पा थियो । पाल्पाबाटै गुल्मीको प्रशासन थियो । नेपाललाई ७५ विकास जिल्लामा विभाजन गर्ने क्रममा गुल्मी, ईस्मा, धुर्कोट र मुसिकोट ४ वटा राज्य मिलाएर एउटा विशाल जिल्ला कायम गरिएको हो । जिल्ला सदरमुकाम तम्घासबाट करिब ४ माइलटाढा गुल्मी भन्ने खास ठाउँ र गुल्मी दरबार छ, जुन दरबार शाके सम्बत १७०३ मा बनेको हो । यो जिल्ला विविध भौगोलिक संरचना एवं प्राकृतिक संरचनाले सिंगारिएको यो विकट पहाडी जिल्ला हो ।

यो जिल्लाको पूर्वी सिमानामा स्याङ्जा र पाल्पा, पश्चिममा प्यूठान, उत्तरमा वाग्लुङ र पर्वत र दक्षिणमा अर्घाखाँचीको बिचमा अवस्थित यो जिल्ला दर्जनौ लेक बेसी, कैयौ नदी र दर्जनौ खोला नाला तथा अनेक झरनाहरुले सु-सज्जित छ । यस जिल्लाको कुल क्षेत्रफल १,२४,५०० हेक्टर (१,२४५) वर्ग कि.मी. रहेको छ । गुल्मी जिल्लाको पूर्व पश्चिम लम्बाई ४० कि.मी. र उत्तर दक्षिण ३० कि.मी. रहेको छ । ( सुवेदी, २०५३, पृ.१८)

गुल्मी जिल्लाको नामाकरण कसरी भयो भन्ने सम्बन्धमा मतक्यैता छैन । जिल्ला विभाजन गर्ने क्रममा इस्मा, धुर्कोट, मुसिकोट र गुल्मी गरी चार थुममा विभाजित यी ठाउँ मध्येको सबैभन्दा ठूलो थुम गुल्मी भएको हुनाले यस जिल्लाको नाम गुल्मी भएको हो । (सूचना विभाग, २०३१, पृ. ७१५)

अर्घा, खाँची, गुल्मी, मुसीकोट, धुर्कोट, इस्मा यी ६ थुममा बेग्ला बेग्लै राजाहरु थिए । आ-आफ्ना थुमको रक्षाको निमित्त राखिएको फौजलाई गुल्म भनिन्थ्यो । यी थुमका भुरे राजाहरुलाई गुल्म पति भन्ने चलन थियो अत : गुल्म पतिहरुले राज्य गरेको हुँदा यी ६ थुमको नामले गुल्मी भएको हो । (सुवेदी, २०५५, पृ. १३-१४)

गुल्मी जिल्लाको कूल जनसंख्या २,९७,३१६ रहेको छ । यस मध्ये पुरुष १,३४,५८३ र महिला १,६२,७३३ रहेका छन् । यस जिल्लामा कूल परिवार संख्या ५९,५९० रहेको छ ।

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको छ । यस जिल्लाको सबभन्दा अग्लो थाप्लेको लेक २६९० मिटरको छ । यहाँ मुख्य बालीमा  कोदो, धान, गहुँ, फापर हुन्छ भने फलफूलमा सुन्तला, आँप, कटहर, नासपाती, मेवा, केरा, आरुबखडा, अम्बा, जिमीर, भोगटे, अमिलो, मौसम, कागती आदि प्रमुख हुन । यस जिल्लामा मालिकाको लेक, वामी दहको लेक, मरभुङ्गको लेक, मदानेको लेक, रेसुङ्गा, अर्जुन, थाप्लेको लेक पर्दछन् । यहाँ वेसीहरुमा चौरासी, मजुवा, दुगुर्दे, आँपचौर, वेलटारी, खैरेनी फाँट, वामी टक्सारको फाँट पर्दछन् । यस जिल्लामा नदीनालामा बडीघाट नदी, काली गण्डकी नदी, हुग्दी, निस्ती, छल्दी, पनाहा, दरम, पालुन, रोदी, रिडी खोला जस्ता नदी र खोलाहरु यस जिल्लामा पर्दछन् ।

## ४.२ हर्दिनेटा गाउँ विकास समिति

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट हर्दिनेटा गा.वि.स. ६.५ कोश टाढा पूर्वमा तथा पवित्र तिर्थस्थल रिडि देखि ४.५ कोश टाढा पश्चिम उत्तरमा रहेको छ । यस गा.वि.स.को पूर्वमा दिगाम गा.वि.स., पश्चिममा विरवास गा.वि.स., उत्तरमा पल्लिकोट तथा विरवास र दक्षिणमा खर्ज्याङ्ग गा.वि.स. हरु पर्दछन् । १९.२६ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस गा.वि.स.ले गुल्मी जिल्लाको १.७ प्रतिशत ओगटेको छ । कुल जनसंख्या ६६०१ रहेका यस गा.वि.स.का प्रमुख बस्तीहरुमा काउले, काभ्रे, भालुपानी, छाप, चोएगा, छिस्तुङ, नरम, बासखर्क, धरमपानी, कुडहर, मगरान, भतेरपाटा,पिरेनी, रानी पोखरा, दर्लाम, खोरबरे, दुम्सीकोट, भुटुकचौर, तारुक, तथा रुम्भ्काकोट गाउँहरु र लुम्छा, देउराली, भेडुवा तथा हर्दिनेटा बजार क्षेत्रमा पर्दछन् । (पन्थ, २०६१)

यो गा.वि.स. गुल्मी जिल्लाको पूर्वी भेगमा स्थित उत्तर दक्षिणमा फैलिएको छ । यसको सबै भन्दा होचो भाग हर्दिखोला ७०० मिटर हो भने सबैभन्दा अग्लो भाग मरुवाथुम्का १५६९ मिटर उचाइमा छ । जमीनको बनोटको हिसाबले हेर्दा हर्दि खोला र उल्ली खोलाका किनार स्थित बगर खेतहरु बलौटे पाङ्गो माटोले बनेका छन् तर ती खेतहरु उब्जाउ भएपनि

बाह्रै महिना प्रसस्त पानी हुने खोलाहरु नभएकोले सुक्खा याममा खेती गर्न प्रर्याप्त पानीको अभाव छ । यी खेतहरु पनि बेसी या फाँटको रुपमा नभई बगर खेतको रुपमा रहेका छन । अरु अधिकांश भाग ढलान युक्त भिरालो छ । धरमपानी क्षेत्र डाडाँको रुपमा केही समथर छ र कालो माटो भएको कारणले उब्जाउ पनि छ । वडा नं. ६,७, ३, २ र १ को जमिनको ढलान उत्तर तर्फ छ भने वडा नं ४, ५ ,८ र ९ को जमिनको ढलान दक्षिण तर्फ छ । ( पन्थ, २०६१)

हर्दिनेटा गा.वि.स. को पुरुषको संख्या २०७४ देखिन्छ जुन जम्मा जनसंख्याको ४२.५६ प्रतिशत हुन आउछ । महिलाको संख्या २७९८ देखिन्छ भने जम्मा जनसंख्याको ५७.४३ प्रतिशत हुन आउँछ । (स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१)

हर्दिनेटा गा.वि.स. को ब्राम्हणहरुको संख्या २३५४ देखिन्छ, जुन हर्दिनेटा गा.वि.स. को कुल जनसंख्याको ४८.३१ प्रतिशत हुन आउछ । क्षेत्रीहरुको संख्या ११९ देखिन्छ, जुन कुल जनसंख्याको २.४४ प्रतिशत हुन आउछ । त्यस्तै गरी मगरको संख्या १०४६ देखिन्छ, जुन कुल जनसंख्याको २१.४६ प्रतिशत हुन आउँछ । दलितको जनसंख्या ६९३ देखिन्छ, जुन कुल जनसंख्याको १४.२२ प्रतिशत हुन आउछ । यहा दलित भन्नाले कामी, दमाई, सार्की, गाइने, वादी, लोहार, सुनार नखुलेका दलितहरु पर्दछन् । नेवारहरुको जनसंख्या ११० देखिन्छ, जुन कुल जनसंख्याको २.२५ प्रतिशत देखिन्छ । मुस्लिमको जनसंख्या १४ देखिन्छ जुन कुल जनसंख्याको ०.२८ प्रतिशत हुन आउछ । ठकुरीको जनसंख्या ३२ देखिन्छ, जुन कुल जनसंख्याको ०.६५ प्रतिशत हुन आउछ । अन्यको जनसंख्या ४ देखिन्छ, जुन कुल जनसंख्याको ०.०८ प्रतिशत देखिन्छ । अन्य अर्न्तगत सुनुवार, छन्त्याल, मारवाडी, भोटे, थकाली, तेली, कुमाल, थारु, दनुवार, सेर्पा, कोइरी, यादव, राई, कलवार, तामाङ, हजाम, वानिया, कायस्थ, पहरी आदि पर्दछ । (स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१)

## ४.३ हर्दिनेटा गा.वि.स.को शैक्षिक अवस्था

यस गा.वि.स.मा आधुनिक शैक्षिक इतिहासको हिसाबले त्यत्ति पुरानो छैन । साक्षरताको हिसाबले अध्ययन गर्दा यस गा.वि.स.को कुल साक्षरता प्रतिशत ८१.९२ प्रतिशत छ जसमध्ये महिला साक्षरता ७०.२४ प्रतिशत र पुरुष साक्षरता ९४.४९ प्रतिशत छ । साक्षरता दर राम्रो हुनुमा औपचारिक तथा अनौपचारिक शिक्षाको रुपमा प्रौढ साक्षरता तथा महिला साक्षरता कार्यक्रम सरकारी तथा गैह्र सरकारी संस्था मार्फत सञ्चालन हुनाले

भएको हो । निरक्षरता दरमा बढी प्रतिशत दलित, जनजाति तथा महिला रहेको छ । (स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१)

हर्दिनेटा गा.वि.स.को विभिन्न कृषि क्रियाकलापमा संलग्नता विवरण देखाइएको छ । जसमा कृषि जग्गामा मात्र कार्य गर्ने ५२ घर धुरी देखाइएको छ जुन कुल घर धुरी संख्याको ४.३७ प्रतिशत हुन आउछ । त्यस्तै गरी कृषि जग्गा र पशुपालन गर्ने घर धुरी संख्या ४०१ देखिन्छ भने यो कुल घर धुरी संख्याको ३३.७२ प्रतिशत हुन आउछ । कृषि जग्गा र कुखुरा पालन ४९३ घरधुरीले गरेको देखिन्छ जुन कुल घरधुरी संख्याको ४१.४६ प्रतिशत हुन आउछ । कृषि जग्गा र पशुपंक्षीपालन गर्ने घरधुरी २ देखिन्छ जुन कुल घरधुरी संख्याको ०. १६ प्रतिशत हुन आउछ । पशु पालन मात्र गर्ने घरधुरी देखिन्छ जुन ३ प्रतिशत हुन आउछ । जुन पशुपंक्षी मात्र पालन गर्ने घरधुरी संख्या ८ देखिन्छ, जुन कुल घरधुरी संख्याको ०.२५ प्रतिशत हुन आउछ । केही नभएका घरधुरी संख्या ८ देखिन्छ, जुन कुल घरधुरी संख्याको १.७३ प्रतिशत हुन आउछ । भूमिहीन घरधुरी संख्या २४ देखिन्छ, जुन कूल घरसंख्याको २.३० प्रतिशत देखिन्छ । गैह्र कृषि आर्थिक क्रियाकलाप गर्ने घरधुरी संख्या ३८ देखिन्छ, जुन कुल घरधुरी संख्याको ३.६५ प्रतिशत हुन आउछ । (स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१)

हर्दिनेटा गा.वि.स.मा जम्मा महिला पुरुषको जनसंख्या ४२०९ देखियो भने पुरुषको मात्र जनसंख्या १७४७ देखियो, जुन कुल जनसंख्याको ४१.५० प्रतिशत हुन आउछ । त्यस्तै महिलाको संख्या २४६२ देखियो जुन कुल जनसंख्याको ५८.४९ हुन आउछ । पुरुष साक्षरताको संख्या १४५९ देखियो जुन कुल जनसंख्याको ३४.६६ प्रतिशत हुन आउछ । महिला साक्षरताको संख्या १४९७ देखियो, जुन कुल जनसंख्याको ३५.५६ हुन आउछ । (स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१)

यस अध्याय चारमा अध्ययन क्षेत्रको भैगोलिक परिचय,अध्ययन क्षेत्रमा बस्ने विभिन्न जात जातिकोबारेमा जानकारि दिनुका साथै जनसंख्याको बारेमा पनि जानकारि गराइएको छ । यस क्षेत्रका उब्जाउ हुने अन्न बालीहरुको बारेमा, फलफूल हरुको बारे र पशुपालनको वारेमा पनि जानकारी गराइयो । अब अध्याय पाँचमा अध्ययन क्षेत्रका सार्की महिलाको आर्थिक अवस्था तथा सामाजिक अवस्था , छुवाछुत सम्वन्धि धारणालाई समाबेश गरिने छ ।

# अध्याय – पाँच

## अध्ययन क्षेत्रका सार्की महिलाको सामाजिक अवस्था

समाजमा अवसर पाउने वर्गले अवसर नपाउने वर्गलाई शोषण गरिरहेका छन् दिन प्रतिदिन बढ्दै गएको असमानताको शिकार सार्की जाति पनि भएका छन् । शिक्षा तथा चेतनाको अभावले लामो समयदेखि थिचिएका, पिल्सिएका सार्की महिलामा कैयौं कुरीति, सामाजिक विसङ्गतिहरु अझै सम्म पनि देख्न सकिन्छ । यो जातका सदस्यहरु समाजका माथिल्लो जातिका सदस्यहरुसँग राम्रोसँग बोल्न पनि डराउछन् । यसरी एकातिर रुढीवादी संस्कृतिबाट सार्की महिला दबाइएका छन् भने विकासको फललाई आफ्नो हक, हित र भलाइमा प्रयोग गर्न सकिरहेका छैनन् । बिरामी हुँदा अझै पनि केही परिवार धामी झाक्रीको नै विश्वास गर्दछन् ।


### ५.१.उत्तरदाताको उमेरगत विवरण

यस शोध अध्ययनकालागि ५० जना महिला उत्तरदातालाई छानिएको छ । जसको उमेर समुहलाई जम्मा ५ समुहमा विभाजन गरिएको छ । जसलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

स्तम्भ चित्र नं.५.१

उमेरगत विवरण

जम्मा संख्या = ५०




स्रोत : स्थलगत अध्ययन, २०६७

स्तम्भ चित्र नं.५.१ अनुसार ३१-४० उमेर समूहका महिलाहरु ३२ प्रतिशत रहेका छन् भने सबभन्दा कम २ प्रतिशत महिला १८-२० वर्ष उमेर समूहका रहेका छन् । यसैगरी २१-

३० वर्ष, ४१-५०वर्ष र ५१ -६० वर्ष उमेर समूहका महिलाहरुको प्रतिशत क्रमश २८,२० र १८ रहेको छ ।

५० घरधुरी मध्ये वडा नं. १ को भुटुकचौर भन्ने गाउँमा जम्मा ८ घरधुरी रहेका छन् । वडा नं. २ खोर्वरे भन्ने गाउँमा जम्मा ६ घरधुरी रहेका छन् । अध्ययन क्षेत्रको सबैभन्दा धेरै घरधुरी संख्या रहेको वडा नं ३ रहेको छ जहाँ धरमपानी भन्ने गाउँमा २६ घरधुरी र छाप भन्ने गाउँमा १० घरधुरी रहेको छ । ती सम्पूर्ण घरधुरीको महिला (आमा) हरुबाट उत्तरहरु संकलन गरियो । ५० घरधुरीमा लिएको विवरण अनुसार सम्पूर्ण घरधुरीले हिन्दुधर्म मानेको थाहा भयो ।

### ५.१.१ वैवाहिक स्थिति

विवाह सार्वभौमिक सामाजिक संस्था हो । विवाह पश्चात महिला र पुरुष दुबैको भूमिका र अवस्थामा परिवर्तन आउँछ । जसले महिलालाई जन्म पश्चात एक छोरीको रुपमा मात्र नरही पत्नी, बुहारी, आमाको रुपमा परिणत गर्दछ । विवाह पश्चात महिलाहरुको हैसियत र भूमिकामा परिवर्तन ल्याई उनीहरुलाई कर्तव्य र कामको भार बढाउँछ । यस अध्ययन क्षेत्रका सार्की महिलाहरु विवाहित रहेका छन् । वैवाहिक स्थितिको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ५.१

अध्ययन क्षेत्रका महिलाको वैवाहिक स्थिति

| क.सं. | वैवाहिक स्थिति | परिवार संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | विवाहित | ४० | ८० |
| ३. | विधवा | ८ | १६ |
| ५. | छुट्टै बसेको(श्रीमान सँग छुट्टिएर बसेको ) | २ | ४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ५.१ अनुसार अध्ययन क्षेत्रका महिलाको वैवाहिक स्थिति हेर्दा ५० घरपरिवार मध्ये ४० बिवाहित थिए । जसमा जुन कुल परिवार संख्याको ८० प्रतिशत हुन आउँछ । ५० अध्ययन गरिएका महिला मध्ये विधवा ८ घर परिवारका महिला थिए । जुन

कुल जनसंख्याको १६ प्रतिशत हुन आउछ ।  छुट्टै बसेका महिलाहरु ५० घरपरिवार मध्ये २ घर परिवार थिए । जुन कुल जनसंख्याको ४ प्रतिशत हुन आएको छ ।

अध्ययनबाट आएको जानकारी अनुसार प्रत्येक घरधुरीका महिलाहरु १८ वर्ष माथिका छन् । अध्ययनको क्रममा ५० घरपरिवारका विवाहित महिला मध्ये  विधवा ८ घरपरिवारमा ४० वर्ष माथिका छन् भने जुन  विधवा हुनुको कारण ६ महिलाको श्रीमानको कालगतिले मृत्यु भएको पाइयो भने २ जनाको अत्यधिक रक्सी सेवनको कारणले गर्दा मृत्यु भएको पाइयो । छुट्टै बसेको २ मध्ये १ जनामा छोरी मात्र भएकोले श्रीमानले अर्को विहे गरेको कारण छुट्टै बसेको पाइयो भने अर्कोको श्रीमान भारतमा जागीर गर्न गएको र उतै बिहे गरेको घरमा नआएकोले सासु, ससुरासँग छुट्टीएर बसेको पाइयो । विधवा २ जना महिला श्रीमानको मृत्यु पछि छोरा बुहारीले वास्ता नगरेर एक्लै बस्न बाध्य भएको जवाफ आयो ।

## ५.१.२ परिवारको किसिम


परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाटनै जैविक प्राणिको रुपमा रहेको मानिस सामाजिक प्राणीको रुपमा रुपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको पारिवारीक बनावटका आधारमा एकल र संयुक्त परिवार प्रशस्त मात्रामा भेटिन्छन भने कहीं कतै बृहत संयुक्त परिवार पनि पाइन्छन् । एकल परिवारमा श्रीमान, श्रीमती, तिनीहरुका अविवाहित छोरा छोरीलाई बुझाउँछ भने संयुक्त परिवारमा एक दम्पत्ती तीन भन्दा बढी वा तीन पिढीका सदस्यहरु एकै साथ बस्ने गर्दछन् यस्तो परिवारलाई संयुक्त परिवारको रुपमा लिन सकिन्छ । यस्तो परिवारमा कार्यभार कम पर्ने भएकोले कृषि उन्मुख हाम्रो देशमा बढी पाइन्छ । वर्तमान समयमा एकल परिवारको संख्या पनि बढी रहेको छ । बृहत संयुक्त परिवारमा यति नै पुस्ता र संख्या भनेर किटान गरी भन्न नसकिए पनि लोग्ने र स्वास्नी दुबै पक्षका परिवारका सदस्यहरु संगोलमा रहेको परिवार नै बृहत संयुक्त परिवार हो ।

नेपालमा विभिन्न किसिमका पारिवारिक बनौट भएको देखिन्छ । शहरी क्षेत्रमा आधुनीकिकरणले गर्दा प्रायःएकात्मक परिवारको संख्या बढ्दै गइरहेको र संयुक्त परिवारको बनोटमा क्रमैसँग ह्रास आउन थालेको पाइन्छ । विशेषगरी पश्चिम पहाडी क्षेत्र नै आफ्नो बसोबासको स्थान गराएका सार्की जातिमा पनि संयुक्त परिवारको मान्यतामा परिवर्तन आई एकात्मक परिवार तर्फ उन्मुख भइरहेको देखिन्छ ।

वृत्त चित्र नं. ५.१

अध्ययन क्षेत्रका महिलाको परिवारको अवस्था

जम्मा संख्या = ५०




स्रोत : स्थलगत सर्वेक्षण, २०६७

वृत्तचित्र ५.१ अनुसार अध्ययन क्षेत्रका सम्पूर्ण घरमध्ये २८ घर परिवार एकात्मक रहेका छन् जुन कुल संख्याको ५६ प्रतिशत हुन आउँछ । संयुक्त परिवार २० छन् जुन कुल जनसंख्याको ४० प्रतिशत हुन आउँछ । बृहत संयुक्त परिवार २ छन् जुन कुल जनसंख्याको ४ प्रतिशत हुन आउँछ ।

स्थलगत अध्ययनवाट,अन्तरवार्तावाट र प्रश्नावलीवाट जानकारी भए अनुसार माथिल्लो जातिमा आएको परिवर्तनको प्रभाव यस जातिमा पनि परेको देखिन्छ । छोराहरुको बिहेवारी भएपछि र उनीहरुले आय आर्जन गरी १/२ बच्चा बच्ची भएपछि  यस जातिका सदस्यहरुले प्राय : आफ्नो लोग्ने स्वास्नी र छोरा छोरीको मात्र एक परिवार होस् भन्ने चाहेको भेट्टियो । छोराहरुको बिहे भएपछि सासु, बुहारीमा झगडा हुने, नाति नातिनीको स्याहार संहारको काम बढ्ने र छोराहरुले कमाएको ज्याला, जाँड, रक्सीमा खर्च गरी झगडा समेत मच्चाई अशान्ति समेत हुने गरेको र गरिबीको कारणबाट पनि ठूलो र संयुक्त परिवारबाट छुट्टिएको भन्ने व्यक्तिहरु पनि भेट्टिए ।

संयुक्त परिवारमा श्रम विभाजन हुने घरको काममा सबैले सहयोग गर्ने हुँदा संयुक्त परिवारलाई पनि राम्रो भन्ने घरमुलीहरु पनि देखिन्छन । संयुक्त र ठूलो परिवार भएमा सामाजिक इज्जत हुनुको साथै अन्य र आफ्ना जातिका अरु सदस्यहरुले पनि हेप्न नसक्ने हुनाले ठूलो परिवार राम्रो हुन्छ भन्ने पनि अध्ययनमा पाइयो ।

## ५.१.३ सार्की महिलाको आर्थिक अवस्था

अध्ययन क्षेत्रको धेरै परिवार संख्या भएको घरमा आर्थिक नियन्त्रण पनि बढी भएको र श्रम पनि बढी गर्नुपर्ने देखिन्छ । परिवारको आर्थिक अवस्थालाई सन्तुलनमा ल्याउन सार्की महिलाहरु विभिन्न समूह बनाई बचत संकलन गर्नुकोसाथै, बाख्रा पालन, भैसी पालन गर्ने गरेका छन् । समग्रमा सार्की समुदायमा पुरुष भन्दा महिलालाई बढी इमान्दार मानिन्छ । किनकी पुरुषहरु बढी जाँड रक्सी खाने, काम गरेको पैसा संकलन तथा राम्रोसँग उपयोग नगर्नाले पुरुषले काम गरेको ठाउँमा महिलाले पारिश्रमिक उठाउने गरेको पनि पाइन्छ । अरु जातिका महिलाको तुलनामा यो जातिको आर्थिक अवस्थालाई हेर्ने हो भने अधिकांश रुपमा थोरै जमीन, थोरै आम्दानी, निश्चित व्यवसाय नहुनु, सम्पत्तिमा पुरुषको एकाधिकार, धेरै श्रम गर्नुपर्ने बाध्यता आदिलाई हेर्दा सार्की जातिका महिलाहरुको वर्तमान आर्थिक अवस्था अत्यन्त खस्कदो र न्यून स्तरको देखिन्छ ।

### क) पेशा

सार्की महिलाहरुको आर्थिक अवस्था भनेर छुट्टै रुपमा अध्ययन गर्नु गाह्रो हुन्छ । किनकी समग्र पारिवारिक आर्थिक अवस्था नै उनीहरुको  आर्थिक अवस्था हो । यसर्थ उनीहरुको छुट्टै आर्थिक अवस्था कस्तो छ भन्दा पनि समग्र पारिवारिक आर्थिक अवस्थालाई सन्तुलनमा राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई अध्ययन गर्दा उनीहरुको आर्थिक अवस्था झल्कन्छ । पेशागत रुपमा विश्लेषण गर्ने हो भने अधिकांश सार्की जातिको पेशा कृषि नै देखिन्छ । खेतीपाती गर्दा बालीनाली लगाउने, गोडमेल, गर्ने जस्ता प्रायः सबैजसो कार्यहरुमा महिलाहरुको सक्रियता देखिन्छ । पशुपालन गर्ने कार्यहरुमा महिलाहरु उत्तिकै श्रमदान गर्दछन् । गोठको सफाई बस्तुभाउको सफाई,रेखदेख, कुडोपानी, घाँसपात, सबैजसो कार्यहरु महिलाहरु नै गर्दछन् । पुरुष विदेश गएको परिवारमा पुरुषको नियमित कमाई भएपनि महिलाले आफ्नो घरको कामसँगै ज्याला, मजुदरीको काम गर्न नछोड्नु पनि महिलाको परिवार प्रति गरिने लगानी र जिम्मेवारीपन महत्वपूर्ण पक्ष हो ।


यहाँका सार्की समुदायहरु पनि विभिन्न पेशा प्रति समर्पित भएको पाइन्छ । यहाँका सार्की पुरुषहरुले परम्परागत छालाको काम नगर्ने र हलो जोत्ने, डोको नाम्लो बुन्ने  जस्ता कामहरु गरेको पाइयो । यसबाट परम्परागत पेशामा परिवर्तन आएको पाइन्छ किनभने अहिलेको बजारमा आधुनिक मेशिनवाट बनेका छालाका जुत्ताहरु सँग प्रतिस्पर्धा गर्न नसक्ने भएकोले उनीहरुले पेशामा परिवर्तन गरेको बताए । अलि धेरै जग्गा जमीन हुनेहरुले कृषिमा

पनि समय खर्च गर्दछन् भने कम हुनेको त एक वर्ष खाने खेती एक दुई दिन मै खनजोत गरेर सिद्धिने गर्दछ ।

पेशाको विवरण

स्तम्भ चित्र नं. ५.२

जम्मा संख्या = ५०




स्रोत : स्थलगत सर्वेक्षण, २०६७

नोट : यहाँ धेरै समय दिनेको आधारमा पेशाको विवरण गरिएको हो तर यहाँ मजदुरी र अन्य काम गर्नेले पनि कृषि कार्य गर्ने र कृषि कार्य गर्नेले पनि मजदुरी गर्दछन् ।

स्तम्भ चित्र नं ५.२ अनुसार अध्ययन क्षेत्रका महिलाको कृषि कार्यमा संलघ्न घरधुरी संख्या ४५ पाइयो जुन कुल घरधुरी संख्याको ९० प्रतिशत हुन आउँछ । मजदुरी गर्ने घर धुरी संख्या ३  रहेको पाइयो जुन कुल घरधुरी संख्याको ६ प्रतिशत हुन आउँछ । अन्य कार्य गर्नेमा २ घरधुरी संख्या पाइयो । जुन कुल घरधुरी संख्याको ४ प्रतिशत हुन आउँछ । अध्ययनमा आएको जानकारी अनुसार के स्पष्ट हुन्छ भने यस क्षेत्रका महिलाको आर्थिक अवस्था अत्यन्तै दयनिय देखियो जसलाई स्तम्भ चित्रले प्रष्ट पारेको छ । यहाँ कृषि कार्य गर्ने महिलाको संख्या ४५ घरपरिवार पाइयो । यसबाट के स्पष्ट हुन्छ भने यहाँका महिलाहरु कृषिमा नै बढी संलग्न रहेको पाइयो । स्तम्भ चित्र नं.५.२ मा अन्य अर्न्तगत माथिल्लो जातिकोमा गएर सामान्य केही सामान लिन पाइने भएकोले जस्तै दिनभरी काम गरी साँझलाई तरकारी,चामल, घाँस, दाउरा जस्ता सामान पाउने गर्दछन् । यसमा प्राय : गरी ५० देखी ६० वर्षका महिलाले यो कार्य गरेको पाइयो । यस्तो कार्य गर्नुको मुख्य कारण यी महिलाहरुको अलि वृद्ध अवस्था भएकोले दिनभर गह्रौ कार्य गर्न नसक्ने भएकोले यस्तो पेशा अपनाउने गर्दछन् । यहाँका महिलाहरुले मजदुरी पनि गर्ने गरेको पाइयो । मजदुरी अन्तरगत

समय अनुसार छुट्टाछुट्टै ज्यालामा जाने गर्दछन् । हिउँदको समयमा खर काट्ने, दाउरा बोक्नेजस्ता कार्य गर्दछन् भने वर्षाको समयमा रोपाईं गर्ने गर्दछन् र वैशाखको समयमा मकै खन्ने कार्य गर्न ज्यालामा जाने गर्दछन् । यसले गर्दा काम गर्न सक्ने महिलालाई खासै खाली बस्नु पर्ने हुदैन । यस्तो काम गर्ने समूहमा प्राय : गरी १८ देखि ४५ वर्ष सम्मका महिलाहरु नै देखिन्छ । यहाँका महिलाको मुख्य पेशा मजदुरी,कृषि र अन्य भएतापनि संपुर्ण घरधुरिका महिलाहरुले थोरै मात्रामा भए पनि कृषि कार्य गरेको पाइयो भने कृषि पेशा मुख्य पेशा हो भन्ने महिलाहरु पनि  कहिले काहिं ज्याला मजदुरीमा हिड्ने गरेको पाइयो । यसरी यहाँका महिलाहरुले कृषि ,मजदुरी तथा अन्य बिभिन्न कार्यहरु गरी आफ्नो दैनिक गुजारा चलाएको पाइयो ।


## ख) जग्गा जमीन र खाद्यान्नको अवस्था

अध्ययन स्थलका सार्की समुदायको धेरै जनसंख्या कृषिमा लाग्ने भएतापनि यस जातिका परिवारलाई आफ्नो जमीनमा काम गरेर उत्पादित खाद्यान्नले कति महिना खान पुग्छ त भन्ने विवरण  स्तम्भ चित्र नं.५.३ मा प्रस्तुत गरिएको छ ।

स्तम्भ चित्र नं. ५.३

सार्की समुदायलाई  आफ्नो जग्गामा कृषि गरेर खान पुग्ने समय

जम्मा संख्या = ५०




स्रोत : स्थलगत सर्वेक्षण, २०६७

स्तम्भ चित्र नं.५.३ बाट के जानकारी प्राप्त हुन्छ भने अध्ययन क्षेत्रका जम्मा घरधुरी मध्ये सबैभन्दा बढी ४८ प्रतिशत घरधुरीका मानिसहरुलाई आफ्नो वारीमा काम गरेर ६ महिना खान पुग्ने देखिन्छ भने सबभन्दा कम १ महिना  १० प्रतिशत घरधुरीका मानिसहरुलाई खान पुग्ने देखिन्छ । यसैगरी १ वर्ष र ३ महिना खान पुग्ने घरधुरी संख्या

क्रमश २४ र १६ प्रतिशत रहेको छ । जम्मा प्रतिशत मध्ये २ प्रतिशत घरधुरीको खेती नभएको पाइयो ।

यो समुदायमा अत्यन्तै आर्थिक अभाव देखियो । कृषि जग्गा कम भएकोले आफ्नो घरमा भएको अन्न उत्पादनले खान पुग्दैन त्यसैले अरुको घरमा ज्याला गर्नु पर्ने वाध्यता छ । यीनिहरुको मुख्य पेशा कृषि, पशुपालन नै पर्दछ । पशुपालन पनि आर्थिक अभावका कारणले गर्दा धेरै संख्यामा, राम्रो गुणस्तरको पशुहरु पालेको पाइएन । यसले पनि आर्थिक अवस्था माथि उकास्नकोलागी कठिनाई भएको देखिन्छ । यहाँका ५० घरधुरी मध्ये लगभग सबैले खाद्यन्नको परिपूर्ति बजारबाट नै गरेको पाइन्छ । आफ्नो जग्गा प्रशस्त नभएका कारणले पनि यस जातिमा जीविकोपार्जनको लागि निकै समस्या भएको देखिन्छ । यसरी सर्वेक्षण गरिएका घरधुरीमध्ये खाद्यान्न पुग्ने परिवारको संख्या निकै कम देखिन्छ ।


### ग) कृषि क्षेत्रमा योगदान

यस समुदायका अधिकाम्स घर धुरिमा कृषि कार्य गर्ने गरेको पाइयो । कृषि कार्य गर्नको लागी महिला पुरुष कसको बढि संलग्नता रहेको छ अथवा महिला पुरुष दुवैले बराबरी समय दिएका छन् की ? कसरी आफ्नो खेति पाति गरेका छन् भन्ने विवरण वृत्त चित्र नं.५.२ वाट थाहा हुन्छ ।

वृत्त चित्र नं. ५.२

कृषि क्षेत्रमा योगदान

जम्मा संख्या = ५०




स्रोत : स्थलगत सर्वेक्षण, २०६७

वृत्त चित्र नं. ५.२ अनुसार अध्ययन क्षेत्रका महिलाको कृषि क्षेत्रमा सबभन्दा बढी ५८ प्रतिशत योगदान रहेको पाइयो । महिला पुरुष दुवैको संलग्नता बराबर हुनेको संख्या २८ प्रतिशत पाइयो भने पुरुषको योगदान सबैभन्दा कम १४ प्रतिशत रहेको छ ।

यस समुदायमा कृषि क्षेत्रमा महिलाको नै बढी योगदान रहेको धारणा देखियो । महिलाले नै बढी मात्रामा कृषि कार्य गर्नु पर्ने बाध्यता यस समुदायमा देखियो । पुरुषले कृषि कार्य गरेता पनि पुरुषको तुलनामा महिलाले धेरै कार्य गर्नु परेकोले गर्दा महिलाको अवस्था दयनिय देखिन्छ । महिलाले आफू विरामी परेको बेलामा पनि सकी नसकी कार्य गर्नु परेको गुनासो सुनियो । यसको कारण समाजमा व्याप्त रहेको पितृसत्तात्मक व्यवस्थाले गर्दा महिलालाई असर गरेको छ ।

## घ) पशुपालन

यस गा.बि.स. अन्तरगत वडा नं. १, २ र ३ का सार्की समुदायको वन जङ्गल र सार्वजनिक वन क्षेत्रको कमि भएका कारणले गर्दा चरनको अभाब र घाँस स्याउला सजिलै आपुर्ति नभएकाले पशुपालन गर्न गाह्रो भएको बताए । यिनिहरुले कुन रुपमा पशु-पालन गरेका छन् भन्ने विवरण तालिका नं. ५.२ वाट थाहा हुन्छ ।

तालिका नं. ५.२

पशुपंक्षी पालन

| क्र.सं. | पशुपंक्षी | घरधुरी संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | गाइ,गोरु,भैसी,कुखुरा | ३० | ६० |
| २ | बाखा | १५ | ३० |
| ५ | सुँगुर | ५ | १० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ५.२ अनुसार ५० घरधुरी मध्ये ३० घरधुरीले गाई,गोरु, भैसी, कुखुरा पालेका छन् । जुन कुल घरधुरी संख्याको ६० प्रतिशत हुन आउछ । बाखा पालन गर्नेको घरधुरी संख्या १५ रहेको छ जुन कुल घरधुरी संख्याको ३० प्रतिशत हुन आउछ । सुँगुर पालन गर्नेको घरधुरी संख्या ५ रहेको छ जुन कुल घरधुरी संख्याको १० प्रतिशत हुन आउँछ ।

स्थलगत अध्ययन र प्रश्नावलीवाट जानकारी भए अनुसार यहाँका धेरै घरधुरीले गाई,गोरु, भैसी, कुखुरा पाल्ने गरेका छन । यसमा धेरै वृहत संयुक्त परिवार तथा संयुक्त परिवार रहेको पाइन्छ । बाखा पाल्नेमा एकात्मक परिवार नै धेरै छन । यहाँ बाखा पाल्नुको कारण यसबाट छिटो पैसा आर्जन हुने र एकात्मक परिवारले पनि पाल्न गाह्रो नहुने भएकोले बाखा पालन पेशा अपनाएको पाइयो ।


### ५.१.४ छुवाछुतको कारण

सार्की समुदाय एकातिर आर्थिक अवस्बथाबाट पिडित छन् भने सामाजिक भेदभाव वाट पनि अपहेलित देखिन्छन् । आफ्नो जाति भन्दा माथिल्लो जाति सँग एउटै आसनमा बस्न नपाउने, सार्वजनिक स्थल, मन्दिर, पसल भित्र पस्नवाट वञ्चित छन् । होटलमा चिया खाजा खाए पछि ,उपल्लो जातको घरमा खाएपछि भाँडा आफै माझि सुकाएर मात्रै भित्र लैजाने प्रचलन र अझै पनि विद्यमान छ । यसरी छुवाछुत हुनको कारणलाई वृत्त चित्र नं. ५.३ अनुसार देखाइन्छ ।

वृत्त चित्र नं ५.३

दलित महिलाको विचारमा छुवाछुतको कारण

जम्मासंख्या=५०




स्रोत : स्थलगत सर्वेक्षण, २०६७

वृत्त चित्र नं ५.३ अनुसार छुवाछुत हुने कारण सबभन्दा धेरै धर्मपरम्परामा ४२ प्रतिशत, उचनिच जातको कारणले गर्दामा ४० प्रतिशत र जनचेतनाको अभावले गर्दामा १८ प्रतिशतको भनाई रहेको पाइयो ।

यस समाजमा गरिएको अध्ययन अनुसार छुवाछुतको व्यवहार हुनुमा बढी धर्मको कारणले गर्दा भएको देखियो । जसको शिकार प्रत्यक्ष मात्रामा सार्की महिला नै बढी भएको

पाइन्छ । जनचेतनाको अभावको कारणले गर्दा हो भन्ने महिलामा प्राय : गरी १८ देखि ३० वर्ष सम्मका शिक्षित महिलाको नै मत देखिन्छ । यी महिला शिक्षित भएको कारणले यस्तो धारणा राखेको पाइन्छ । यहाँ उचनिच जातको कारणले गर्दा पनि समाजमा जातिय भेदभाव, छुवाछुत प्रष्ट मात्रामा देखिएको छ । जातको कारणले नै तल्लो, माथिल्लो भन्ने जस्ता कुरीति, कु-प्रथाले गर्दा समाजमा छुवाछुत प्रर्याप्त देखिन्छ । यो समाजमा सरसफाइको कमी भएको कारणले गर्दा पनि छुवाछुत प्रथालाई अगाडी बढ्नको लागि सहयोग पुगेको छ ।

## ५.१.५ छुवाछुत हुने स्थान

अध्ययन स्थलका सार्की समुदायलाई बिभिन्न ठाउँमा छुवाछुत हुने गरेको पाइयो । छुवाछुतको कारणले गर्दानै यी जातीहरु शोषित पिढित भई बाँच्न बाध्य भएका छन् । यी जातीहरुलाई समाजमा मुख्य गरेर छुवाछुत हुने स्थान तालिका नं.५.३ वाट प्रस्ट पारिन्छ ।

तालिका नं. ५.३

अध्ययन क्षेत्रका महिलाहरुलाई छुवाछुत हुने स्थान

| क.सं. | ठाउँ | महिला | प्रतिशत (%) |
|---|---|---|---|
| १. | घर | १० | २० |
| २. | मन्दिर,धारा र कुवा | २८ | ५६ |
| ३. | होटल,मेडिकल | १२ | २४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.३ अनुसार घरमा छुवाछुत हुन्छ भन्नेको घरधुरी संख्या १० छ जुन कूल घरधुरी संख्याको २० प्रतिशत हुन्छ । तल्लो जात भनि सार्वजनिक स्थल,मन्दिर, धारा,कुवामा छुवाछुत हुन्छ भन्ने  घरधुरी संख्या २८ छ जुन कूल घरधुरीमा ५६ प्रतिशत हुन्छ । होटल मेडिकलमा छुवाछुत हुन्छ भन्नेको संख्या १२ रहेको छ जुन कुल घरधुरी संख्याको २४ प्रतिशत हुन्छ । अस्पतालमा पनि छुवाछुत हुने पाइयो र मेडिकलहरु यदी ब्राम्हण क्षेत्रीको छ भने घर भित्र पस्न नदिएर बाहिर नै स्वास्थ्य जाच गरेको पाइन्छ । होटलहरुमा पनि यदी माथिल्लो जातको छ भने आफूले खाएको भाँडा आफै माझ्नु पर्ने देखियो र होटल भित्र पस्न नदिएर बाहिर नै बसेर खाने गरेको पाइयो ।

### ५.१.६ स्वास्थ्य सम्बन्धि बिबरण

हरेक मानिसको जनजीवनमा स्वास्थ्यको जानकारी हुनु आवश्यक हुन्छ । अध्ययन स्थलका सार्की महिलाहरु स्वास्थ्यको क्षेत्रमा त्यति संबेदनशिल देखिदैनन् तापनि कुनै– कुनै महिलालाई सामान्य रुपमा स्वास्थ्य सम्वन्धि जानकारी रहेको थाहा भयो । यहाँका सार्की महिलाहरु बिरामी परेको वेला नजिक रहेको उपस्वास्थ्य चौकीमा जानुको साथै धामि झाँक्रिकोमा पनि जाने गरेको बताए ।

अध्ययन स्थलका महिलालाई स्वास्थ्य सम्बन्धि जानकारी छ/छैन भन्ने प्रश्न गरिएको थियो । जसमा १२ जना महिलालाई स्वास्थ्य सम्वन्धि सामान्य जानकारी छ भन्ने पाइयो जुन कुलको २४ प्रतिशत हुन्छ छैन भन्नेमा ३८ जना ७६ प्रतिशत महिला रहेको पाइयो । स्वास्थ्य सम्वन्धी सामान्य जानकारी हुने महिलाहरु साक्षर तथा कम पढेका रहेको पाइयो । ती महिलाहरुले गाउँमा भएका महिला स्वास्थ्य स्वयं सेविकाहरुबाट स्वास्थ्य सम्वन्धी सामान्य जानकारी हासिल गरेको पाइयो ।

घर नजिकै कस्तो खालको स्वास्थ्य संस्था छ ? भन्ने प्रश्नको जवाफमा गा.वि.स. भवनमा रहेको उपस्वास्थ्य चौकी छ भन्ने जवाफ आयो भने वडा नं १ तथा वडा नं ३ को छाप भन्ने गाउँका महिलाहरुले स्वास्थ्य संस्था टाढा रहेको बताए । यहाँका सार्की महिलाहरु विरामी हुँदा जाने स्थानलाई तालिका नं.५.४ वाट प्रस्ट पारिन्छ ।

तालिका नं.५.४

विरामी हुँदा जाने स्थान

| क.स. | स्थान | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | डाक्टर | ४३ | ८६ |
| २. | धामी झाक्री | ७ | १४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.४ अनुसार ५० घरधुरी मध्ये ४३ जना महिलाहरुले विरामी हुँदा डाक्टरको मा लैजाने बताए जुन कुल संख्याको ८६ प्रतिशत हुन आउछ । ७ जनाले विरामी पर्दा धामी झाक्रीकोमा लैजाने बताए जुन कुल संख्याको १४ प्रतिशत हुन आउछ ।

अध्ययनमा प्राप्त भएको जानकारी अनुसार विरामी पर्दा डाक्टरकोमा लैजानेको संख्या ४३ देखिएता पनि यीनीहरुले धामी झाक्री तथा बोक्सी हुन्छ भन्ने कुरामा विश्वास गरेको

पाइयो । धामी झाक्रीकोमा लैजाने ७ जनाले धामीझाक्री माथि धेरै नै विश्वास गरेको पाइयो । जसमा ५० वर्ष भन्दा माथि उमेर भएका महिला रहेका छन् । अबस्था र रोगको प्रकृति हेरेर कुनै कुनै वेला यीनिहरुले उपचारको लागि दुबै प्रयोग गर्ने पनि बताए । यसबाट यस समाजका महिलाले रुढीवादी परम्परालाई अझै पनि अंगालेको जानकारी हुन्छ ।

यस अध्याय पाँचमा अध्ययन क्षेत्रका सार्की महिलाको स्वास्थ्य सम्वन्धि जानकारी अर्थोपार्जन, श्रमको जानकारी र छुवाछुतको अवस्था जस्ता पक्षहरु समावेश गरियो । अब अध्याय छ मा अध्ययन क्षेत्रका सार्की समुदायको शैक्षिक  अवस्थालाई प्रस्तुत गरिने छ ।

# अध्याय – छ

## अध्ययन क्षेत्रका सार्की महिलाको शैक्षिक अवस्था

सामाजिक रुपमा अछुत मानिएका सार्की जातिको महिलाको शैक्षिक अवस्था निकै पछाडि परेको देखिन्छ । शिक्षालाई सांस्कृतिकको आधारमा कसले पढ्न हुने र कसले पढ्न नहुने भनेर छुट्याइएका कारण दलित महिलाहरु शिक्षाबाट पनि बञ्चित छन् । आफ्नो पालामा आफ्ना जातिलाई विद्यालयजान रोक लगाएको थियो भनेर केही बृद्धहरु बताउँछन । हाल विद्यालयमा प्रवेश गर्नबाट रोक नलगाएको भएतापनि आफ्नो जातिको कुनै व्यक्तिले पनि धेरै नपढेको वताउँछन । पहिले पहिले लैङ्गिक असमानताले गर्दा छोरीलाई नपढाउने प्रचलन थियो भने छोरालाई अलिअलि अक्षर चिनाएपछि भारततिर पैसा कमाउन पठाउने प्रचलन थियो । तर अहिले छोरीले पनि पढ्नु पर्दछ भन्ने चेतना फैलिएको छ । तापनि माथिल्लो जातिका महिला जस्तो धेरै- धेरै यो जातिका महिलाले पढ्न सकेका छैनन् ।

### ६.१ सार्की समुदायको शैक्षिक स्थिति

शैक्षिक दृष्टिले नेपालमा दलित जातिहरु निकै पछाडी परेका छन् यी सार्की जातिहरु पनि आर्थिक रुपबाट दयनिय भएको कारणले गर्दा र जनचेतनाको कमीले गर्दा यीनिहरुको शैक्षिक स्थिति निकै कमजोर रहेको छ । अध्ययन स्थलका सार्की जातिहरुको शैक्षिक गतिविधिलाई निम्न तालिकाबाट देखाइन्छ ।

तालिका नं. ६.१
सार्की समुदायको शैक्षिक स्थिति

| | | शैक्षिक योग्यता | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | नाता | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | बालकक्षा | जम्मा |
| १ | ससुरा | ४ | २ | - | - | - | - | - | ६ |
| २ | सासु | १० | - | - | - | - | - | - | १० |
| ३ | श्रीमान | २ | २२ | १५ | १ | २ | - | - | ४२ |
| ४ | आफू | २० | १३ | १२ | ३ | १ | १ | | ५० |
| ५ | छोरा | - | ३ | २९ | ३६ | ८ | - | - | ७६ |
| ६ | छोरी | - | - | २९ | २७ | ६ | ३ | २ | ६७ |
| ७ | बुहारी | - | २ | १ | - | - | - | - | ३ |
| ७ | नाती | - | - | १० | ३ | - | - | - | १३ |
| ८ | नातिनी | - | - | - | ३ | - | - | ३ | ६ |
| जम्मा | | ३६ | ४२ | ९६ | ७३ | १७ | ४ | ५ | २७३ |
| प्रतिशत (%) | | १३.१८ | १५.३८ | ३५.१६ | २६.७३ | ६.२२ | १.४६ | १.८३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

नोट : स्कूल जाने उमेर ६+ लाई मात्र लिइएको

तालिका नं. ६.१ अनुसार थाहा हुन्छ की अध्ययन स्थलका सार्की जातिका सदस्यहरु जम्मा २७३ रहेको पाइयो जुन मध्ये ३६ जना निरक्षर रहेको पाइयो । यो जम्मा संख्याको १३.१८ हुन आउछ जसमा अध्ययनस्थलका महिलाको नातामा ससुरा ४ निरक्षर, सासु १० निरक्षर, श्रीमान २ निरक्षर र आफू २० रहेको पाइयो । साक्षरको संख्या ४२ रहेको पाइयो । जुन कुल संख्याको १५.३८ प्रतिशत हुन आउछ । जसमा उत्तरदाता महिलाको नातामा ससुरा २ ,श्रीमान २२ ,आफू १३, छोरा ३ र बुहारी २ रहेका छन् । प्रा.वि. पढ्नेको संख्या ९६ रहेको पाइयो । यो जम्माको ३५.१६ प्रतिशत हुन आउछ । जसमा नातामा श्रीमान १५, आफू १२ ,छोरा ९, छोरी २९, नाती १० बुहारी १ गरी जम्मा ९६ रहेको पाइयो । नि.मा.वि. पढ्नेको संख्या ७३ रहेको छ । जुन कुल संख्याको २६.७३ हुन आउछ । उत्तरदाताको नातामा श्रीमान १, आफू ३, छोरा ३६, छोरी २७, नाती ३, नातिनी ३ रहेका छन् । मा.वि.पढ्नेको संख्या १७ रहेको पाइयो । जुन कुल संख्याको ६.२२ प्रतिशत हुन आउछ । जुन उत्तरदाताको नातामा श्रीमान २, आफू १, छोरा ८, छोरी ६ रहेको पाइयो । उच्च मा.वि. पढ्नेको संख्या ४ रहेको पाइयो जुन जम्मा संख्याको १.४६ प्रतिशत हुन आउछ । जसमा उत्तरदाताको नातामा आफू १ र छोरी ३ मात्र रहेका छन् । बालकक्षा पढ्नेको संख्या ५ रहेको छ जुन कुल संख्याको १.८३ प्रतिशत हुन आउछ, जुन नातामा छोरी २ र नातिनी ३ रहेका छन् ।

तालिका नं. ६.१ ले यस गा.वि.स.का वडा नं. १,२ र ३ का सार्की जातिका सदस्यको शिक्षाको विवरण देखाउछ सार्की अभिभावकहरु आफू निरक्षर वा साक्षर भए पनि पढ्न नसकेकोमा दुःखी ठान्दछन् र छोरा छोरीलाई पढाउनु पर्ने सोंचाई राख्दछन् तरपनि प्राथमिक शिक्षा पुरा हुँदा नहुदै घरको आर्थिक कारणले गर्दा सानै देखि स्कूल छाडी आर्थिक रुपमा सघाउनु पर्ने बाध्यता आउँछ ।

### ६.१.१ शिक्षामा अन्तर

अध्ययन स्थलका सार्की समुदायमा श्रीमान श्रीमती वीच शिक्षामा भएको अन्तरलाई तालिका नं.६.२ वाट प्रस्ट पारिन्छ ।

तालिका नं.६.२

श्रीमान श्रीमती वीच शिक्षामा अन्तर

| क्र.सं. | नाता | निरक्षर | साक्षर | प्रा.बि | नि.मा.बि. | मा.बि. | उ.मा.बि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीमान | २ | २२ | १५ | १ | २ | – | ४२ |
| २ | श्रीमती | २० | १३ | १२ | ३ | १ | १ | ५० |
| जम्मा | | २२ | ३५ | २७ | ४ | ३ | १ | ९२ |
| प्रतिशत (%) | | २३.९१ | ३८.०४ | २९.३४ | ४.४३ | ३.२६ | १.०८ | १०० |

स्रोत : स्थलगत अध्ययन

तालिका नं. ६.२ वाट जानकारी हुन्छ की अध्ययन स्थलका महिलाका श्रीमान र श्रीमतीको जम्मा संख्या ९२ रहेको छ । जसमा २२ जना निरक्षर रहेका छन यो जम्मा संख्याको २३.९१ प्रतिशत हुन आउछ । जसमा श्रीमती २० निरक्षर र श्रीमान २ निरक्षर रहेको पाइयो । साक्षरको संख्या ३५ रहेको छ जुन जम्माको ३८.०४ हुन आउँछ । जसमा श्रीमती १३ र श्रीमान २२ रहेको पाइयो । प्रा .बि. पढ्नेको संख्या २७ रहेको छ जुन जम्माको २९.३४ प्रतिशत हुन आउछ जसमा श्रीमान १५ र श्रीमती १२ जना रहेका छन । नि.मा.बि. पढ्नेको संख्या ४ रहेको छ यो जम्मा संख्याको ४.४३ प्रतिशत हुन आउछ । जसमा श्रीमान १ र श्रीमती ३ रहेको पाइयो । मा.बि. पढ्नेको संख्या ३ रहेको छ जुन जम्माको ३.२६ प्रतिशत हुन आउछ । जसमा श्रीमान २ र श्रीमती १ रहेको पाइयो । उ.मा.बि. पढ्नेको संख्या १ रहेको छ जुनजम्माको १.०८ प्रतिशत हुन आउछ । जसमा श्रीमती एक जनाले मात्र उच्च शिक्षा पढेको पाइयो ।

तुलनात्मक रुपले हेर्दा श्रीमान भन्दा श्रीमती धेरै निरक्षर रहेको पाइयो । जुन लैङ्गिक असमानताको कारणले गर्दा हो भन्न सकिन्छ । प्रा.बि.पढ्नेको संख्या पनि श्रीमानकै धेरै देखिन्छ । नि.मा.बि. पढ्नेको संख्या श्रीमतीको धेरै देखिन्छ जसमा श्रीमतीहरु कम उमेरका रहेको (३५ वर्ष भन्दा तल ) पाइयो भने पुरुषहरु घरको आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा बिदेसिन वाध्य भएको हुनाले वीचैमा पढ्न छोडेको थाहा भयो । मा.बि. पढ्नेको संख्या पनि न्युन रहेकोछ भने उ.मा.बि. पढ्ने १ जना महिला पनि १२ कक्षा पढ्दा पढ्दै बिहे भएर पढ्न छोडेको बताइन । यसवाट प्रस्ट हुन्छकी अध्ययन स्थलका सार्की श्रीमान तथा श्रीमतीको शिक्षाको स्तर नाजुक रहेको छ । त्यसमा पनि पुरुष भन्दा महिलाको स्थिति नाजुक रहेको पाइयो ।

सार्की समुदायका महिलाहरुमा सबभन्दा जेठी छोरीलाई भाइवैनी हेर्न पर्ने भएकोले पढ्न बाधा भएको र अरुले भने अध्ययन गर्न पाउने संभावना देखियो । यी सार्कीहरु आर्थिक अवस्थामा कमजोर, सन्तानहरु पनि धेरै हुने र छोरी मान्छेले पढ्नु पर्दैन भन्ने धारणा रहेकोले गर्दा पढ्न नपाएको अन्तरवार्ताबाट पनि जानकारी आयो । यस अध्ययनबाट के प्रस्ट हुन्छ भने अहिले पनि आर्थिक अभाव साथै विभिन्न कारणले गर्दा निरक्षर महिलाको संख्या नै धेरै देखियो । यसको तुलनामा कम मात्रामा मात्र शिक्षित महिलाको संख्या देखा परेको अध्ययनमा पाइयो । यहाँ उच्च शिक्षा पढ्ने महिला जम्मा १ घर परिवारमा मात्र छन् । यसबाट पनि स्पष्ट हुन्छ की यहाँका सार्की महिलाको शैक्षिक अवस्था अत्यन्तै कमजोर छ

। यस समाजका महिलाले पढ्दा पढ्दै विचमा छोड्नु पर्ने कारणमा घरकाले नपढाएर, आर्थिक अभावले गर्दा, काम गर्नु पर्ने भएर, स्कूल टाढा भएर, छोरीले पढ्नु पर्दैन भनेर, पढाइको महत्व नबुझेर तथा छुवाछुतले गर्दा, बिहे भएर जस्ता विभिन्न बाधाहरुले गर्दा भन्ने थाहा हुन आयो ।

जसलाई निम्न व्यक्तिगत अध्ययनहरुवाट अझ बढि प्रस्ट पार्न सकिन्छ ।

*"धनकला नेपालीले पढ्नु भएको छैन । उहाँको  मूख्य पेशा कृषि तथा पशुपालन हो । यहि पेशालाई उहाँको श्रीमानले पनि अंगाल्दै आउनु भएको घर आफ्नो जग्गाको खेतीले मात्र गुजारा नचल्ने भएको कारणले गर्दा उहाँहरुले अरुको खेतवारी अधिया गर्ने गर्नु भएको छ । आफ्नो बारीको उब्जनी साथै अधिया गरेको उब्जनीले गर्दा उहाँहरुलाई जेनतेन वर्ष भरी खान पुगेको धनकला नेपाली बताउनु हुन्छ ।उहाँले पढ्नु भएको छैन । उहाँले पढ्न नपाउनुको कारण माइतमा आर्थिक अवस्था कमजोर रहेको, बाबुले जाँड रक्सी अत्यधिक खाने, ज्यालामा काम गरि ल्याएको पैसाले पढ्नकोलागी नपुग्ने,बाबु परिवार प्रति उत्तरदायी नभएको उहाँले बताउनु भयो । बाबुको यस्तो नराम्रो बानीले गर्दा, भाइबहिनीहरु धेरै भएकोले गर्दा घरको काम गर्नु पर्ने आमालाई सघाउनु पर्ने, आफू पनि आमासँगै ज्यालामा हिड्नु पर्ने बाध्यता भएकोले गर्दा उहाँले पढ्न नपाउनु भएको गुनासो गर्नुभयो । बाबु आमामा चेतनाको कमीले गर्दा गरीबिको कारणले गर्दा साथै पढाइको महत्वलाई नबुझेर नै उहाँले पढ्न नपाएको र आफ्नो जीवन अन्धकार भएको बताउनु भयो । यसरी आफ्नो जीवन अन्धकारमा वितेपनि आफ्ना छोराछोरीहरु शिक्षित बनाउने र आफ्नो जातिका महिला अगाडी बढ्न भन्ने सकारात्मक सोंचाइ उहाँको रहेको छ । पहिलेको तुलनामा अहिले छोरीलाई पढाउनु पर्दछ भन्ने धारणा आएको छ यो नै उहाँको खुशीको कुरा रहेको उहाँ बताउनु हुन्छ । "धनकला नेपाली (नाम परीवर्तन गरीएको )*

*"फूलमायाँ नेपालीले पढ्नु भएको छैन । नपढेको कारण धेरै दुःख कष्ट भोग्नु परेको उहाँ बताउनु हुन्छ । माइतमा भाइबहिनी हेर्नुपर्ने, आर्थिक अवस्था पनि त्यति राम्रो नभएको तथा घर परिवार धान्न बुवा भारतमा नोकरी गर्न गएकोले आमालाई कृषि कार्य तथा घरको सम्पूर्ण काममा सघाउनु पर्ने भएकोले उहाँले पढ्न नपाएको बताउनु भयो । उहाँको विहे पनि १४ वर्षको उमेरमै भएको बताउनु भयो । पढ्ने लेख्ने उमेरमै आर्थिक अवस्था कमजोर तथा सामाजिक कारणले गर्दाकम उमेरमै विवाह भएको र विवाह पछि पनि छोरीमात्रै जन्मेको कारणले गर्दा श्रीमानले अर्को विहे गरेकोमा फूलमाया नेपाली  साह्रै दुःखी हुनुहुन्छ । "उहाँको मुख्य पेशा कृषि भएपनि जम्मा ३ महिनामात्र खान पुग्छ त्यसैले वहाँले ज्यालामा उपल्ला जातिकोमा काम गर्नुहुन्छ । उपल्लो जातिकोमा गएर काम गरेको पारिश्रमिक पनि दिनको जम्मा १०० रुपैया मात्र आउछ र त्यही १०० रुपैयाबाट घर खर्च चलाउनु पर्ने तथा छोरीहरुलाई पढाउनु पर्ने भएकोले छुट्टिको बेलामा छोरीहरुलाई पनि सँगै काम गर्न लैजानु परेको बाध्यता उहाँले बताउनु हुन्छ । यसरी दुःख गरेर भएपनि उहाँले छोरीहरुलाई पढाउनु भएको छ । पढाउन त के सकिएलार आफू जस्तै निरक्षर भएर दुःख नपाउन् भन्ने लाग्छ त्यसैले स्कूलमा भर्ना गरिदिएकी छुँ भन्नुहुन्छ । छोरीले पढ्नु पर्छ र पढेर केही गर्नुपर्छ भन्ने धारणा भएपनि आर्थिक अवस्था कमजोर भएको र श्रीमानको पनि भरोसा नभएको कारणले गर्दा छोरीलाई पढाउन सकिदैनकी जस्तो लाग्छ । सकेसम्म त दुःख गरेरै भए पनि पढाउने छु"। फूलमायाँ नेपाली (नाम परीवर्तन गरीएको )*

उपर्युक्त व्यक्तिगत अध्ययनबाट पनि थाहा हुन्छ की सार्की जातिका महिलाहरु माइतमा आर्थिक अवस्था कमजोर भएको, दलित भएकै कारणले जाँड रक्सी धेरै खाने र छोरा छोरी धेरै हुने हुँदा भाइ बहिनी हेर्नु पर्ने, कम उमेर मै विवाह हुने र छोरीले पढ्नु पर्दछ भन्ने महत्व नबुझेर बाबु आमाले नपढाएको पाइन्छ ।

### ६.१.२ स्कुलमा हुने छुवाछुत

वर्तमान अवस्थामा स्कुलमा छुवाछुतको व्यवहार नपाइएतापनि पहिले-पहिले स्कुलमा धेरैनै छुवाछुतको व्यवहार भोग्नु पर्दथ्यो । त्यहि स्कुलमा हुने छुवाछुतले गर्दा पनि यहाँका सार्की महिलालाई पढ्न वाधा परेको स्थलगत सर्वेक्षणवाट थाहा हुन्छ । स्कुल पढ्दा सार्की महिलाले भोग्नु परेको छुवाछुतको अवस्थालाई तालिका नं.६.३ वाट  प्रस्ट पारिन्छ ।

तालिका नं. ६.३

स्कुलमा छुवाछुत हुने अवस्था

| क्र.सं. | अवस्था | संख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | सबै साथीसँग नबसेर छुट्टै बस्नु पर्थ्यो | ३ | १३.६३ |
| २ | पानी खाँदा अलग खानु पर्दथ्यो | ५ | २२.७२ |
| ३ | खाजा खाँदा छुट्टै बसेर खानु पर्दथ्यो | ११ | ५० |
| ४ | अन्य | ३ | १३.६३ |
| जम्मा | | २२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : शिक्षित महिला २२ जना मात्र भएकोले जम्मा महिलाको संख्या नलिइएको)

तालिका नं. ६.३ अनुसार सबै साथीसँग नबसेर छुट्टै बस्नु पर्थ्यो भन्ने संख्या ३ रहेको छ जुन जम्मा संख्याको १३.६३ प्रतिशत हुन आउँछ। पानी खाँदा अलग खानु पर्दथ्योमा ५ जनाको संख्या पाइयो जुन जम्मा संख्याको २२.७२ प्रतिशतहुन आउछ। खाजा खाँदा छुट्टै बसेर खानु पर्दथ्योमा ११ जनाको संख्या पाइयो जुन जम्मा संख्याको ५० प्रतिशत हुन आउछ। अन्यमा ३ जना जुन जम्माको १३.६३ प्रतिशत हुन आउँछ।

अध्ययन क्षेत्रका सार्की महिलाहरुले शिक्षा हासिल गर्ने क्रममा स्कूलमा छुवाछुतको अवस्था भोग्नु परेको बताए। ती महिलाहरुले पढ्ने समयमा अहिलेको जस्तो स्कूलमा छुवाछुतको व्यवहार नभएको पाइएन। त्यसैले गर्दा पनि सार्की महिलाहरुलाई अध्ययन गर्न अप्ठ्यारो भएको थाहा हुन आयो।


### ६.१.३ स्कुलमा हुने भेदभाव

स्कुलमा हुने छुवाछुत र विभिन्न निकायहरुवाट हुने भेदभावले गर्दा सार्की महिलालाई पढाइमा बाधा परेको र पढ्दा पढ्दै बिचैमा छोड्नु परेको थाहा हुन आयो। स्कुलमा हुने भेदभावको अबस्थालाई वृत्त चित्र नं. ६.१ वाट प्रस्ट पारिन्छ

वृत्त चित्र नं. ६.१

स्कूलमा हुने छुवाछुत र भेदभाव

जम्मा संख्या = ५०




स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : शिक्षित महिला २२ जना मात्र भएकोले जम्मामहिलाको संख्या नलिइएको)

वृत्त चित्र नं. ६.१ बाट यो जानकारी हुन्छ की स्कूलमा छुवाछुत धेरै साथीबाट भएको पाइयो जुन जम्माको ४५.४५ प्रतिशत रहेको छ । शिक्षक शिक्षिकाबाट २२.७२ प्रतिशत रहेको पाइन्छ। प्रशासनबाट १८.१८ अन्यमा १३.६३ प्रतिशत रहेको छ।

समाजमा वर्तमान समयमा स्कूलमा छुवाछुतको भेदभाव नभएतापनि पहिले-पहिले छुवाछुतको भेदभाव हुने गरेकोले यस समाजका महिलाहरु पनि छुवाछुतको प्रभावमा परेको पाइयो। जहाँ साथीहरुबाट धेरै छुवाछुत हुने गरेको र त्यतिबेला शिक्षक शिक्षिकाहरुले पनि छुवाछुत सम्बन्धि धारणा राखेको, प्रशासनमा पनि छुवाछुतको धारणा रहेकोले प्रशासनिक काम गर्दा उपल्ला जाति जाने ठाउँ सम्म जान नपाई बाहिरबाट काम चलाउनु परेको र स्कूलमा हुने कार्यक्रमहरु हुँदा बोलाइने बाहिरी मान्यजनहरुले पनि छुवाछुतको भेदभाव गरेको पाइयो।


## ६.१.४ छुवाछुत विरुद्ध कदम

यहाँका सार्की महिलाले स्कुलमा हुने छुवाछुत विरुद्ध कदम चाल्न धेरैले नसकेको बताए। छुवाछुतको कारणले गर्दा धेरै समस्या भोग्नु परेतापनि उनीहरु मौन वस्न बाध्य भएको जानकारी आयो। केही महिलाहरुले भने यसको विरुद्ध केहि कदम चालेको पाइयो। जसलाई वृत्त चित्र नं. ६.२ वाट प्रस्ट पारीन्छ।

वृत्त चित्र नं. ६.२

छुवाछुत विरुद्ध कदम

जम्मा संख्या = २२




स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : शिक्षित महिला २२ जना मात्र भएकोले जम्मामहिलाको संख्या नलिइएको)

वृत्त चित्र नं. ६.२ बाट यो जानकारी हुन्छ की स्कूलमा छुवाछुत कदम चाल्नेको प्रतिशत सबभन्दा कम ४.५४ प्रतिशत पाइयो । चालेको थिइन भन्नेको प्रतिशत ४०.९० रह्यो भने चाहेर पनि बोल्न सकिन भन्नेको संख्या सबैभन्दा धेरै ५४.५४ प्रतिशत पाइयो ।

अध्ययनको क्रममा जानकारी आए अनुसार छुवाछुत विरुद्ध कदम चाल्नेमा कानून बमोजिम व्यवहारमा लागु हुनु पर्दछ भन्ने आवाज उठाएर विरोध जनाएको पाइयो । महिलामा अशिक्षा तथा रुढीवादीको कारणले गर्दा कसैले समर्थन नगरेको थाहा भयो । सार्की महीलाहरुको स्कूलमा संख्या कम भएको कारणले गर्दा चाहेर पनि बोल्न नसक्ने स्थिति आउनुको साथै छुवाछुत विरुद्ध कदम चाल्न नसकेको थाहा भयो ।


### ६.१.५ छोरीलाई शिक्षा

यस समुदायका सार्की महिलाहरु शिक्षाको कमिले गर्दा आफुले धेरै दुःख भोग्न परेको कारणले गर्दा अहिलेको जमानामा छोरीलाई पढाउनु पर्दछ भन्ने धारणा धेरै महिलामा रहेको पाइयो ।  केहि उमेर अलि धेरै भएका महिलाहरुले भने पढाउन आवश्यक छैन भने । त्यसैले यस समाजमा रुढीवादी परंपरा पूर्ण रुपमा हटेको छैन । यस सम्बन्धि उत्तरदाताको धारणा वृत्त चित्र नं.६.३ वाट प्रस्ट हुन्छ ।

वृत्त चित्र नं. ६.३

छोरीलाई पढाउने सम्बन्धि धारणा

जम्मा संख्या = ५०




स्रोत:स्थलगतसर्वेक्षण,२०६७

वृत्त चित्र नं. ६.३ बाट यो जानकारी हुन्छ की छोरीलाई पढाउनु पर्छ भन्ने धारणामा ८० प्रतिशत उत्तरदाताहरु रहेका छन् । आवश्यक छैन भन्नेमा १२ प्रतिशत र थाहा छैन भन्नेमा सबैभन्दा कम ८ प्रतिशत रहेको पाइयो ।

यस समाजमा छोरीलाई पढाउनु पर्दछ भन्ने धारणा धेरैमा पाइयो । अशिक्षित महिलाहरु पनि आफू नपढेको कारणले समाजमा पछाडी परेको कारणले गर्दा आफ्ना छोरीलाई जसरी पनि पढाउनु पर्दछ भन्ने धारणा व्यक्त गरे । आवश्यक छैन भन्नेमा अशिक्षित महिलाहरु र धेरै उमेरका महिलाले शिक्षाका बारेमा नबुझ्केको कारणले गर्दा पर्दैन हामीले नपढे पनि भयो भन्ने उत्तर पाइयो । अशिक्षित महिलावाट थाहा छैन भन्ने उत्तर आयो । छोरी विहे गरेर अर्काको घरमा जाने जात हो । छोरीले घरको काम गर्न सिक्नु अनिवार्य हुने हुदा छोरीले पढ्नु आवश्यक छैन भन्ने जानकारी पनि अध्ययनमा पाइयो ।

अध्ययन स्थलमा लिइएको अन्तरवार्ताबाट पनि जानकारी हुन्छकि त्यहाँका महिलाले नपढेर धेरै दु:ख कष्टहरु भोग्नु परेको । अशिक्षाको कारणले गर्दा कति ठाउँमा ठगिन परेको र अशिक्षित भएको कारणले गर्दा विभिन्न दु:ख कस्ट सहन परेको कारणले गर्दा पनि यी महिलाहरुले आफुले नपढेपनि छोरीलाई पढाउनु पर्छ भन्ने धारणा राखेको पाइयो ।

छोरा छोरीलाई स्कूल पठाउनु पर्दछ भन्ने धारणा धेरै अभिभावकमा पाइयो र यसलाई अझ स्पष्ट रुपमा बुझ्नकोलागि सार्कीहरुले पढ्ने नजिकैको स्कूलका शिक्षकसँग लिइएको अन्तरवार्ता - यस विद्यालयमा भर्ना भएका सार्की छात्र तथा छात्राहरुको संख्या बराबरी

जस्तो रहको छ । बर्तमान अवस्थामा पहिले जस्तो दलित महिलालाई नपढाई घरमा राखेको पाइदैन । त्यसैले छात्र तथा छात्राहरुको संख्या लगभग समान जस्तै भएको हो । छोरा र छोरीमा भिन्नता नराखी स्कूलमा भर्ना गराएका छन् त्यसैले संख्यामा कमी बढी भएता पनि समान शिक्षा दिनु पर्दछ भन्ने धारणामा कमी छैन । सार्की महिलाहरुले धेरै पढ्न नसकेपनि प्रा.वि.सम्म मात्र पढेर छोडेका रेकर्डहरु विद्यालयमा रहेका छन् । त्यसैले साक्षर महिलाहरु धेरै छन भन्न सकिन्छ ।

तालिका नं. ६.४

सार्की समुदायका बच्चाबच्चीको सम्पर्क

| क्र.सं. | जाति | घर परिवार | प्रतिशत (%) |
|---|---|---|---|
| १. | माथिल्लो जाति | १२ | २४ |
| २. | आफ्नै जातिसँग | ८ | १६ |
| ३. | दुवैसँग | ३० | ६० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ६.४ अनुसार सार्की जातिका बच्चाबच्ची माथिल्लो जातिसँग हिड्नेको संख्या १२ घरधुरी पाइयो जुन कुल घरधुरीको २४ प्रतिशत हुन्छ । आफ्नै जातिसँग हिड्नेको संख्या ८ पाइयो जुन कुल घरधुरीसंख्याको १६ प्रतिशत हुन्छ । दुवैसँग हिड्नेको संख्या ३० पाइयो जुन कुल घरधुरीको ६० प्रतिशत हुन्छ ।

सार्की जातिका छोराछोरी स्कुलमा दुबैजातिसँग (माथिल्लो जाति र आफ्नै जातिसँग) धेरै हिड्ने गरेको पाइयो । जसको कारण यो समाजको नजिक अन्य जातिको समाज रहेकोले यो जातिको सम्पर्क अन्य जातिसँग रहेको पाइयो । यस समाजका सार्की जातिका छोरा छोरीहरुले पढ्ने स्कूलमा अरु जातिको तुलनामा आफ्नो जाति कम भएकोले आफ्नै जातिसँग कम हिडेको अध्ययनमा पाइयो । तपाईको बच्चा बच्चीलाई विद्यालयमा शिक्षक शिक्षिकाले कस्तो व्यवहार गर्दछन् ? भन्ने प्रश्नको जवाफमा सबैको एकै प्रकारको उत्तर समान व्यवहार गर्दछन् भन्ने नै पाइयो । स्कूलमा छुवाछुतको धारणा नभएको पाइयो ।

दलित भनेर पहिले-पहिले जस्तो अहिले स्कूलमा शिक्षक तथा शिक्षिकाले फरक व्यवहार नगरेको दलितहरुलाई पनि उपल्ला जाति सरह नै समान व्यवहार गरेको । दलित भनेर हेप्ने होच्याउने तथा छुट्टै बस्नु पर्छ भन्ने जस्ता व्यवहारहरु स्कुलमा शिक्षक तथा शिक्षिकाले नगरेको । स्कूल भित्र दलित भनेर होच्याउने अरुलाई भन्दा कम चासो दिने

दलितले राखेका तथा सोधेका प्रश्नको जवाफ नदिने जस्ता व्यवहारहरु स्कूलमा नभएको स्थलगत सर्वेक्षणवाट जानकारी भयो त्यसैले भन्न सकिन्छकि समाजमा जस्तो असमानता रहेपनि स्कूल भित्र  उपल्लो जाति र तल्लो जाति बीच भिन्नता रहेको छैन ।

छोरीहरु स्कूलबाट फर्केपछि के गर्दछन् ? भन्ने प्रश्नको जवाफमा पढ्ने भन्दा बढी घरायसी काम लगायत कृषिकार्य गर्ने थाहा भयो । आर्थिक अभावको कारणले गर्दा नै यी महिलाहरुले पढाइलाई भन्दा बढी समय कामलाई दिनु पर्ने बाध्यता भएको बताए ।

### ६.१.६ अभिभावकले पढाइमा गर्ने सहयोग

अध्ययन स्थलका अभिभाबकहरुले आफ्ना छोराछोरीलाई पढाइमा पूर्ण रुपमा सहयोग गर्न नसके तापनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गरेको पाइयो । शिक्षित तथा अशिक्षित जुनसुकै बाबु आमाले पनि विभिन्न तरीकाबाट आफ्ना बच्चा बच्चीलाई पढाइमा सहयोग गरेका रहेछन् । जुन तालिका नं.६.५ बाट प्रस्ट पार्न सकिन्छ ।

तालिका नं. ६.५

पढाइमा  सहयोग

| क्र.सं. | सहयोग | घर संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | गृहकार्य गराएर | ५ | १० |
| २. | नियमित अध्ययन गराएर | २५ | ५० |
| ३. | काममा छुट दिएर | १२ | २४ |
| ४. | अन्य | ८ | १६ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ६.५ मा देखाएर अनुसार गृहकार्य गराएर सहयोग गर्नेको संख्या ५ रहेको छ जुन जम्मा संख्याको १० प्रतिशत हुन्छ । नियमित अध्ययन गराएर सहयोग गर्नेको संख्या २५ रहेको छ जुन जम्मा संख्याको ५० प्रतिशत हुन आउछ । काममा छुट दिएर सहयोग गर्नेको संख्या १२ रहेको छ जुन जम्मा संख्याको २४ प्रतिशत हुन आउँछ । अन्य तरिकाबाट सहयोग गर्नेको संख्या ८ रह्यो जुन जम्माको १६ प्रतिशत हुन्छ ।

यस अध्ययनबाट जानकारी भए अनुसार समाजमा आएको शैक्षिक परिवर्तनले गर्दा घरको कार्य आफूले गरेर भएपनि र स्कूलमा चाहिने सामानहरु उपलब्ध गराएर बच्चा बच्चीलाई स्कूल पढ्न सहयोग गरेको पाइयो ।

अन्तरवार्ताबाट पाइएको जानकारी अनुसार छोरा र छोरीमा भेदभाव भएर पढ्न कठिनाई नभएको तर भाइबहिनी आफू भन्दा साना भएका कारणले गर्दा आमालाई केही बढी सहयोग गर्नु पर्ने, आर्थिक अवस्था पनि कमजोर भएको हुनाले स्कुल विदा हुदाको दिन अरुको घरमा ज्यालामा काम गर्न जानु पर्ने भएकोले आफूले समय मिलाएर पढ्नु पर्छ भन्ने जानकारी पाइयो । दलित भए पनि पढेर अरु सरह अगाडी बढ्नु पर्छ भन्ने धारणा रहेकोले घरमा पढ्न हौसला दिनुहुन्छ । आमाले मैले नपढेर दुःख पाएँ अब तिमी छोरीहरु राम्रोसँग पढेर अगाडी बढ्नु पर्दछ भन्नु हुन्छ भन्ने जवाफवाट पनि प्रस्ट हुन्छकी सार्की समुदायका छोरीहरुलाई वर्तमान समयमा छोरा सरह पढ्ने अवसर रहेको छ । घरमा काम गर्न सघाउनु परे पनि पढ्नु पर्दछ भन्ने धारणा रहेकोले उपल्ला जाति सरह अघी वढ्नु पर्दछ भनि स्कूल पठाएको पाइयो ।

पढेका छोरीहरु आय मूलक काममा लागेका छन् की छैनन् ? भन्ने प्रश्नको जवाफमा सम्पूर्ण घरधुरीबाट एउटै जवाफ छैनन् भन्ने आयो । अध्ययन क्षेत्रका अभिभावकहरुले आफ्ना छोरीहरुलाई स्कुल पढ्न पठाएको पाइयो ।

सार्की समुदायमा कुनै पनि महिलाहरु आय मूलक काममा लागेको पाइएन तापनि स्कूल पढ्दै गरेका छोरीहरुले भने भविष्यमा विभिन्न काम गर्ने जनाए । जसलाई यसरी प्रस्ट पारीन्छ :- दलित महिलामा स्वास्थ्य सम्वन्धि जानकारी त्यत्ति धेरैलाई छैन हाम्रो गाउँमा स्वास्थ्य क्षेत्रमा दलित महिलाहरु कोही पनि लागेका छैनन् । त्यसैले आफ्नै गाउँमा स्वास्थ्य सम्वन्धि सेवा गर्ने इच्छा छ भन्ने जानकारी पाइयो । अर्को एकजनाले दलित महिलाबाट पढेर काम गर्नेको संख्या एकदम थोरै रहेको छ । हाम्रो गाउँमा पढेर राम्रो काम गर्ने दलित महिला कोही छैन । म भविष्यमा पढेर शिक्षिका हुने लक्ष्य राखेकी छु । मलाई हाम्रो जातिबाट पनि कोही महिलाले त सरकारी क्षेत्रमा काम गरोस् जस्तो लाग्छ । त्यसैले मलाई पढाउने इच्छा छ भन्ने जवाफ दिइन यसवाट प्रस्ट हुन्छकी सार्की महिलाहरुमा हामीले पनि पढेर आय मुलक काम गर्नु पर्दछ र समाजमा इज्जत प्रतिष्ठाका साथ बाच्नु पर्दछ भन्ने धारणा रहेको पाइयो ।

## ६.२ आर्थिक तथा सामाजिक कारणले सार्की महिलाको शैक्षिक स्थितिमा पारेको प्रभाव

आर्थिक अवस्थाले नै मानिसको सामाजिक राजनैतिक एवं सांस्कृतिक विकासमा मुख्य भूमिका खेलेको हुन्छ । आर्थिक पक्षले जति दुरगामी प्रभाव पारेको हुन्छ । त्यति अन्य कुनै तत्वले प्रभाव पार्न सकेको पाइदैन । आर्थिक रुपमा यो अध्ययनमा गरिएका सार्की महिलाहरुको पनि जीवनका हरेक अवस्थामा प्रभाव पारेको छ । यथार्थमा अध्ययन गर्दा के देखिन्छ भने यस जाति पिछडिएको प्रमुख कारण पनि आर्थिक तथा सामाजिक अवस्थाले गर्दा नै हो ।

### ६.२.१.आर्थिक रुपमा पिछडिनुका कारण

**रोजगारीमा पहुँच नहुँनु** : अध्ययन स्थलका सार्की महिलाहरु आर्थिक रुपमा कमजोर हुनुको कारणले गर्दा पढ्न नपाई कुनै पनि रोजगारीमा संलग्न नभएको पाइयो ।

**परम्परागत कृषि प्रणाली** : यहाँका सार्की महिलाहरु परम्परागत कृषि प्रणालीमै आश्रित रहेका छन । कुनै पनि नयाँ प्रविधिको प्रयोग हुन सकेको छैन । उन्नत जातको खेतीपाती, उन्नतजातको पशुपालन हुन सकेको छैन । त्यसैले पनि यहाँ सार्की महिलाहरु आर्थिक रुपमा कमजोर भएको पाइन्छ ।

**आवश्यक सिपको कमी** : यहाँका सार्की महिलाहरुले खेतीपाती बाहेक अरु आयआर्जन गर्ने किसिमका सिप जानेका छैनन् त्यसैले कृषि व्यवसायमा रहेको अर्द्ध बेरोजगार तथा कृषिमा लुकेको अधिकांश रोजगारले आफ्नै घरमा हुने साधारण स-साना काम गर्दछन् ।

**शैक्षिक जागरणको अभाव** : यहाँका सार्की महिलाहरुमा शिक्षा प्रति भैरहेको धारणामा परिवर्तन भए अनुसार सार्की महिलाहरु स्कुल भर्ना भएको पाइदैन । यहाँ आफ्नो गाउँ नजिकै प्रा.वि. तथा उ.मा.वि.जस्ता विद्यालयहरु छन् । तर दुःख लाग्दो कुरा मा.वि.मा जम्मा ३ जना र उ.मा.वि.मा १ जना महिला मात्र भर्ना भएको देखिन्छ । यसरी अत्यधिक अशिक्षाको कारणले शिक्षाको माध्यमबाट प्राप्त हुन सक्ने हरेक रोजगारीको अवसरबाट यहाँका महिलाहरु बञ्चित देखिन्छन् ।

**श्रमको उचीत मुल्याङ्कन नहुनु :** ज्यालामजदुरी र अन्य काम गर्न जाँदा दलित महिलाहरुले दलित पुरुषहरुले सरह पनि ज्याला नपाउनुबाट श्रमको उचित मुल्याङ्कन नभएको देखिन्छ ।

**महिला सहभागितामा कमी :** दलित पुरुषहरुले विधिवत पेशा अपनाएर केही आर्थिक उपार्जन गरेपनि यसतर्फ दलित महिलाहरुको सहभागिता शुन्य नै रहेको देखिन्छ र आर्थिक रुपमा पुरुषहरुमाथी नै महिलाहरु आश्रित हुँदै गइरहेका छन् ।

स्रोतः स्थलगत सर्बेक्षण

### ६.२.२. सामाजिक रुपमा पिछडिनुका कारण

**जातिय विभेद र छुवाछुत :** कानूनको अगाडी सबैलाई समानताको हक भएको भएपनि कार्यान्वयनमा देखिएको उदासिनताले गर्दा व्यवहारमा समाज जातीय विभेद र छुवाछुतद्वारा आक्रान्त छन् जसले गर्दा समानता हक प्रत्याभूती गर्न सकिरहेका छैनन् ।

**धर्म र परम्परागत समाज :** शिक्षा र चेतनाको अभावको कारण नेपाली समाज धर्म र अन्धविश्वासबाट प्रभावित छ । जाति व्यवस्थालाई धर्मको आधारमा विश्लेषण गरिने हुनाले दलितहरु वा दलित महिलाहरु आफूपछि पर्नुमा भगवानको लिला, पूर्वजन्मको पाप, भाग्यको खेल भन्ने जस्ता कुरामा विश्वास गरी आफूलाई याथास्थितिमा नै चित्त बुझाएर बसेको पाइन्छ ।

**वर्णवादी सामाजिक व्यवस्था :** ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र गरी चार वर्णमा विभाजित समाजलाई शुद्रलाई अन्य ३ वर्गको सेवा गर्ने वर्गमा राखेर विश्लेषण गरिएको हुनाले अहिले सम्मको अवस्थामा पनि शुद्र अन्तर्गत पर्ने दलित महिलाहरु समाजमा दबिएर बसेका छन् ।

**परम्परावादी समाज :** नेपाली समाज परम्परावादी भएकोले दलितहरु वा दलित महिलाहरुलाई अहिलेसम्म पनि तल्लो जातिको रुपमा हेर्छन् र यिनिहरु माथि तल्लो दर्जाको व्यवहार गर्दछन् । दलित महिलाहरु उच्च ओहदामा पुगे भने मान मर्यादा गर्नुपर्छ भन्ने डरले समाजमा ठूलाबडाहरु वा उच्च जातिले दलित महिलाहरुलाई दवाएर राखेका छन् ।

**सामाजिक भेदभावपूर्ण व्यवहार वाट ग्रसित रहनु :** ब्राम्हणवाद र सामन्तवाद भएको ठाउँमा दलित महिलाहरु सामाजिक भेदभावबाट ग्रसित भएका छन् ।

यिनीहरुसँग पशुतुल्य व्यवहार गरिन्छ । छोएपछि पानीको छिटो हालेर शुद्ध हुने माथिल्लो जातको घरबाट कोही बाहिर जानेबेलामा दलित महिला देखेपछि अशुभ हुन्छ भन्ने जस्ता विभिन्न कुरितिले गर्दा यहाँका दलित महिलाहरु सामाजिक भेदभावपूर्ण व्यवहारबाट ग्रसित छन् । स्रोतः स्थलगत सर्बेक्षण

यसरी समष्ठिगत रुपमा विश्लेषण गरेर हेर्दा के देखिन्छ भने यी सार्की महिलाहरुको आर्थिक अवस्था ज्यादै दयनिय हुनुका कारणहरुमा शैक्षिक, धार्मिक एवं सामाजिक पक्षहरुमा जातिय छुवाछुत र समान कामको अवसरबाट बञ्चित हुनु पर्ने पक्षहरु नै मुख्य कारक तत्वको रुपमा देखिन्छन् ।

## ६.३ सामाजिक तथा आर्थिक कारणले सार्की महिलामा पारेका प्रभावहरु

- शिक्षाको क्षेत्रमा असमानता र भेदभावपूर्ण वातावरणले दलित महिलालाई शिक्षाको क्षेत्रमा पहुँच छैन ।
- अर्काको घरमा जानु पर्ने कारण देखाई दलित महिलाहरुलाई स्कूल भर्ना गरिएको हुदैन उनीहरुलाई १३, १४ वर्षको उमेर पुग्दा नपुग्दै विहे गरि पठाइन्छ र उनीहरु शिक्षाको उज्यालो घामबाट बन्चित हुनु पर्ने बाध्यता छ ।
- छोरीलाई अक्षर चिनाए पुग्छ र प्रा.वि. स्तरको शिक्षा दिए पुग्छ भन्ने धारणाले गर्दा सार्की महिलाको शैक्षिक रोजगारीमा पहुँच पुगेको देखिदैन ।
- नियमित रुपमा विद्यालय जान नपाउने भएकोले सार्की महिलाहरु बिचमै पढाई छोड्न बाध्य छन् । यसले गर्दा शिक्षामा प्रतिकुल असर पारेको देखिन्छ ।
- छोरा छोरीको संख्या धेरै हुने भएकोले पनि स्कूल भर्ना गर्न नसकी छोरीलाई भाइबहिनी हेर्न लगाइन्छ । जसले गर्दा शिक्षामा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

स्रोतः स्थलगत सर्बेक्षण

यस अध्याय छ बाट अध्ययन स्थलमा सार्की महिलाको शैक्षिक विवरणको जानकारी भयो । उनीहरुलाई पढ्न परेका बाधा अड्चन समावेश भएका व्यक्तिगत अध्ययन,अन्तरवार्ता तथा सामाजिक र आर्थिक कारणले सार्की महिलाको शिक्षामा पारेका प्रभावहरु थाहा भयो । अध्याय सातमा अध्ययन स्थलका सार्की महिलामा आएको विभिन्न परिवर्तनहरुलाई समाबेस गरिने छ ।

# अध्याय – सात

## सार्की जातिका महिलाको परिवर्तन

यस अध्यायमा सार्की महिलामा आएको छुवाछुत सम्वन्धि परिवर्तन, शिक्षामा आएको परिवर्तनलाई समाबेश गरिएको छ ।

### ७.१ छुवाछुत सम्बन्धि धारणामा परिवर्तन

दलित सार्की महिलाहरु विभिन्न स्थलहरुमा छुवाछुतको दुर्व्यवहार भोग्नु परेको अवस्थाले उनीहरु सामाजिक रुपमा अपहेलित, गैह्र दलित महिलाले दलित महिलालाई नकारात्मक भावनाले हेर्नु, हेपाहा शोषण गर्ने प्रवृत्ति हावी हुनु, उनीहरुको काममा कम मुल्याङ्कन गर्नु, अप शव्द घोचपेच अनादर भावनाले सम्बोधन गर्ने जस्ता व्यवहारलाई सहजै स्वीकार गर्नु पर्ने बाध्यता एकातीर छ, किनकी उनीहरुको आर्थिक स्रोत गैह्र दलितको घरमा ज्याला मजदुरी गर्ने मानिन्छ । घर व्यवहार चलाउनकोलागि माथिल्लो जाति प्रति उत्तरदायी हुनु पर्ने अवस्थाले गर्दा पनि पिडित भएर जस्तो सुकै बाधा अड्चन सहनुपर्ने स्वीकार गर्दछन् । यहाका सार्की महिलाहरु सार्वजनिक स्थल, धारा, पधेरा मन्दिर, घर भोज भतेर सभा समारोह, होटल आदि स्थानमा बढी छुवाछुतको समस्या भोग्ने गर्दछन् । दलित महिलाहरु विनापारिश्रमिक एक छाक खानाकोलागि दिनभरी काम गर्नु पर्ने बाध्यता छ । उनीहरुलाई सम्बोधन गर्दा सर्किनी यस्ती उस्ती भनेर बोलाउने गर्दछन् ।

सार्की जाति दलित तथा अछुत वर्गमा पर्ने आफ्नै परम्परागत छालाको काम गर्ने जाति हो । नेपालका विविध स्थानमा बसोबास गर्ने यी सार्की जाति विशेषत पहाडी भेगमा तथा तराई प्रदेशमा माथिल्ला जातिका संरक्षणमा बसेका भेटिन्छन् भने आजभोली सबैतिर न्यूनसंख्यामा छरिएर बसोबास गरेका भेटिन्छन् । यसै क्रममा नेपालका विविध स्थान मध्ये गुल्मी जिल्ला हर्दिनेटा गा.वि.स.मा पनि यिनिहरु धेरै अघि देखि बसोबास गर्दै आइरहेका छन् ।

पहिले दलितहरुले उपल्ला जातका कोहीलाई भेटे पनि जदौं भनेर बाटोमुनी लाग्नु पर्ने अवस्था भएको कुरा पूर्वजहरु बताउछन् । तर अहिले आएर त्यसरी बाटोमा भेटिए पनि बाटो छोड्नुपर्ने चलन देखिदैन । यहाँका नयाँ युवा युवतीहरु छुवाछुतको कु-संस्कारलाई स्वीकार गर्न छोडेको देखिन्छ । जुन सामाजिक रुपमा भएको परिवर्तन हो ।

पहिले छोरीलाई पढाउनु हुदैन भन्ने धारणा समाजमा व्याप्त थियो तर अहिले यसमा पूर्ण रुपमा परिवर्तन आएको छ । छोरीलाई पढाउन आवश्यक छ की छैन भन्ने प्रश्नको

जवाफमा आएको सबभन्दा बढि ८० प्रतिशत उत्तरबाट पनि स्पष्ट हुन्छ की छोरीलाई पढाउने शिक्षा सम्वन्धि मतमा परिवर्तन आएको छ ।

अर्को कुरा के देखिन्छ भने अबका ब्राम्हण क्षेत्री समाजका युवा वर्गले त्यस्तो सामाजिक कुरीतिलाई पनि साथ नदिने भएकोले क्रमश जातिय भेदभाव हट्न थालेको देखिन्छ । पहिले जस्तो जथाभावी फोहोर बढी गर्ने, जाँड रक्सी बढी खाने मात्र नगरि त्यहाका सार्की समुदायले खेतीपाती र अन्य कार्यलाई बढी महत्व दिन्छन् । अहिले यिनीहरुले सफा सुग्घर बढी  गर्ने, घर आँगन सफा राख्ने मान्यतामा जोड दिएको देखिन्छ । सामाजिक एकता र सद्भावनाको जागरण बढ्दै छ । पहिले पहिले जस्तो रुढीवादी मात्र नभई सामाजिक चेतनाको लहर बढ्न थालेको देखिन्छ ।

छुवाछुत सम्बन्धि धारणामा पहिले र अहिलेमा कस्तो परिवर्तन पाउनु भएको छ ? भन्ने प्रश्नको जवाफमा सबै उत्तरदाताहरुले परिवर्तन आएको कुरा व्यक्त गरे आफ्नो समाजमा छुवाछुत सम्वन्धि धारणा रहेपनि केही कमी आएको बताए उपल्ला जातिले छुवाछुतको व्यवहार धारा, पधेरामा गरे पनि आफूहरु नछोइयोस् भनेर टाढा नजाने र उपल्लो जाति नै आफै टाढा जाने (नछोइने) गरेको बताए । पहिले आफूहरु उपल्लो जातिहरुसँग तर्केर हिड्नु पर्ने छोइयो भने छिटो हाल्ने गर्दथे भने अहिले छोइएमा छिटो हाल्ने गर्दैनन् भने एक जना महिलाले त उपल्ला जातकाले छोइएर छिटो हाले देखि आफूले पनि छिटो हाल्छौ भन्ने जवाफ दिइन । पहिले स्कूलमा सार्कीका छोरा, छोरी भनी बस्दा, पानी खादा, खाजा खादा छोइन्छ भनेर अलग्गै राख्ने गर्दथे भने अहिले यस्ता व्यवहारहरु स्कूलमा भोग्नु पर्दैन । यस बाट पनि स्पष्ट हुन्छ कि पहिले उपल्ला जातले तल्लो जातलाई गर्ने छुवाछुतको धारणामा परिवर्तन आएको छ ।

## ७.२ महिलाको शैक्षिक अवस्थामा परिवर्तन


यस समुदायमा पहिलेको पुस्ताका व्यक्तिहरुले शिक्षा प्राप्त गरेका छैनन् भने अहिलेका पुस्ताले शिक्षा प्राप्त गरेका छन् । त्यस्तैगरी अहिलेको पुस्ताका महिलाले पहिलेका महिलाले जस्तो पढ्दै नपढी काम मात्रै गर्ने गर्दैनन् ब्राम्हण क्षेत्रीको छोराछोरी सरह एउटै स्कूलमा अध्ययन गर्दछन् र छुवाछुत कहाँ के कति हुन्छ भनी प्रश्नावलीबाट आएको जानकारी अनुसार पनि सबभन्दा कम छुवाछुत विद्यालयमा हुने गरेको पाइयो । पहिले पहिले विद्यालयमा जाँदा सार्कीको छोरा छोरी भनेर अपहेलना गरिने गरेपनि अहिले त्यस्तो व्यवहार नगरिने अध्ययनमा पाइयो ।

करीव ४० वर्ष पहिले धर्म अनुसार वेद पुराणहरुको पढाइ हुने, संस्कृत शिक्षा मात्र लागु भएको थियो । त्यति बेला दलितले वेद पुराणहरु सुन्न नहुने, पढ्न नहुने, जस्ता परम्पराहरु थिए । यी विषय पढ्न लागेको ठाउँमा दलितहरु आए भने त्यहाँ पढाई नै रोकिन्थ्यो र दलित गए पछि मात्र पढाई सुचारु रुपले अगाडी बढ्दथ्यो । तर वर्तमान अवस्थामा यस्ता रुढीवादी परम्परामा परिवर्तन आएको छ । वर्तमान अवस्थामा दलितहरुले स्कूलमा गएर सजिलै पढ्न सक्छन् साथै चाहने हो भने संस्कृत शिक्षा आर्जन गर्न पनि धर्मले बाधा पुऱ्याउदैन सजिलै पढ्न सक्छन् ।

वृत्त चित्र नं. ७.१

शैक्षिक अवस्थामा परिवर्तन छ/छैन

जम्मा संख्या = ५०




स्रोत : स्थलगत सर्वेक्षण, २०६७

वृत्त चित्र नं. ७.१ बाट यो जानकारी हुन्छ की महिलाको शैक्षिक अवस्थामा परिवर्तन आएको छ भन्नेहरु सबैभन्दा धेरै ८० प्रतिशत रहेको छ भने छैन भन्नेको संख्या सबैभन्दा कम ४ प्रतिशत रहेको छ र थाहा छैन भन्नेको संख्या १६ प्रतिशत रहेको छ ।

स्थलगत अध्ययनमा आएको जानकारी अनुसार समाजमा आएको जनचेतनाको कारणले गर्दा शिक्षामा परिवर्तन आएको छ भन्नेको संख्या धेरै रहेको छ । छैन भन्नेको संख्या न्युन रहेको छ जुन अशिक्षित धेरै उमेरका रहेका छन । ५० वर्ष भन्दा माथिका उमेर समूहले थाहा छैन भन्ने जवाफ दिएको पाइयो ।

स्थलगत अध्ययनवाट थाहा हुन्छ की पहिले दलित महिलाले पढ्नु हुदैन भन्ने धारणा थियो । घरको काम गर्न सिके पुग्छ पढ्नु पर्दैन । छोरी मान्छेले पढेर केहि काम छैन, अरुको

घरमा जाने जात हो भन्ने जस्ता रुढीवादि धारणा थिए भने अहिले दलित महिलाहरु पनि पढेर अगाडि बढ्नु पर्दछ भन्ने धारणा आएको छ । दलित महिलालाई चुलो चौको मेलापातमा मात्र सिमित हुनुहुँदैन र छोरा सरह समान शिक्षा दिनु पर्दछ भन्ने धारणा आएको छ ।

तालिका नं.७.१

महिलाको शैक्षिक अवस्थामा परिवर्तन ल्याउने कारण

| क.श. | शिक्षामा परिवर्तन आउनको कारण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | सवैले छोरी लाई पढाउँदा पढाउनु पर्दछ भन्ने भएर | २० | ५० |
| २ | जनचेतनाले गर्दा | १३ | ३२.५ |
| ३ | सञ्चार माध्यमले गर्दा | ५ | १२.५ |
| ४ | छात्रवृत्तिको कारणले | २ | ५ |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन

नोट : शैक्षिक अवस्थामा परिवर्तन आएको छ भन्ने धारणा भएका ४० जना महिलालाई मात्र लिइएको ।

तालिका नं. ७.१ वाट जानकारी हुन्छ की शैक्षिक अवस्थामा परिवर्तन आउनको कारणमा सवैभन्दा धेरै २० जना महिलाले सवैले छोरीलाई पढाउँदा पढाउनु पर्दछ भन्ने भएर भन्ने जवाफ दिए जुन जम्मा संख्याको ५० प्रतिशत हुन आउछ । १३ जना महिला वाट जनचेतनाले गर्दा भन्ने जवाफ आयो जुन कुल संख्याको ३२.५ प्रतिशत हुन आउछ । ५ जना महिला वाट सञ्चार माध्यमले गर्दा भन्ने जवाफ आयो जुन कुलसंख्याको १२.५ प्रतिशत हुन आउँछ भने सवैभन्दा कम २ जनावाट छात्र वृत्तिको कारणले गर्दा भन्ने जवाफ आयो जुन कुलसंख्याको ५ प्रतिशत हुन आउँछ ।

स्थलगत अध्ययनमा दलित महिलाको शिक्षामा परिवर्तन आउनुको कारण के होला भनि प्रश्न गरिएको थियो । यस प्रश्नको जवाफ समग्रबाट यसरी आएको छ हाम्रो समाजमा पहिले जस्तो रुढीवादी परम्परा छैन यो परम्परा सबैले पढ्नु पर्दछ भन्ने प्रचार प्रसार भएको छ । जन चेतनाले गर्दा दलित महिलाले पनि पढ्नु पर्दछ भन्ने धारणा आएको छ । सञ्चार माध्यमहरुले पनि सवैले पढ्नु पर्दछ भन्ने विभिन्न कार्यक्रमहरु मार्फत पढ्न

उत्साहित गरेका हुन्छन् । दलित महिलाहरुलाई छात्रवृत्तिको व्यवस्था पनि सरकारले गरेको छ । यसले गर्दा पनि बाबु आमाले पढ्न स्कूल भर्ना गरिदिन्छन् । समाजमा सबैले छोरीलाई पढाउँदा पढ्नुपर्दछ भन्ने भएर पनि शैक्षिक अवस्थामा परिवर्तन आएको हो ।

तालिका नं.७.२

२० वर्ष पहिले र वर्तमानमा पढाइमा आएको परिवर्तनको कारण

| क्र.सं. | २० वर्ष पहिले | वर्तमान | संख्या | प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | लैङ्गिक कारण | लैङ्गिक भेदभावमा कमि | १५ | ३७.५ |
| २ | जनचेतनाको अभाव | जनचेतना फैलिनु | १० | २५ |
| ३ | धार्मिक कारण | धर्ममा आएको परिवर्तन | ५ | १२.५ |
| ४ | पढ्नु पर्दछ भन्ने धारणा नभएको | पढ्नुपर्दछ भन्ने धारणा भएको | ३ | ७.५ |
| ५ | छूवाछुतको कारण | छूवाछुतले पढाइलाई वाधा नगर्ने | ३ | ७.५ |
| ६ | स्कुल टाढा हुनु | स्कुल नजिक हुनु | २ | ५ |
| ७ | सन्तान धेरै जन्माउनु | सन्तान कम जन्माउनु | २ | ५ |
| जम्मा | | | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन

नोट : शैक्षिक अवस्थामा परिवर्तन आएकोछ भन्ने धारणा भएका ४० जना महिलालाई मात्र लिइएको

तालिका नं.७.२ अनुसार आमा र छोरीमा २० वर्ष पहिले र वर्तमानमा पढाइमा हुने लैङ्गिक असमानताको कारणले गर्दा छोरीलाई कम शिक्षा दिन्थे भने वर्तमानमा लैङ्गिक असमानतामा कमि आएको छ भन्नेको संख्या सबैभन्दा धेरै १५ जनाको रहेकोछ जुन जम्माको ३७.५ प्रतिशत हुन्छ । २० वर्ष पहिले चेतनाको कमि थियो वर्तमानमा चेतना फैलिएको छ भन्नेको संख्या १० रहेकोछ जुन जम्माको २५ प्रतिशत हुन्छ । २० वर्ष पहिले धार्मिक कारणले पढाइमा वाधा पर्दथ्यो भन्नेको संख्या ५ रहेको छ जुन कुल संख्याको १२.५ प्रतिशत हुन्छ । २० वर्ष पहिले पढ्नु पर्दछ भन्ने धारणामा कमी थियो भने वर्तमानमा पढ्नु पर्दछ भन्ने धारणा आएको छ भन्नेको संख्या ३ रहेको छ जुन जम्माको ७.५ प्रतिशत हुन्छ । २० वर्ष पहिले छुवाछुतको कारणले गर्दा पढाइलाई असर पर्दथ्यो भने वर्तमानमा स्कुलमा छुवाछुतको व्यवहार छैन भन्नेको संख्या ३ छ जुन जम्माको ७.५ प्रतिशत हुन्छ । २० वर्ष

पहिले सन्तानहरु पनि धेरै हुन्थे वर्तमानमा कम हुन्छन त्यसैले भन्नेको संख्या २ रहेको छ जुन जम्माको ५ प्रतिशत हुन्छ । २० वर्ष पहिले स्कुलहरु टाढा थिए वर्तमानमा स्कुलहरु नजिक नजिक हुन्छन त्यसैले भन्नेको संख्या २ रहेको छ जुन जम्माको ५ प्रतिशत हुन्छ ।

स्थलगत अध्ययनवाट जानकारी आए अनुसार ; हाम्रो पालामा छोरीलाई पढाउनु हुँदैन विहे गरेर अरुको घरमा जाने जात हो भन्ने धारणा थियो र हाम्रो जातिमा त झन उपल्ला जातिको घरमा गई काम गर्ने जात उपल्लो जातिलाई मालिक भनि सेवा गर्ने धारणा थियो । दलित महिलाले पढ्नु पर्दछ भन्ने कोही पनि थिएन । २० वर्ष पहिले स्कुलहरु पनि थोरै थिए । सन्तानहरु पनि धेरै हुने, जसले गर्दा खान नपुग्ने र उपल्लो जातिकोमा काम गर्न जानु पर्ने हुन्थ्यो । आमा काममा गए पछि घरको सम्पूर्ण काम गर्नुपर्ने भाइ बहिनी हेर्नुपर्ने हुँदा पढ्ने भन्ने कुरै हुदैनथ्यो । वर्तमानमा आएको जनचेतनाले गर्दा सन्तान पनि कम जन्माउने धारणा विकास भएको छ । स्कूल पनि नजिक नजिक रहेको छ । देशमा आएको जनचेतनाको कारणले गर्दा सबै महिलाले पढ्नु पर्दछ भन्ने धारणा आएको छ त्यसैले आमा र छोरीमा पढाइमा परिवर्तन आएको हो भन्ने थाहा भयो ।

### ७.२.१ पढ्नको लागी संघर्ष

सार्की जाति पनि पुरुष प्रधान भएकोले गर्दा छोरीलाई घरकोकाम वढी गर्नु पर्ने यथार्थ विद्यमान रहेको छ । त्यसैले यस जातिमा पनि छोरीलाई भन्दा छोरालाई वढी महत्व दिइन्छ । छोरालाई स्कुल पढाउन जति महत्व दिइन्छ छोरीलाई त्यतिदिइँदैन । यदि छोरी स्कुल जान्छन भने पनि स्कुल समयको अतिरिक्त घरायसी काम धन्दामा लाग्नु पर्ने हुन्छ । आज घरमा काम धेरै छ भने पनि छोरालाई स्कुल जान नरोकि छोरीलाइनै घर कुर्ने गाई वस्तुको स्याहार संभार गर्नु पर्ने ,संपूर्ण घरायसी कामको साथै ज्यालामा समेत काम गर्न जानु पर्ने हुन्छ । त्यसैले पढ्ने भनेको घरायसी कामको फुर्सदको समयमा मात्र देखिन्छ ।

तालिका नं.७.३

पढ्नको लागि संघर्ष

| क.सं. | संघर्ष | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | घरको काम सकेर स्कुल जानु पर्दथ्यो | ८ | ३६.३६ |
| २ | कापि कलम किन्न आफै ज्यालामा जानुपर्दथ्यो | ६ | २७.२७ |
| ३ | घरमा धेरैकाम हुँदा स्कुल जान पाइँदैनथ्यो | ५ | २२.७२ |
| ४ | विदाको दिन पनि ज्यालामा जानु पर्दथ्यो | ३ | १३.६३ |
| जम्मा | | २२ | १०० |

स्रोत : स्थलगत अध्ययन

नोट : शैक्षिक अवस्थामा परिवर्तन आएकोछ भन्नेधारणा भएका ४० जना महिलालाई मात्र लिइएको

तालिका नं.७.३ अनुसार घरको काम सकेर स्कुल जानु पर्दथ्यो भन्नेको संख्या ८ रहेको छ। यो जम्माको ३६.३६ प्रतिशत हुनआउँछ। कापि कलम आफै किन्न आफै ज्यालामा जानु पर्दथ्यो भन्नेको संख्या ६ रहेको छ जुन जम्माको २७.२७ प्रतिशत हुन्छ। घरमा धेरै काम हुँदा स्कुल जान पाइँदैनथ्यो भन्नेको संख्या ५ रहेको छ। जुन जम्माको २२.७२ प्रतिशत हुन्छ। विदाको दिन पनि ज्यालामा जानुपर्दर्थ्यो भन्नेको संख्या ३ रहेको छ। जुन जम्माको १३.६३ प्रतिशत हुन्छ।

अध्ययन स्थलमा ५० महिला मध्ये २२ जनाले पढेको पाइयो। यी महिलाहरुमा पनि धेरैले प्रा.वि. स्तरसम्म मात्र पढेको पाइयो। उच्च शिक्षा हासिल गर्न नसके पनि तीनिहरुले पढ्नको लागी संघर्ष नै गर्नु परेको बताए। धेरै महिलाहरु घरको काम सकेर स्कूल जानु पर्ने कापी कलम किन्नलाई आफै ज्यालामा काम गर्न जाने, विदाको दिनमा पनि उपल्लो जातिकोमा ज्यालामा जाने, घरमा धेरै काम हुँदा स्कूल नजाने अरुको घरमा काम गर्ने बताए।

पढ्नको लागि कस्तो संघर्ष गर्नु परेको रहेछ भन्ने वारे विस्तृत रुपमा जानकारी लिन पूर्ण कला नेपाली (नाम परीवर्तन गरीएको) संग लिइएको व्यक्तिगत अध्ययन

*" पूर्णकला नेपालीले कक्षा ३ उत्तीर्ण गर्नु भएको छ । उहाँले यो भन्दा धरै नपढ्नुको कारण माइतीमा आर्थिक अवस्था कमजोर भएकोले गर्दा, दलित महीलाले पढ्नु हुदैन भन्ने रुढीवादी मान्यता भएको कारणले गर्दा ,बाबु आमाले नपढाएर पढ्न नपाएको गुनासो गर्नुहुन्छ । यही ३ कक्षा उत्तीर्ण गर्दा सम्म पनि मैले धेरै दुःख गरेर पढें । स्कुलबिदाको दिन अरुकोमेलामा ज्यालामा जाने गर्दथें । घरमा धेरैकाम हुँदाको दिन स्कुलनै जान पाइँदैनथ्यो । बुवा आमाले नपढेपनि हुन्छ भन्नु हुन्थ्यो । त्यसैले मैले पढ्ने इच्छा हुँदाहुँदै पनि घरको काम गर्नु पर्ने बाध्यता भएको र पढ्ने उमेर मै विवाह भएकोले पढ्न पाइन । दलित महिलाहरुले पनि पढेर केही गर्नु पर्दछ,समाजमा अगाडी वढ्नु पर्दछ भन्ने धारणा उहाँको रहेको छ । यही सकारात्मक सोचाइले तथा आफूले धेरै नपढेर दुःख पाएको कारणले समाजमा पछि पर्नु परेकोले उहाँले छोरीलाई राम्रोसँग पढाउनु पर्दछ भन्ने धारणा राख्नु भएको छ । धेरै नपढेको कारणले गर्दा मैले जति दुःख भोगे पनि अब छोरीले त्यस्तो दुःख भोग्न नपरोस र केही आय मुलक काम गर्न सकोस भन्ने लाग्छ । हाम्रो दलित महिलाहरुले समाजमा छुवाछुतको भेदभाव साथै अन्य कारणहरुले गर्दा धेरै पछि पर्नु परेको छ । हामीले जति भेदभावहरु सहनुपरे पनि अबका हाम्रा सन्तानहरु पनि अरु महिला सरह होउन । हरेक क्षेत्रबाट अगाडि बढ्न सकुन भन्ने लाग्छ ।" पूर्णकला नेपाली (नाम परीवर्तन गरीएको )*

## ७.३ दलित महिलाको राजनीतिक अवस्था

यस समाजका दलित महिलाहरुको राजनैतिक स्थितिलाई हेर्दा ज्यादै न्यून अवस्था भएको पाइन्छ । यद्यपि विभिन्न राजनैतिक दलहरुले विभिन्न क्षेत्र तर्फ महिला सहभागिता कम्तीमा ३३ प्रतिशत पु¥याउने प्रतिबद्धता जाहेर गरे पनि हालसम्म यो प्रतिबद्धता शुद्ध रुपमा कार्यान्वयन भएको छैन । यहाँका दलित महिलाहरुले कुनै निर्वाचनमा स्थान पाएका छैनन् ।

अध्ययन स्थलका सार्की महिलाहरु अशिक्षाको कारणले गर्दा अन्य समाजका महिलाले जत्तिकै राजनीतिक चेतना पाएका छैनन् । यस समाजमा केही शिक्षित महिलामा र केही साक्षर महिलामा राजनीतिक चेतना थोरै मात्र आएको छ । अहिलेको देशमा भएको महिला शिक्षा,महिला कोटा सम्बन्धि व्यवस्थाको कारणले गर्दा पनि यहाँका महिलाले राजनीति गर्नुपर्दछ भन्ने बारेमा चेतना आएको पाइन्छ ।

तालिका नं. ७.४

दलित महिलाको राजनीति सम्बन्धि धारणा

| क्र.स. | धारणा | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | गर्नु पर्दछ | २८ | ५६ |
| २ | गर्नु पर्दैन | १० | २० |
| ३ | थाहा छैन | १२ | २४ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ७.४ अनुसार दलित महिलाले राजनीति गर्नु पर्दछ भन्नेको संख्या २८ रहेको छ जुन कुल प्रतिशतको ५६ हुन्छ । गर्नु पर्दैन भन्नेको संख्या १० रहेको छ जुन कुल संख्याको २० प्रतिशत हुन आउछ । थाहा छैन भन्नेको संख्या १२ रहेको छ जुन कुल संख्याको २४ प्रतिशत हुन्छ ।

अध्ययन स्थलका ५० महिला मध्ये दलित महिलाले राजनीति गर्नु पर्दछ भन्नेको संख्या धेरै रहेको छ । ति महिलाहरु साक्षर तथा पढेका रहेका छन । गर्नु पर्दैन भन्नेहरु उमेर धेरै भएका र नपढेका छन् । थाहा छैन भन्नेहरु पनि नपढेकै रहेको पाइयो ।

तालिका नं.७.५

दलित महिलाले राजनीति गर्नु पर्ने कारण

| क्र.सं. | कारण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | इज्जत मान बढ्छ | ५ | १७.८५ |
| २ | दलितको पक्षमा निर्णय गर्न पाइन्छ | १२ | ४२.८५ |
| ३ | आफ्नो वर्गको समस्या राख्न पाइन्छ | ६ | २१.४२ |
| ४ | साधन र स्रोतमा पहुँच बढछ | ५ | १७.८५ |
| जम्मा | | २८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट :राजनीति गर्नु पर्दछ भन्ने धारणा भएका महिलाहरुलाई मात्र लिइएको)

तालिका नं.७.५ अनुसार राजनीतिमा भाग लिएमा के फाइदा हुन्छ भन्ने प्रश्नको उत्तरमा इज्जत मान बढ्छ भन्नेको संख्या ५ रहेको छ जुन कुल संख्याको १७.८५ प्रतिशत हुन्छ । दलितको पक्षमा निर्णय गर्न पाइन्छ भन्नेको संख्या १२ रहेको छ जुन कुल संख्याको

४२.८५ प्रतिशत हुन्छ । आफ्नो वर्गको समस्या राख्न पाइन्छ भन्नेको संख्या ६ रहेको छ जुन कुल संख्याको २१.४२ प्रतिशत हुन्छ । साधन र श्रोतमा पहुँच बढ्छ भन्नेको संख्या ५ रहेको छ जुन कुल संख्याको १७.८५ प्रतिशत हुन्छ ।

स्थलगत अध्ययनवाट आएको जानकारी अनुसार यहाँका धेरै महिलाले राजनीतिमा भाग लिएमा दलित महिलाको पक्षमा निर्णय गर्न पाइन्छ भन्ने कुरालाई व्यक्त गरेका छन । आफू राजनीतिमा सहभागी भइयो भने समस्या राख्न पाइने थियो की जसको कारणले हाम्रो आर्थिक स्थितिलाई सहयोग पुऱ्याउने थियो भन्ने धारणा यहाँका महिलाको रहेकोछ । इज्जत मान बढ्छ भन्ने पनि केही महिलाको धारणा थियो । इज्जत मान बढाउनकोलागि भएपनि राजनीतिमा सहभागी हुनुपर्ने दलित महिलाको धारणा थियो । आफू राजनीतिमा सहभागी भैसकेपछि आफ्नो वर्गको समस्या राख्न पाइन्छ भन्ने धारणा केही महिलामा पाइयो भने राजनीतिमा सहभागी भैसकेपछि स्रोत साधनमा पहुँच बढ्छ भन्ने पनि केहीको धारणा थियो । दलित महिलामा आएको शैक्षिक परिवर्तनको कारणले गर्दा पनि राजनीति गर्नू पर्छ दलित महिला पनि अगाडी बढ्नु पर्दछ भन्ने धारणामा परिवर्तन आएको पाइयो ।

अध्याय सातबाट अध्ययन स्थलका सार्की महिलाहरुमा पहिले गरिने छुवाछुत व्यवहार कस्तो थियो । अहिले कस्तो छ । शिक्षाको अवस्थामा २० वर्ष पहिले र वर्तमानमा के परिवर्तन भयो । आमा र छोरीबिच पढाइमा के कस्तो परिवर्तन आयो । राजनीति सम्वन्धि धारणामा कस्तो परिवर्तन पाइयो जस्ता कुराहरु समाबेश भएका छन् । भने अन्तिम अध्याय तथा अध्याय आठमा सारांश र निष्कर्ष  पेश गरिने छ ।

# अध्याय – आठ

## सारांश र निष्कर्ष

यस शोधको मुख्य उद्देश्य हर्दिनेटा गा.वि.स वडा नं. १,२ र ३ मा बसोबास गर्ने सार्की जातिका महिलाको शैक्षिक अवस्थाको यथार्थ अध्ययन गर्नु रहेको थियो । नेपालमा छरिएर रहेका अनेकौ जातजातिको आफ्ना-आफ्नै सामाजिक तथा आर्थिक अवस्था विद्यमान रहेकोमा यस क्षेत्रका सार्कीहरुले पनि यस्तै आफ्नोपनको परिचय दिइरहेका छन् । यस अध्ययनको शिलशिलमा २०६७ पुस/माघ महिनामा स्थलगत सर्वेक्षण गर्ने कार्य गरी सार्की समुदायसँग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अर्न्तगत अवलोकन, प्रश्नसूची द्वारा अन्तरवार्ता, व्यक्तिगत अध्ययन र द्बितिय तथ्यांक संकलन विधि अर्न्तगत गा.वि.स.ले गरेको विभिन्न सर्भेक्षण, विद्यालयको शैक्षिक विवरण, विभिन्न विद्वानबाट प्रकाशित पुस्तक, लेख रचना, जस्ता सामाग्री प्रयोग गरियो । तथ्यांकको अनुसन्धानको उद्देश्य अनुरुप उनीहरुको शैक्षिक पक्षका विभिन्न तह हरुका सम्बन्धमा अध्ययन गरियो ।

## ८.१ सारांश

तथ्याङ्क संकलनको क्रममा प्राप्त यथार्थको सारांश निम्नअनुसार प्रस्तुत गरिएको छ ।

१) अध्ययन क्षेत्रका सार्की महिलाहरु १८ देखि ६० वर्ष सम्म उमेर भएका छन ।

२) अध्ययन क्षेत्रका सार्की समुदायले परम्परागत पेशा (छालाको काम) छोडी कृषि कार्य, पशुपालन तथा ज्याला मजदुरीमा रहेको पाइन्छ ।

३) आफ्नो खेतबारीमा कृषि कार्य गरी ४८ प्रतिशतलाई छ महिना खान पुग्ने देखियो । २४ प्रतिशतलाई १ वर्ष खान पुग्ने देखियो । १६ प्रतिशतलाई ३ महिना खान पुग्ने देखियो । १० प्रतिशतलाई १ महिना खान पुग्ने देखिनुका साथै २ प्रतिशतको खेती नभएको पाइयो ।

४) सार्की पुरुषहरुको तुलनामा सार्की महिलाहरु नै कृषि क्षेत्रमा बढी लाग्ने गरेको पाइयो । जसको कारण पुरुषहरु विभिन्न रोजगारीको शिलशिलामा बाहिर जानुले गर्दा हो ।

५) यस समाजमा छुवाछुतमा केही परिवर्तन आए पनि यो धारणा पूर्ण रुपमा नहटेको जानकारी आयो ।

६) बिरामी पर्दा अस्पताल जानु पर्दछ भन्नेको संख्या ८६ प्रतिशतको रहेपनि यीनीहरुले धामिझाक्रिमा विश्वास गरेको पाइयो ।

७) अध्ययन स्थलका सार्की समुदायको शैक्षिक स्थितिमा ७.१७ प्रतिशत निरक्षर, १३ प्रतिशत साक्षर, ३७.६६ प्रतिशत प्रा.वि., ३१.३९ प्रतिशत नि.मा.वि., ६.७२ प्रतिशत मा.वि., १.३४ प्रतिशत उच्च मा.वि. र २.६९ प्रतिशत बाल कक्षामा अध्ययन गरेको पाइयो ।

८) यस क्षेत्रका सार्की महिलाहरु विशेष गरि शिक्षाको सुनौलो अवसरबाट बञ्चित नै देखिन्छन् । अहिलेको समयमा चाहि आफ्ना नानीहरुलाई विद्यालय पठाउनु पर्दछ भन्ने केही चेतना भएको पाइन्छ ।

९) प्राय गरेर प्रौढ अवस्थाका सार्की महिलाहरु निरक्षर छन । जो कृषि तथा मजदुरी पेशामा लागेको पाइन्छ ।

१०) शिक्षीत महिला पनि कृषि तथा मजदुरी पेशामा नै लागेको पाइयो ।

११) अशिक्षा तथा चेतनाको कमीले गर्दा नै यहाँका सार्की महिलाहरु आय मुलक काममा लागेको पाइएन । जसले गर्दा यस क्षेत्रका सार्की महिलाहरुको आर्थिक अवस्था कमजोर देखिन्छ ।

१२) शिक्षीत महिलाहरुले नै आफ्नो परिवारलाई सु- मार्गमा लैजान सहयोग गर्दछ भन्ने कुरा त्यस क्षेत्रका दलित महिला वर्गले केही हद सम्म बुझ्केको र शिक्षालाई महत्व दिन थालेको पाइन्छ । जसको फलस्वरुप उनीहरुले आफ्ना छोरा छोरीलाई घरमा नराखी पढ्न पठाएका छन् ।

१३) धर्म परम्परा आर्थिक लगायतका कारणले गर्दा यहाँका महिलाले पढ्न नसकी उच्च शैक्षिक जनशक्ति र जातिय हितकालागि काम गर्ने सफल राजनीतिक कार्यकर्ताको अभावले गर्दा पनि यो जाति सामाजिक विभेदमा परेको पाइयो ।

१४) सार्की परिवारमा महिलाको शिक्षाप्रति झुकाव बढ्दै गएको पाइएको छ । ५० घर परिवारका सार्की समुदायमा सबै घरपरिवारका बच्चा बच्ची स्कूल गएको पाइयो ।

१५) उत्तरदाताहरुको एकात्मक परिवारमा संस्कृतिकरण भएको पाइन्छ । हुनत यहाँ एक परिवार मै धेरै सदस्यहरु छन् यसको कारणमा अत्यधिक बच्चा जम्माउने प्रवृत्ति हो जे जस्तो भए पनि एकल परिवारको धारणा विकास भएको छ । यसमा आर्थिक तथा सामाजिक दुवै तत्वले उत्तिकै काम गर्दछ । केही सार्की परिवारका सदस्यहरु संयुक्त परिवारमा इज्जत हुने अरुले नहेप्ने कुरा बताउछन् । ठूलो परिवार नै राम्रो भन्दछन् ।

१६) घर, होटल, पसल, मठ मन्दिर हुदै सार्वजनिक स्थल र अस्पताल सम्म नै रहेका जातिय भेदभावले गर्दा यीनिहरुको सामाजिक स्थिति दयनिय रहेको पाइन्छ ।

१७) कानुनमा भेदभाव गरिदैन भने तापनि कानूनी अधिकारलाई प्रचलन गराउन नसकेको तितो सत्यलाई पनि उनीहरु स्वीकार्दछन् ।

१८) यहाँका सार्की महिलाहरुमा विस्तारै सामाजिक, राजनीतिक चेतना आउन थाले पनि यथार्थमा अन्य जातिमा आएको परिवर्तन यिनिहरुमा आउन सकेको छैन । जुन कुरा अध्ययन क्षेत्रका ५० महिला मध्ये ५६ प्रतिशत निरक्षर र ४४ साक्षर भएको स्पष्ट हुन्छ । ४४ प्रतिशत महिला साक्षर रहेतापनि जम्मा २ प्रतिशत महिलाले मात्र उच्च शिक्षा हासिल गरेको पाइन्छ । धेरैले प्रा.वि. स्तर मै पढ्न छोडेको पाइयो ।

१९) विभिन्न कोणबाट विश्लेषण गर्दा पनि यहाका सार्कीहरुले खान लगाउनका लागि नै जीवनमा अनेकौ कष्ट उठाउनु पर्ने भएकोले राष्ट्र वा समाजले त्यो वर्गबाट के अपेक्षा गर्न सक्ला आज राजनीतिक क्षेत्र देखी आर्थिक क्षेत्रमा सरीक गराई राष्ट्रको मूल प्रवाहमा ल्याउनु पर्ने नागरिकलाई हातमुख जोर्न धौं धौं परेको छ ।

## ८.२ निष्कर्ष

राष्ट्रिय रुपमा महिलाहरु पिछडिएको र लैङ्गिक विभेदको जगेडामा रहेको अवस्थामा दलित महिलाको अवस्था अझ नाजुक रहेको पाइन्छ । सार्की महिलाहरु आफ्नो समुदायभित्र दुःख सुख परिवारमा मिलेर र लोग्ने स्वास्नी बिच आपसी समझदारी रहेतापनि अन्य जातिको तुलनामा हेर्दा जातिय शोषण छुवाछुत, कानूनी अनविज्ञता, चेतनाको कमी, साक्षरताको कमी, स्रोत र साधनहरुमा कम पहुँच, राज्यद्वारा व्यवस्थित भएका कानुनी व्यवस्थामा जानकारी नहुनु सबै जातिय दमन र छुवाछुतको कारक तत्वको रुपमा देखिएको छ । समाजमा अन्य जातिले हेपाहा प्रवृत्तिले हेर्नु आर्थिक अवस्था कमजोर हुनाले हली प्रथा, ज्याला मजदुरीमा भर पर्नुपर्ने, आर्थिक उपार्जनको स्रोत नहुनु, तागाधारी र मतवाली महिलाहरु भन्दा सार्की महिलाहरुले बढी बच्चा जन्माउने र स्याहार्ने हुनाले स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरेको पाइन्छ । दलित सार्की महिलाहरुको कामको उचित मुल्याङ्कन नहुँदा,पारिश्रमिक पाउन सकेका छैनन् । दलित महिलाहरुले दलित पुरुषले सरह काम गरे तापनि पारिश्रमिक भने पुरुष सरह पाउदैनन् । प्राथमिक तह सम्म विद्यालय जाने प्रत्येक घरबाट भए पनि उच्च माध्यमिक तहमा पुग्दा १ जना मात्र महिला रहेकी छन् । यसको मूल कारणमा दलितले पढेर कुनै सेवामा प्रवेश गरेको नदेखिनु, घरको आर्थिक अवस्थाले धान्न नसक्नु र गरिबीको कारणले विद्यालय छाड्ने अवस्था पनि आउने गरेको छ । यहाँका दलित महिलाहरु पौरखी परिश्रमी भएर पनि राम्रो आय आर्जन छैन । उहाँहरुको जग्गा

जमीन कमी छ , भएको पनि उत्पादनशिल छैन त्यसैले उहाँहरु ज्याला मजदुरीमा भर पर्नु पर्ने हुन्छ । नेपालमा महिलाहरुलाई पितृसत्तात्मक कारणले दोस्रो दर्जाको नागरिकको व्यवहार गर्ने गरिएको छ । त्यसैले सबै महिलाहरु उत्पिडित छन् तर माथिल्ला जातका महिला र दलित महिला बिच सामाजिक रुपमा फरक के छ भने दलित महिलाहरु सधैंभरी छुवाछुतको दुर्व्यवहारका शिकार भइरहेका छन् । तर लैङ्गिक सहभागिताको कुरा गर्दा केवल सामाजिक स्वतन्त्रता एवं घर बाहिरको घुमफिरमा स्वतन्त्रतालाई जात, वर्ग, धर्मले मात्र प्रभाव नपारी गरीवीले पनि महत्वपूर्ण भूमिका खेलेको पाइयो । हाम्रो पितृसत्तामक व्यवस्थालाई मजबुद बनाउने एउटा भरपर्दो माध्यम शिक्षा पनि हो । पारिवारिक सन्तुलन मिलाई राख्न पनि पुरुषहरुलाई बढी जिम्मेवारी र अधिकार दिइने र महिला अधिनस्थ हुनुपर्ने सामाजिकीकरण प्रक्रियालाई अगाडी बढाइन्छ । पारिवारिक सन्तुलन विग्रेमा त्यसकोलागी महिलालाई उत्तरदायी बनाइने लेख्न र पढ्न जान्ने शिक्षित महिला विग्रन्छ भन्ने गलत मान्यता यद्यपी अहिले पनि पाइन्छ । महिला शिक्षित भए भने राम्रो पारिवारिक व्यवस्थापन र योजना निर्माण गर्न सक्दछन् भन्ने मान्यता स्वीकार गर्न सकिएको छैन ।

# सन्दर्भ ग्रन्थ सूची

## नेपालीमा


अर्न्तराष्ट्रिय श्रमसंगठन : १९८२, संयुक्त राष्ट्रसंघ

आचार्य मीना : २०४१,राष्ट्रिय बिकास र नेपाली आइमाई एउटा नयाँ सन्दर्भ,युनिसेफ नेपाल

आचार्य रामचन्द्र :२०५७, सार्की जातिको सामाजिक आर्थिक अबस्था शोधपत्र, पाटन संयुक्त क्याम्पस

किसान याम बहादुर :२००६ दलित शक्तिकरणका लागि राज्यले अपनाउनु पर्ने नीतिहरु, जातिय भेदभावविरुद्द राष्ट्रियमञ्च वागवजार,काठमाण्डौ नेपाल

कोइराला डा.विद्यानाथ : २०६३, दलित महिलाको शिक्षा दिक्षा, दलित महिला संघ के.का.कुपण्डोल,ललितपुर

खत्री प्रेम कुमार : २०४४,नेपाली समाज र संस्कृति, पाठ्यक्रम विकास केन्द्र

खुलेर बोलौ....विभेदलाई रोकौं :२०६७ मस्यौदा कानुन सम्बन्धी खुल्ला सम्वाद श्रृंखला

गुरुङ्ग डा.हर्क : २०६५,बहिष्करणदेखि समावेशीकरणसम्म,सामाजिक समावेशीकरण अनुसन्धान कोष, एस.एन.भी. काठमाण्डौ, नेपाल

घिमिरे युवराज :२०६४,नयाँ नेपालमा दलित महिला, दलित महिलासंघ कुपण्डोल,ललितपुर

चौधरी, परशुनारायण :२०६२, दलित समुदाय पछाडी पर्नु भनेको समाजनै अपाङ्ग हुनु हो, दलित महिला संघ कुपण्डोल,ललितपुर

चौलागाई तिलक प्रसाद, श्रेष्ठ डा. केशवकुमार, सापकोटा केशवराज : २०६६,लैङ्गिक अध्ययन, एकेडेमिक बुक सेन्टर कीर्तिपुर, काठमाण्डौ ,नेपाल

ताम्राकार टेकः २०६३ नेपालमा दलित महिला, दलित महिला संघ के.का. कुपण्डोल, ललितपुर

तुम्बाहाङ्फे शिवमाया : २०५९, नेपालमा महिला आन्दोलन, अखिल नेपाल महिला संघ, नेपाल

नेपालका तराई दलितहरुको जातिय अध्ययनः २००६ जनवरी नेपाल राष्ट्रिय दलित समाज कल्याण संघकेन्द्रिय कार्यालय,बखुण्डोल ललितपुर

पन्थ शंकर प्रसाद,नवराज, खिमलाल : २०६१,हर्दिनेटा गा.वि.स. गुल्मीको चिनारी, रेसुङ्गा अफसेट प्रेस,तम्घास, खानीगाउँ

पराजुली डा.महेशनाथ :२०६३,राज्यको पुनः संरचनामा दलित सहभागिता, त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र

प्रश्रित,मोदनाथ : २०५८, मानवताको कलङ्क जातपात र छुवाछुत प्रथा किरण पुस्तकालय, तम्घास गुल्मी

प्रश्रित,मोदनाथ : २०५३ नेपालमा जातीय छुवाछुत, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), केन्द्रिय कार्यालय, काठमाडौं,

बुढाथोकी चन्द्र विक्रम : २०३९,जयस्थिति मल्लको सुधार, साझा प्रकाशन,

भट्टचन कृष्ण बहादुर : २०६२ नेपालमा दलित महिलाको स्थिति, दलित महिला संघ कुपण्डोल,लतिलपुर

राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल : २०६१,गुल्मी जिल्लाका गा.बि.स.स्तरिय तथ्याङ्क र नक्साहरु,अनामनगर काठमाण्डौ

लाम्गादे भोजमान :२०६१, जातिय विभेदको विश्वब्यापी सन्दर्भ, नेपालमा दलित मानव अधिकारको अवस्था २००४ र कानुनी व्यवस्था,जन उत्थान प्रतिष्ठान न्यूप्लाजा,पुतली सडक काठमाण्डु

विष्ट डोर बहादुर : २०३०, सबै जातको फूलबारी, साझा प्रकासन

विश्वकर्मा रत्नबहादुर :२०५७, दलित मुक्तिको प्रश्न,

विश्वकर्मा,हिरा : २०६३, दलित महिलाका सवाल र तिनका समाधान, दलित महिलासंघ के.का.कुपण्डोल,लतिलपुर

विश्वकर्मा, पद्मलाल : २०६३:९५ दलित आन्दोलनमा दलित महिला, दलित महिला संघ के.का.कुपण्डोल,लतिलपुर

विश्वकर्मा कमला : २०६४ हामी दलित महिला अधिकारमा प्रतिवद्ध छौ, दलित महिला संघ कुपण्डोल,लतिलपुर

विश्वकर्मा डी.वि.सागर :२०६२ महिला भित्र पनि दलित महिलाको कुरा उठाउनु पर्दछ , दलित महिला संघ कुपण्डोल,लतिलपुर

शर्मा जनकलाल :२०३९ हाम्रो समाज एक अध्ययन, साझा प्रकासन काठमाण्डौं

सापकोटा डा.केशव प्रसाद :२०००, नेपालमा दलित उत्थानका रणनीति,सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज धोबीघाट, ललितपूर,काठमाण्डौ, नेपाल

सिंजापति रेणु : २०६२, एक्काइसौं शताब्दी र दलित महिलाका चुनौतीहरु,दलित महिला संघ कुपण्डोल,लतिलपुर

सुवेदी डा. राजाराम : २०५५ गुल्मीको ऐतिहासिक झलक,किरण पुश्तकालय,तम्घास, गुल्मी

सुवेदी, भिष्म प्रसाद : २०५३,पृ.१८ गुल्मीको परिचय हाम्रो पुरुषार्थ

सुबेदी प्रतिमा :२०३१,पृ.७१५ महिला पुरुष समबिकासको आधार २०५९,सूचना बिभाग, नारी चेतना केन्द्र नेपाल ज्ञानेश्वर,काठमाण्डौ

सेरिड :२०६३ सबैका लागी शिक्षा २००४-०९ ,अनुसन्धान प्रतिवेदनहरुको सारसंक्षेप-२, त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र

सोब दुर्गा :२०६३, नेपालमा महिला आन्दोलन र दलित महिला, दलित महिला संघ के.का.कुपण्डोल,ललितपुर

हाडा भुपेन्द्र :२०४८, विकासको निम्ति शिक्षा , त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र त्रिपुरेश्वर ,काठमाडौं ,नेपाल

अंग्रेजीमा


Acharya Meena: 1997 Gender Equlity and employment of Women, (CEDA)

Bista Dor Bahadur : 1972, People of Nepal, Ratna pustak Bhandar kahmandu 2nd Edition .

Bista Dor Bahadur : 1991, Fatalism and Development, Orient Longman

Bista Dor Bahadur : 1989 ,The Structure of Nepali Society, CNAS

Blaikie P., Cameron J. : 1980, Nepal in Crisis, Oxford University.

Blaikie P., Cameron J., Seddon D : 1970, Peasant and Workers in Nepal ,Vikas publiating House PVT.LTD delhi.

Budhathoki Shobhakar : 2066, Strategic plan: 2009- 2014, National Dalit Commission,Kathmandu

Camaron Mary M.: 1998, On the edge of the auspicious, gender and caste in Nepal,Urbana University Of lllinois press .

Caplan A.P. : 1972, Priest and Cobbler, London Intertext Book.

Folmar, Steven : 2007, Identity Politics among dalits in Nepal, vol 27, Himsayan the journal of association for Nepal

Gaige F. : 1975, Regionalism and National Unity in Nepal, University Of california press

Ghimire Sujan: 2005, Women and irrigation in Nepal:Context, issues And Prospects, Central department of sociology ,TU,Kirtipur, Kathmandu Nepal.

Gurung Dr. Harka : 2003, Janajati and Dalit : The Subjugates in Governance, Readings on Governance and Development , Vol II.

Macdonald : 1975, The Ethnology of Nepal and South Asia, Ratna pustak Bhandar, Kathmandu.

Mikesell Stephen L. : 1988, Class, State and Struggle in Nepal, University of Wisconsin Madision USA.

Pokhrel Binod: 2001, Gender Roles and activities among the Rural poor, Household, Case studies from Hill Villages, In occasional papers in Sociology and Anthropogy Vol.VIIp.65-82.Central Department of Sociology and Anthropology, T.U.Kirtipur, Nepal .

Ritzer George : 2000, sociological Theory , Mcgraw-Hill International editions

South Asian women's network :2010, women's movement in south Asia,South Asian Net.activism public

Rawal, Nabin :- 2008, Social Inclusion and Exclusion : A Review Dhaulagiri Journal of sociology and Anthropology .

Shrama Prayag Raj : 1977, Social Movility and Sanskritization, Kailash Magazine .

# शोधपत्र तयारीको लागि प्रयोग गरिएको प्रश्नावली

१) व्यक्तिगत सूचना

मिति :

नाम : वर्ष :

धर्म : वडा नं. :

गा.वि.स : गाउँ :

पेशा :

२) वैवाहिक स्थिति

क) विवाहित ☐

ख) अविवाहित ☐

ग) विधवा ☐

घ) छोडपत्र दिएको ☐

ङ) छुट्टै बसेको

च) अन्य ☐ ☐

३) परिवारको किसिम

क) वृहत संयुक्त परिवार ☐

ख) संयुक्त परिवार ☐

ग) एकात्मक परिवार ☐

१) तपाईको मुख्य पेशा के हो ?

क) छालाको काम ☐ ख) कृषि ☐ ग) नोकरी घ) मजदुरी ☐ ङ) अन्य ☐

२) तपाइको खेतीले कति सम्म गुजारा चल्छ ?

क) १ वर्ष ☐ ख) ६ महिना ☐ ग) ३ महिना ☐ घ) १ महिना ☐

३) तपाईको परिवारमा कृषि क्षेत्रमा महिला पुरुष कसको बढी योगदान छ ?

क) महिला ☐ ख) पुरुष ☐ ग) दुवै ☐

४) तपाईले घरमा पशुपक्षिहरु के के पाल्नुभएको छ ?

क) गाइ, गोरु ☐ ख) भैसी ☐ ग) बाखा ☐ घ) सुगुर ☐ ङ) कुखुरा ☐

५) तपाईको समाजमा छुवाछुतको व्यवहार छ ?

क) छ ☐ ख) छैन ☐

६) छुवाछुतको व्यवहार हुनुमा तपाइलाई के ले जस्तो लाग्छ ?

क) धर्म परम्परा ☐ ख) उचनिच जात ☐ ग) जनचेतनाको अभाव ☐

७) तपाईलाई कुन कुन ठाउँमा छुवाछुत गर्दछन् ?

क) घर ☐ ख) सार्वजनिक स्थल ☐ ग) अन्य ☐

८) सार्वजनिक स्थल मध्ये तपाईलाई कुन-कुन ठाउमा छुवाछुत गरिन्छ ?

क) मठमन्दिर ☐ ख) विद्यालय ☐ ग) होटल ☐ घ) अन्य ☐

९) तपाईलाई स्वास्थ्य सम्बन्धि जानकारी छ ?

क) छ ☐ ख) छैन ☐

१०) तपाईले स्वास्थ्य सम्बन्धि जानकारीलिनु भएको छ भने कोसँग लिनु भएको छ।

क) स्वयंसेविका ☐ ख) डाक्टर ☐ ग) नर्स ☐

११) तपाईको घर नजिकै कस्तो खालको स्वास्थ्य संस्था छ ?

क) स्वास्थ्य चौकी ☐ ख) उप-स्वास्थ्य चौकी ☐ ग) अस्पताल ☐ घ) कुनै पनि छैन ☐

१२) तपाईको परिवारको सदस्य विरामी हुदा औषधि गर्न कहाँ जानुहुन्छ ?

क) डाक्टर ☐ ख) धामी झाक्री ☐

१३) भूतप्रेत र धामी, बोक्सी हुन्छ भन्ने कुरामा कत्तिको विश्वास लाग्छ ?

क) विश्वास लाग्छ ☐ ख) विश्वास लाग्दैन ☐ ग) थाहा छैन ☐

१४) तपाईको आफ्नो प्रयोगकोलागि शौचालय बनाउनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

१५) तपाईको छोराछोरी शिक्षित भएर तपाईको परिवारमा उपचार पद्दतिमा परिवर्तन आएको छ की छैन ?

क) छ ☐ ख) छैन ☐

१६) छ भने कस्तो परिवर्तन आएको छ ?

१७) तपाईको परिवारका सदस्यको शैक्षिक अवस्था कस्तो छ ?

| **क.स.** | **नाता** | **शैक्षिक योग्यता** | **पुरुष** | **महिला** |
|---|---|---|---|---|
| १ | ससुरा | साक्षर | | |
| २ | सासु | निरक्षर | | |
| ३ | श्रीमान | प्रा.वि. | | |
| ४ | आफू | नि.मा.वि. | | |
| ५ | छोरा | मा.वि | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | छोरी | प्रमाणपत्र तह | | |
| ७ | बुहारी | स्नातक तह | | |
| ८ | नाती | अन्य | | |
| ९ | नातिनी | - | | |

१८) तपाईको कति जना पढ्ने उमेरका छोरी छन् ?(पढ्ने उमेर भन्नाले ६ वर्षदेखि लिइएको छ)

१९) सबै छोरीलाई स्कूल पठाउनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

२०) तपाइको विचारमा छोरीलाई स्कूल पठाउन आवश्यक छ ?

क) आवश्यक छ ☐ ख) आवश्यक छैन ☐ ग) थाहा छैन ☐

२१) यदी आवश्यक छैन भने किन जस्तो लाग्छ ?

क) विहे गरेर जाने भएकाले ☐ ख) भाइ बहिनी हेर्नु पर्ने भएकाले ☐

ग) छोरीले घरमा धेरै काम गर्नु पर्ने भएकोले ☐ घ) अन्य ☐

२२) छोराछोरी स्कूल जादा कुन जातिसँग हिड्छन् ?

क) आफ्नै जातिसँग ☐ ख) माथिल्लो जातिसँग ☐ ग) दुवै ☐

२३) तपाईको बच्चा बच्चीलाई विद्यालयमा शिक्षक शिक्षीकाले कस्तो व्यवहार गर्दछन् ?

क) समान व्यवहार गर्दछन् ☐ ख) भेदभाव गर्दछन् ☐ ग) थाहा छैन ☐

२४) तपाईले छोरीलाई कुन स्कुलमा पढाउनु भएको छ ?

क) सरकारी स्कूल ☐ ख) बोडिङ्ग स्कूल ☐ ग) अन्य ☐

२५) तपाईले छोरीलाई पढाएको स्कूलमा छुवाछुतको व्यवहार छ की छैन ?

२६) छोरीहरु स्कूलबाट घर फर्के पछि के गर्छन ?

२७) तपाईले छोरीको पढाइमा सहयोग गरिदिनु भएको छ ?

क) छ ख) छैन

२८) छ भने कसरी सहयोग गर्नु भएको छ ?

क) गृहकार्य गराएर ख) नियमित अध्ययन गराएर ग) काममा छुट दिएर घ) अन्य

२९) पढेका छोरीहरु आय मूलक काममा लागेका छन् की छैनन् ?

क) छ ख) छैन

३०) यदी छन भने कुन पेशामा लागेका छन् ?

३१) तपाईले पढ्नु भएको छ ?

क) छ ख) छैन

३२) छैन भने के कारणले गर्दा पढ्न नपाउनु भएको हो ?

३३) यदी पढ्नु भएको छ भने कतिसम्म पढ्नु भएको छ ?

क) प्रौढ शिक्षा ख) प्रा.वि. ग) नि.मा.वि. घ) मा.वि. ङ) उच्च शिक्षा

च) अन्य

३४) यदी तपाईले पढ्दा पढ्दै बिचमा पढाइ छोड्नु भएको थियो ?

३५) थियो भने के कारणले गर्दा छोड्नु भएको थियो ?

क) घरकाले नपढाएर ख) आर्थिक अभावले ग) काम गर्नु पर्ने भए घ) स्कूल टाढा भएर

ङ) छोरीले पढ्नु पर्दैन भनेर च) पढाईको महत्व नबुझेर छ) छुवाछुतको कारणले

३६) तपाईले स्कूलमा कुन कुन ठाउँमा छुवाछुतको अवस्था भोग्नुभयो ?

क) सबै साथीसँग नबसेर छुट्टै बस्नु पर्दथ्यो । ख) पानी खादा अलग्ग बस्नु पर्दथ्यो ।

ग) खाजा खादा छुट्टै खानु पर्दथ्यो । घ) अन्य

३७) तपाईलाई स्कूलमा छुवाछुत सम्बन्धि धेरै भेदभाव का बाट हुन्थ्यो ?

क) शिक्षक शिक्षिकाबाट ख) साथीहरुबाट ग) प्रशासनबाट घ) अन्य

३८) तपाईले छुवाछुत विरुद्ध केही कदम चाल्नु भएको थियो ?

क) चालेको थिए ख) चालेको थिइन ग) चाहेर पनि बोल्न सकिन

३९) छुवाछुत विरुद्ध कदम चाल्नु भएको थियो भने कस्तो कदम चाल्नु भएको थियो ?

४०) छुवाछुत सम्बन्धि धारणामा पहिले र अहिलेमा कस्तो परिवर्तन पाउनु भएको छ ?

४१) समाजमा हुने शैक्षिक गतिविधिमा (जस्तै प्रौढ शिक्षा, स्वास्थ्य स्वयं सेविका तालिम) तपाई कत्तिको चासो राख्नुहुन्छ ?

क) धेरै नै छ ☐ ख) अलिअलि ☐ ग) छैन ☐

४२) तपाईको जातिमा महिलाको शैक्षिक अवस्थामा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

४३) छ भने समाजमा कस्तो खालको परिवर्तन आएको छ ?

४४) परिवर्तन आउनुको कारण के होला ?

४५) तपाई  र छोरीमा पढाइमा किन परिवर्तन आए होला जस्तो  लाग्छ ?

४६) धर्मको आधारमा तपाईलाई शैक्षिक क्षेत्रमा बाधा परेको छ की छैन ?

४७) तपाईले पढ्नकोलागी कस्तो संघर्ष गर्नु पर्‍यो ?

४८) तपाईको विचारमा दलित महिलाले शिक्षित भएपछि राजनीति  गर्नु पर्दछ जस्तो लाग्दछ की लाग्दैन ?

क) गर्नु पर्दछ ☐ ग) गर्नु पर्दैन ☐ ग) थाहा छैन ☐

४९) यदी गर्नु पर्दछ भने किन ?

क) इज्जत मान बढ्छ। ☐

ख) दलित महिलाको पक्षमा निर्णय गर्न पाइन्छ। ☐

ग) आफ्नो वर्गको समस्या राख्न पाइन्छ। ☐

घ) साधन र स्रोतमा पहुँच बढ्छ। ☐